कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# कालिन्चोक हाइड्रोपावर लिमिटेड

# Kalinchock Hydropower Limited

रजिष्टर्ड ठेगानाः  काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३, रानीबारी, काठमाण्डौ, नेपाल
फोन न. ०१-४९५८३३२
Email: kalinchwokhydro@gmail.com, Website: www.khpl.com.np

को

## प्रारम्भिक सार्वजनिक निष्काशन सम्बन्धी विवरणपत्र

(कम्पनी ऐन, २०६३ को दफा २३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अन्तर्गत प्रकाशित)

यस कम्पनीको कुल जारी पूँजी रु. ५५,००,००,०००/- को २५ प्रतिशत अर्थात रु. १३,७५,००,०००/- (अक्षरेपी तेह्र करोड पचहत्तर लाख रुपैयाँ) रकम बराबरको रु. १००/- अंकित दरका १३,७५,००० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । सो मध्ये जारी पूँजीको १० प्रतिशत अर्थात रु. ५,५०,००,०००/- (अक्षरेपी पाँच करोड पचास लाख रुपैया) रकम बराबरको रु. १०० अंकित दरका ५,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र दोलखा जिल्ला, बिगु गाउँपालिका वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका वडा नं. १ र २ का स्थानिय बासिन्दाहरुको लागि निष्काशन गरीएको र बाँकी रु. ८,२५,००,०००/- (अक्षरेपी आठ करोड पचीच्स लाख रुपैया) रकम बराबरको रु. १०० अंकित दरको ८,२५,००० कित्ता साधारण शेयर मध्ये १० प्रतिशत अर्थात ८२,५०० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि, ५ प्रतिशत अर्थात ४१,२५० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २ प्रतिशत अर्थात १६,५०० कित्ता साधारण शेयर कर्मचारीहरुका लागि सुरक्षित गरि बाँकी ६,८४,७५० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको छ । आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरु, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारीमा रहेका नेपाली नागरिक, कर्मचारी तथा सामुहिक लगानी कोषहरुका लागि छुट्याइएको शेयर सम्पुर्ण बिक्री नभए बराबरको शेयर सर्वसाधारण समुहमा थप गरि सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिनेछ ।

| आयोजना प्रभावित क्षेत्र | छुट्टाइएको प्रतिशत | छुट्टाइएको शेयर संख्या | पूँजी रकम (रु.) |
|---|---|---|---|
| दोलखा जिल्ला, बिगु गाउँपालिका वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका वडा नं. १ र २ | १० | ५,५०,००० | ५,५०,००,०००/- |

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मुल्य रु. १००/- का दरले शत्प्रतिशत भुक्तानी माग गरिएको**

### संक्षिप्त वित्तीय विवरण

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७९/८० (Restated) | २०८०/८१ | २०८१/८२ | २०८२/८३ पौष मसान्त | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९२.६३ | ९९.१४ | १०६.४९ | १०६.६५ | १०४.४२ | ११३.२९ | १२३.४३ |
| प्रति शेयर आम्दानी (रु.) | (०.७३) | ६.५१ | ७.०७ | १.४६ | ०.५३ | ८.८७ | १०.१३ |
| संचित नाफा/नोक्सान (रु.) | (१,६५,८६,३९४) | (१९,३४,७९४) | २,१४,०६,६८३ | २,७४,४१,१८४ | २,४३,२३,८०५ | ७,३१,१२,२४४ | १२,८८,५१,४५४ |

| आयोजनाको नाम/ उत्पादन क्षमता | कुल लागत रकम | प्रति मेगावाट लागत | विद्युत उत्पादन अनुमति प्राप्त मिति |
|---|---|---|---|
| साँगु (सोरुन) खोला जलविद्युत आयोजना (५ मे.वा) | १.२० अर्व | २४.१४ करोड | २०७६/१०/०१ |
| **अनुमति बहाल रहने अवधि** | **विद्युत उत्पादन अनुमतिको बाँकी अवधी** | **साधारण लगानी फिर्ता हुने अवधि** | **डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी** |
| २०७६/१०/०१ देखि २१११/०९/३० | २९ वर्ष ५ महिना | ९.१९ वर्ष | १५.३७ वर्ष |

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा (ग) ८. पृष्ठ १९ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

### क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण

यस कम्पनीलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले “[CARE-NP BB (Pronoucned CARE NP Issuer Rating Double B )" रेटिङ्ग सन् २०२४ जुलाई ०२ (मिति २०८१/०३/१८) मा प्रदान गरको छ । “[CARE-NP BB (Pronoucned CARE NP Issuer Rating Double B)" ले कम्पनीको वित्तिय दायित्व बहन गर्न क्षमता औसत जोखिम "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" जनाउँदछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले CARE-NP AAA देखि CARE-NP D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA ले सकारात्मक आधार जनाउँछ भने CARE-NP D ले नकारात्मक आधारहरू जनाउँछ। यस सम्बन्धी विवरणपत्रको दफा ग.२२ (ट) पृष्ठ ४३ मा उल्लेख गरिएको छ । रेटिङ्ग प्रदान गरेको मितिः सन् २०२५ जुन १७ (मिति २०८२/०३/०३) र रेटिङ्ग बहाल रहने अवधि : सन् २०२६ जुलाई ०६ (मिति २०८३/०३/२२) सम्म ।

संस्थापक, कर्मचारी तथा आयोजना प्रभावित क्षेत्र दोलखा जिल्ला, बिगु गाउँपालिका वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका वडा नं. १ र २ का स्थानिय बासिन्दाका लागि बाँडफाँड गरिएको/गरिने शेयर सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पुरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन । सामुहिक लागनी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम सामुहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले ६ महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैनन ।

आयोजना प्रभावित, कर्मचारी र संस्थापक शेयरधनीका एकाघरको सदस्यले प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पुर्व संस्थाको शेयर प्राप्त गरेका शेयरधनीले प्रारम्भिक सार्वजनिक निष्काशनको क्रममा दरखास्त दिन पाउने छैनन ।

विद्युत नियमन आयोगको पूर्व स्विकृति सम्बन्धी विवरण : यस निष्काशनलाई विद्युत नियमन आयोगले मिति २०८२/०९/२३ गते च.नं. ६५८ प.सं. ०८२/०८३ को पत्रबाट सहमति प्रदान गरेको छ ।

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मितिः २०८२/१०/१९ | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८२/१०/२५ |
| **आयोजना प्रभावित क्षेत्रका वासिन्दाका लागि** | **वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि** |
| धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८२/११/१३ | धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८२/११/१३ |
| धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८२/११/२७ | धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८२/११/१७ |
| धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८२/१२/१२ | धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८२/११/२७ |

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

आरविवि मर्चेन्ट बैंकिङ्ग लि.
RBB MERCHANT BANKING LTD.
A subsidiary company of Rastriya Banijya Bank Ltd.

**आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड**
पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ, नेपाल
फोनः ५३४३२६५/५३४०९३२/५३४०९३३, फ्याक्सः ५३४५०१८
E-mail: rbbmbl@rbbmbl.com.np

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा

**क)** **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्भनु पर्छ।

**ख)** **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौं सम्भनु पर्दछ।

**ग)** **"कम्पनी वा संगठित संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी कालिन्चोक हाइड्रोपावर लिमिटेडलाई सम्भनु पर्दछ।

**घ)** **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनका लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्भनु पर्दछ।

**ङ)** **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्नका लागि तोकिएको बैंकलाई सम्भनु पर्दछ।

**च)** **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्भनु पर्दछ।

**छ)** **"संस्थापक, संचालक, कार्यकारी प्रमुख, व्यवस्थापन तथा कर्मचारीहरु"** भन्नाले कालिन्चोक हाइड्रोपावर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख, व्यवस्थापन लगायतका कर्मचारीहरुलाई सम्भनु पर्दछ।

**ज)** **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्भनु पर्दछ।

**झ)** **"स्थानीयवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात बागमती प्रदेश, दोलखा जिल्ला, विगु गाउँपालिका वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका वडा नं. १ र २ मा स्थायी बसोबास गर्ने नेपाली नागरिकलाई जनाउँछ।

**ञ)** **"आयोजना प्रभावित क्षेत्र"** भन्नाले दोलखा जिल्ला, बिगु गाउँपालिका वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका वडा नं. १ र २ लाई जनाउँदछ।

**ट)** **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्भनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखासंग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ।

**ठ)** **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अन्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री कुमारी क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौलाई सम्भनु पर्दछ।

**ड)** **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाहरुलाई सम्भनु पर्दछ।

**ढ)** **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको वार्षिक आम्दानीलाई जारी पूँजीले भाग गर्दा हुन आउने आम्दानीलाई जनाउँदछ।

**ण)** **"प्रतिशेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पुंजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका संचितकोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफल सम्भनु पर्दछ।

**त)** **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्भनु पर्छ।

**थ)** **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँछ।

**द)** **"विप्रेषण (रेमिटयान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्भनुपर्छ।

## ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान

| क्र.स. | विवरण पत्र प्राप्त गर्न सकिने संस्थाको नाम र ठेगाना | | |
|---|---|---|---|
| १ | आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड, टेकु, काठमाण्डौं र वेभसाइट : www.rbbmbl.com.np | | |
| २ | कालिन्चोक हाइड्रोपावर लिमिटेड, का.म.न.पा. वडा नं. ३, रानीबारी र website : www.khpl.com.np | | |
| ३ | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर, र वेभसाइटः www.sebon.gov.np | | |
| **आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान** | | | |
| १ | नेपाल बैंक लिमिटेड, सिङगटी शाखा | ३ | सिन्धु विकास बैंक लिमिटेड, सिङगटी शाखा |
| २ | कालिन्चोक हाइड्रोपावर लिमिटेड, विगु गाउँपालिका-८ | ४ | नेपाल इनभेष्टमेन्ट मेगा बैंक लिमिटेड, सिङगटी शाखा |
| **वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु** | | | |
| नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ। | | | |
| **सर्वसाधारणको लागि दरस्खास्त फाराम प्राप्त गर्ने र शुल्क बुझाउने स्थानहरु** | | | |
| नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु एवं तिनका तोकिएका शाखा कार्यालयहरु मार्फत तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ। | | | |

आयोजना प्रभावित क्षेत्र दोलखा जिल्ला, बिगु गाउँपालिका वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका वडा नं. १ र २ का स्थानीय बासिन्दाले तोकिएको संकलन केन्द्र मार्फत भौतिक रुपमा शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु. २/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ।

## ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग.२. संगठित संस्थाको उद्घोषण

### ग.२.क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उदघोषण

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### ग.२.ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण

यस कालिन्चोक हाइड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग.२.ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण, विद्युत नियमन आयोग, आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उदघोषण गर्दछौं । साथै, सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र विद्युत नियमन आयोगमा पेश गरेका छौं । कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने विवरणहरु पेश गरेको हुनाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/०७/२८ मा प्राप्त पत्रानुसार यस कम्पनी आ.व. २०८१/८२ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ ।

### ग.२.घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख कालोसूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
५. यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

## ग.३. संगठित संस्था सम्बन्धी जानकारी

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :**

**(अ) संस्थाको नामः** कालिन्चोक हाइड्रोपावर लिमिटेड (Kalinchock Hydropower Limited)

**(आ) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुराः** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(इ) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३, रानीबारी, काठमाण्डौमा रहेको छ ।

**(ई) कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३, रानीबारी, काठमाण्डौ र आयोजना स्थल (जलविद्युत केन्द्र) दोलखा जिल्ला, बिगु गाउँपालिका वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका वडा नं. १ मा अवस्थित रहेको छ ।

**(उ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :** कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले कालिन्चोक हाइड्रोपावर प्राइभेट लिमिटेड मिति २०७२/१२/२६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७९/०३/०१ गते कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडको रुपमा परिणत भई कालिन्चोक हाइड्रोपावर लिमिटेडको रुपमा दर्ता अभिलेख भई मिति २०७९/०३/२१ देखि कारोबार सञ्चालन गर्दै आएको कम्पनी हो ।
२. कम्पनीमा हाल ११२ जना संस्थापक शेयरधनी रहेका छन् । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७५ प्रतिशत संस्थापक शेयर, १० प्रतिशत अर्थात ५,५०,००० कित्ता आयोजना प्रभावित क्षेत्रका बासिन्दा र बाँकी १० प्रतिशत सर्वसाधारण (वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारी तथा सामूहिक लगानी कोष सहित) का लागि छुट्याई बाँडफाँड गर्ने व्यवस्था रहेको छ । कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा हालसम्म भएको संशोधन निम्न अनुसार रहेको छ ।

| संशोधनको विषय | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति |
|---|---|
| प्राइभेट लिमिटेडमा दर्ता भएको | २०७२/१२/२६ |
| प्राइभेटबाट पब्लिक लिमिटेडमा परिणत भएको | २०७९/०३/०१ |
| प्रबन्धपत्रको दफा ४ मा कम्पनीको उद्देश्य थप गरिएको । | २०८०/०२/१९ |
| प्रबन्धपत्रको दफा ६ मा कुल जारी पूँजीको २५ प्रतिशत शेयर सर्वसाधारणमा जारी गर्ने । | २०८०/०२/१९ |
| प्रबन्धपत्रको दफा ८ मा शेयर खरिद वा हस्तान्तरणमा संशोधन गरिएको । | २०८०/०२/१९ |
| नियमावलीको नियम १० मा संस्थापकले लिनुपर्ने शेयर सम्बन्धी संशोधन गरिएको । | २०८०/०२/१९ |
| नियमावलीको नियम २३ मा गणपुरक संख्या सम्बन्धी संशोधन गरिएको । | २०८०/०२/१९ |
| नियमावलीको नियम २७ (८) थप गरि संचालक समितिको गठन सम्बन्धी संशोधन गरिएको । | २०८०/०२/१९ |
| नियमावलीको नियम २८ मा संचालकले लिनुपर्ने शेयर संशोधन गरिएको । | २०८०/०२/१९ |
| प्रबन्धपत्रको दफा २ मा कम्पनीको रजिष्टर्ड कार्यालय परिवर्तन गरिएको । | २०८१/११/०३ |
| नियमावलीको नियम २ मा कम्पनीको रजिष्टर्ड कार्यालय परिवर्तन गरिएको । | २०८१/११/०३ |
| प्रबन्धपत्रको दफा ६ (क) मा अधिकृत पूँजी वृद्धि गरि रु. ४१,२५,००,०००/- कायम गरिएको । | २०८२/०२/१२ |
| प्रबन्धपत्रको दफा ६ (ख) मा जारी पूँजी वृद्धि गरि रु. ४१,२५,००,०००/- कायम गरिएको । | २०८२/०२/१२ |
| प्रबन्धपत्रको दफा ६ (च) मा आयोजना प्रभावित, श्रम स्वीकृती लिई वैदेशिक राजगारीमा रहेका नेपाली, सामुहिक लगानी कोष, कर्मचारी तथा सर्वसाधारणका लागि कुल जारी पूँजीको २० प्रतिशत शेयर छुट्याइएको । | २०८२/०२/१२ |
| प्रबन्धपत्रको दफा ६ (क) मा अधिकृत पूँजी वृद्धि गरि रु. ५५,००,००,०००/- कायम गरिएको । | २०८२/०८/०१ |
| प्रबन्धपत्रको दफा ६ (ख) मा जारी पूँजी वृद्धि गरि रु. ५५,००,००,०००/- कायम गरिएको । | २०८२/०८/०१ |
| प्रबन्धपत्रको दफा ६ (च) मा आयोजना प्रभावित, श्रम स्वीकृती लिई वैदेशिक राजगारीमा रहेका नेपाली, सामुहिक लगानी कोष, कर्मचारी तथा सर्वसाधारणका लागि कुल जारी पूँजीको २५ प्रतिशत शेयर छुट्याइएको । | २०८२/०८/०१ |
| नियमावलीको नियम २८ मा संचालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या परिवर्तन गरिएको । | २०८२/०८/०१ |

३. विद्युत विकास विभाग, उर्जा मन्त्रालयले साँगु (सोरुन) खोला जलविद्युत आयोजना (५ मे.वा.) बाट विद्युत उत्पादनको लागि निम्न बमोजिम अनुमति प्रदान गरेको छ ।

| अनुमतिपत्रको नाम | अनुमतिपत्र प्राप्त मिति | अनुमतिपत्र प्रदान गर्ने संस्था | अनुमतिको संक्षिप्त विषयवस्तु | अनुमतिपत्र बहाल रहने अवधि |
|---|---|---|---|---|
| विद्युत उत्पादन अनुमतिपत्र | २०७६/१०/०१ | विद्युत विकास विभाग, उर्जा मन्त्रालय | साँगु (सोरुन) खोला जलविद्युत आयोजना (५ मे.वा.) बाट विद्युत उत्पादनको लागि अनुमति | मिति २०७६/१०/०१ देखि मिति २१११/०९/३० सम्म |
| उद्योग दर्ता | २०७६/०४/१५ | उद्योग विभाग | जल विद्युत उत्पादन गर्ने | २०८३/०४/०३ सम्म |
| कम्पनी दर्ता | २०७२/१२/२६ | कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी स्थापना गर्ने | |

४. संगठित संस्थाको साँगु (सोरुन) खोला जलविद्युत आयोजना (५ मे.वा.) बाट उत्पादन हुने विद्युत खरीद विक्रीको लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७५/०८/०९ मा सम्झौता भएको । उक्त सम्झौताको दोश्रो संशोधन अनुसार कयम (RCOD) व्यापारिक उत्पादन शुरु गनुपर्ने मितिले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिपत्रको अवधि (२१११/०९/३० गते) मध्ये जुन घटी छ सो समय सम्म कायम रहनेछ ।

५. **आयोजनाको कार्य प्रगति विवरण : (मिति २०८२ पौष मसान्त सम्मको)**

| विवरण | कार्य प्रगति | प्रगति % |
|---|---|---|
| १. जग्गा प्राप्ति | अन्तीम चरणमा | ९९ |
| २. विस्तृत डिजाइन | सम्पन्न | १०० |
| **३. पूर्वाधार कार्य** | अन्तीम चरणमा | ८५ |
| ३.१ प्रवेश मार्ग | सम्पन्न | १०० |
| ३.३ अस्थायी शिविर र कार्यालय | सम्पन्न | १०० |
| ३.४ स्थायी शिविर | निर्माण प्रकृयामा | ८५ |
| **४. सिभिल कार्यहरु** | निर्माण कार्य भैरहेको | ८९ |
| ४.१ परिचालन | सम्पन्न | १०० |
| ४.२ ठेकेदार शिविर | सम्पन्न | १०० |
| ४.३ हेड कार्य वेइर र अन्डरस्लुइस | सम्पन्न | १०० |
| ४.४ हेड कार्य इन्टेक ग्राभलट्र्याप र अप्रोच क्यानल | सम्पन्न | १०० |
| ४.५ सेटलिङ्ग वेसिन | सम्पन्न | १०० |
| ४.६ हेडरेस पाइप | निर्माण कार्य भैरहेको | ६५ |
| ४.७ पेनस्टक पाइप | | ७० |
| ४.८ सर्ज पाइप | | ६५ |

| | | |
|---|---|---|
| ४.९ उर्जागृह र टेलरेस | सम्पन्न | १०० |
| ४.१० स्विचयाड | | १०० |
| ५. इलेक्ट्रोमेकानिकल कार्य | कार्य भैरहेको | ९७ |
| ६. हाईड्रोमेकानिकल कार्य | निर्माण कार्य भैरहेको | ६५ |
| ७. प्रशारण लाईन | सम्पन्न | १०० |
| ८. सुरुङ्ग निर्माण कार्य | आवश्यक नभएको | - |
| **जम्मा भौतिक प्रगति** | | **८३%** |

समग्रमा आयोजनाको कार्य प्रगति ८३% प्रतिशत सम्पन्न भइसकेको । साँगु (सोरुन) खोला जलविद्यत् आयोजनाको ८३% प्रतिशत कार्य सम्पन्न भई सकेको र हाल आयोजना निर्माण कार्य निरन्तर भइरहेको छ ।

**विद्युत खरिद बिक्री सम्झौताका मुख्य मुख्य बुँदाहरु**

क. साँगु (सोरुन) खोला जलविद्युत आयोजनाबाट वार्षिक २,९२,०६,९२३ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने व्यवस्था मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा सुख्खायाम (मंसीर १६ देखि जेष्ठ १५ सम्म) को लागि ८८,७३,५५९ किलोवाट घण्टा र बर्षायाम ( जेष्ठ १६ देखि मंसीर १५ सम्म) को लागि २,०३,३३,३६४ किलोवाट घण्टा निर्धारण गरिएको छ । उर्जा तालिका निम्न बमोजिम रहेको छ ।

| महिना | दिन | River Discharge ($m^3$/sec) | Discharge for Power Generation ($m^3$/sec) | Net Head (m) | Average Power (kW) | Maximum Power (kW) | Outage & Losses (KWh) | Outage Including Losses (KWh) | Contract Energy (KWh) |
|---|---|---|---|---|---|---|---|---|---|
| बैशाख | ३१ | ०.८६ | ०.८० | ३२४.०३ | २,१९७ | ४,२७४ | १६,१८,३२६ | ८०,९१६ | १५,३७,४१० |
| जेठ | ३१ | २.६६ | १.९९ | ३११.९५ | ५,००० | ५,००० | ३६,८२,८०० | १,८४,१४० | ३४,९८,६६० |
| असार | ३२ | ७.९२ | १.९९ | ३११.९५ | ५,००० | ५,००० | ३८,०१,६०० | १,९०,०८० | ३६,११,५२० |
| श्रावण | ३१ | ११.२१ | १.९९ | ३११.९५ | ५,००० | ५,००० | ३६,८२,८०० | १,८४,१४० | ३४,९८,६६० |
| भाद्र | ३१ | ९.२५ | १.९९ | ३११.९५ | ५,००० | ५,००० | ३६,८२,८०० | १,८४,१४० | ३४,९८,६६० |
| असोज | ३१ | ४.८९ | १.९९ | ३११.९५ | ५,००० | ५,००० | ३६,८२,८०० | १,८४,१४० | ३४,९८,६६० |
| कार्तिक | ३० | २.२० | १.९९ | ३११.९५ | ५,००० | ५,००० | ३५,६४,००० | १,७८,२०० | ३३,८५,८०० |
| मंसीर | २९ | १.१८ | १.१२ | ३२१.८० | ३,०५५ | ५,००० | २१,०४,८९९ | १,०५,२४५ | १९,९९,६५४ |
| पौष | ३० | ०.८५ | ०.७९ | ३२४.०९ | २,१७० | ४,५७६ | १५,४६,८३२ | ७७,३४२ | १४,६९,४९० |
| माघ | २९ | ०.६८ | ०.६२ | ३२४.९६ | १,७०८ | २,७८९ | ११,७६,६५४ | ५८,८३३ | ११,१७,८२१ |
| फाल्गुण | ३० | ०.६३ | ०.५७ | ३२५.१८ | १,५७१ | २,७८९ | ११,१९,८२२ | ५५,९९१ | १०,६३,८३१ |
| चैत्र | ३० | ०.६१ | ०.५५ | ३२५.२६ | १,५१६ | २,७०९ | १०,८०,७९६ | ५४,०४० | १०,२६,७५६ |
| **जम्मा** | **३६५** | | | | | | **३,०७,४४,१३०** | **१,५७,२०६** | **२,९२,०६,९२३** |

ख. प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

ग. कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (अस्सी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबू बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ :

क्षतिपूर्ति रकम, रु. = [०.८ × सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा-सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा-सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा × सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर; यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ । क्षतिपूर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने छैन । यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ ।

घ. सुख्खायामको उर्जा वार्षिक सम्झौता उर्जाको ३०% वा सो भन्दा जतिसुकै बढी उल्लेख गरिएको भए तापनि आयोजना सञ्चालनमा आएपश्चात सुख्खायाममा न्यूनतम ३०% उर्जा आपूर्ति गरेको नपाइएमा क्षतिपूर्ति बापत सुख्खायामको उर्जा ३०% हुने गरी हिसाव गर्दा हुन आउने कूल वार्षिक उर्जाभन्दा बढी आपूर्ति भएको उर्जाबापतको कुनै रकम भुक्तानी गरिने छैन र भुक्तानी गरिसकेको अवस्थामा समेत सो रकम अर्को आर्थिक वर्षको मासिक बिलमा समायोजना गरिनेछ । उल्लेखित क्षतिपूर्तिबापतको रकम निर्धारण निम्न सुत्रको आधारमा गरिनेछ :

क्षतिपूर्तिवापत समायोजन गर्नुपर्ने रकम, रु. = [कूल आपूर्ति गरिएको वार्षिक उर्जा (सुख्खायाममा आपूर्ति गरिएको जम्मा उर्जा/०.३०] × सो आर्थिक वर्षको बर्षायामको विद्युत उर्जा खरीद दर; तर सुख्खायामको ६ महिनाको उर्जा ३०% नपुगेमा उक्त सुत्रको आधारमा निर्धारण हुने क्षतिपूर्ति र मासिक सम्झौता उर्जा आपूर्ति गर्न नसकेमा सो बापत निर्धारण हुने वर्षभरिको क्षतिपूर्ति रकममध्ये जुन वढी हुन्छ सो रकम समायोजन गरिनेछ ।

| | | |
|---|---|---|
| सुख्खा यामको कूल इनर्जी (Kwh) (मंसीर १६ देखि जेष्ठ १५ सम्म) | ८८,७३,५५९ | ३०.३८ प्रतिशत |
| बर्षा यामको कूल इनर्जी (Kwh) (जेष्ठ १६ देखि मंसीर १५ सम्म) | २,०३,३३,३६४ | ६९.६२ प्रतिशत |
| **जम्मा वार्षिक इनर्जी (Kwh)** | **२,९२,०६,९२३** | **१०० प्रतिशत** |

## ६. साँगु (सोरुन) खोला जलविद्युत आयोजना (५ मे.वा.) को संक्षिप्त विवरणहरु

| | |
|---|---|
| आयोजना स्थल | दोलखा जिल्ला, चरीकोटबाट ४८.६ कि.मि. को दुरीमा अवस्थित छ । आयोजनाको संरचना दोलखा जिल्ला, बिगु गाउँपालिका वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका वडा नं. १ मा पर्दछन् । |
| श्रोत नदी | साँगु (सोरुन) खोला, राम्पा खोला |
| आयोजनाको किसिम | रन अफ रिभर |
| डिजाइन डिस्चार्ज | १.९९घनमिटर |
| उत्पादन हुने इनर्जी | २९.२०६ गिगावाट प्रति घण्टा |
| आयोजनाको उत्पादन क्षमता | ५ मेगावाट |
| ग्रस हेड | ३३१.५ मिटर |
| डाइभर्सन बाँध | १५ मिटर लम्बाई, ४.५० मिटर उचाइ |
| डिस्यान्डीङ्ग वेसिन | ३३.६० वर्ग कि.मि. |
| हेडरेस पाईपलाईन | ३,४९० मी. लम्बाई र १.३ र १.२ मी. ब्यास |
| सतही पेनस्टक | ४५३१ मि. |
| सतही पावरहाउस | ३१.४ मी. लम्वाई, १० मी. चौडाई र १०.६ मी उचाई |
| टर्वाइन | २५०० मे.वा.का २ वटा युनिट |
| जेनेरेटर | २९४१ के.भि.ए. का २ वटा युनिट |
| Required Commercial Date of Operation | २०८२/०४/०४ |
| आयोजनाको कुल लागत | १,२०,७१,५८,४९९ |
| आयोजनाको लागत निर्माण अवधिको ब्याज बाहेक | रु. ९२,२५,९९,०६०.६३ |
| आयोजनाको लागत निर्माण अवधिको ब्याज सहित | १,२०,७१,५८,४९९ |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) | १०.३० वर्ष |
| आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discount Pay Back Period) | १६.२५ वर्ष |
| Net Present Value (NPV) | रु. २,५८,६६,७८२ |
| Internal Rate of Return of Project (IRR) | १०.३८ प्रतिशत |
| Debt to Total Capital Ratio | १५८ प्रतिशत |

आयोजनाको डिस्काउन्ट लगानी फिर्ता हुने अवधि विद्युत उत्पादन अनुपतिपत्रको बाँकी अवधि भन्दा कम देखिएकोले आयोजनाको लगानीकर्ताहरुलाई सो सम्बन्धीको जोखिम रहेको छैन । Debt to Total Capital Ratio आषाढ मसान्त २०८२ को लिइएको ।

## ७. आयोजनाको कुल लागत, प्रति मेगावाट लागत, लगानी फिर्ता हुने अवधि निम्न बमोजिम रहेको छ :

**क. आयोजनाको अनुमानित कुल लागत (IDC सहित)** : रु. १,२०,७१,५८,४९९ (मिति २०८१/८२ सम्मको)

**ख. आयोजनाको प्रति मेगावाट लागत (IDC बाहेक) :** रु. २४.१४ करोड

**ग. लगानी फिर्ता हुने अवधिः** ९.१९ वर्ष

**घ. डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Pay Back Period):** १५.३७ वर्ष

**ङ** "Financial Closure" वा विद्युत खरिद सम्झौता गर्दाको बखत अनुमान गरिएको आयोजनाको लागत र आयोजनाको संसोधित अनुमानित लागत देहाय बमोजिम रहेको छ ।

| क्र.सं | विवरण | लागत रकम रु. | लागत फरक पर्नुको कारण |
|---|---|---|---|
| १. | विद्युत खरिद सम्झौता गर्दाको बखत अनुमान गरिएको आयोजनाको लागत | रु. ८५,८०,००,०००/- | ➢ आयोजनाको निर्माण समय बढेको ।<br>➢ कोरोनाले २ वर्ष लगातार काम गर्न नपाएको ।<br>➢ बर्षातको समयमा निर्माण सामाग्री आयोजना स्थलमा ढुवानी गर्न नसकिएको तथा बर्षातको समयमा काम नभएको ।<br>➢ रसिया र युक्रेनको युद्धले निर्माण सामग्री तथा इन्धनको मुल्यवृद्धि भएको । |
| २. | आयोजनाको संसोधित अनुमानित लागत | रु. १,२०,७१,५८,४९९ | |

**आयोजनाको विद्युत खरिद सम्झौताका वखत र वित्तीय व्यवस्थापनको क्रममा आयोजनाको प्रक्षेपित लागतमा फरक हुनुको कारण सम्बन्धी विवरणः**

| विवरण | विद्युत खरिद सम्झौताका वखतको अनुमानित लागत (रु. हजारमा) | वित्तीय व्यवस्थापनको वखतको अनुमानित लागत (रु. हजारमा) |
|---|---|---|
| पूर्व संचालन खर्च | १०,००० | २७,६९० |
| सिभिल कार्य निर्माण लागत | ३,०८,२५३.१६ | ३,१२,०४० |
| हाइड्रो मेकानिकल लागत | १,४५,७०५.१३ | २,०८,८८० |

| | | |
|---|---|---|
| प्लान्ट तथा मेसिनरी लागत | १,४९,०४४.२२ | १,२९,९५० |
| ट्रान्समिसन लाइन र सबस्टेसन | ३५,३५८.७५ | ४१,५०० |
| साइट अफिस बिल्डिङ्ग | १४,३४१.५५ | ५,५०० |
| कार्यालय सामाग्री तथा बन्दोबस्ती | ५,००० | २,००० |
| भौतिक पूर्वाधार र बन्दोबस्ती | २३,०६८.८९ | २०,००० |
| वातावरणीय क्षति न्यूनीकरण र सामाजिक योगदान | १०,००० | १०,३९० |
| विस्तृत इन्जिनियरिङ्ग, आयोजना व्यवस्थापन र निरिक्षण | ३८,७९७.५० | ३१,१६० |
| जग्गा खरीद | १०,००० | २५,००० |
| सवारी साधन | १५,००० | ९,५०० |
| व्याज पुँजीकरण | ७३,४३१ | ७७,४०० |
| बिमा तथा विविध | २०,००० | ९८,९९० |
| **जम्मा** | **८,५८,०००** | **१०,००,०००** |

यस आयोजना हाल निर्माणाधीन अवस्थामा रहेको हुँदा र व्यपारिक उत्पादन मिति २०८२/०४/०४ गते रहेको छ । आयोजनाको निर्माण कार्य समयमै सम्पन्न नहुनु र लागत वृद्धि हुनुका कारणहरु यस प्रकार रहेका छन्:

- Allignment को कारणले गर्दा सिभिल लागतमा वृद्धि हुन गएको छ ।
- वित्त तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन सँगै वृद्धि भएको कर्जा ब्याजदर ।
- विश्वव्यापी महामारी कोभिड १९ र यसको कारण देशमा पटक पटक लागू भएको बन्दाबन्दी (लकडाउन) र यसको विश्व अर्थतन्त्रमा परेको असर ।
- जलवायु परिवर्तन, बाढि तथा पहिरो लगायत प्राकृतिक प्रकोपबाट सिर्जित काबु बाहिरको परिस्थितिहरु ।
- आयोजनास्थलको विकट भौगोलिक जटिलता ।
- स्थानीयस्तरमा उत्पन्न हुने सामाजिक समस्याहरु ।

**<u>विद्युत खरिद मुल्यदर र सोमा प्रदान गरिने मुल्य वृद्धि सम्बन्धी विवरण</u>**

प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८०/- (चार रुपैयाँ असी पैसा) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु ८.४०/- (आठ रुपैयाँ चालिस पैसा) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै, व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ पटक सम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानि अवधि गणना हुने गरि) | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षायाम (वैशाख देखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिनादेखि १२ औं महिनासम्म | ८.४० | ४.८० |
| १३ औं महिनादेखि २४ औं महिनासम्म | ८.६५ | ४.९४ |
| २५ औं महिनादेखि ३६ औं महिनासम्म | ८.९० | ५.०९ |
| ३७ औं महिनादेखि ४८ औं महिनासम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिनादेखि ६० औं महिनासम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिनादेखि ७२ औं महिनासम्म | ९.६६ | ५.५२ |
| ७३ औं महिनादेखि ८४ औं महिनासम्म | ९.९१ | ५.६६ |
| ८५ औं महिनादेखि ९६ औं महिनासम्म | १०.१६ | ५.८१ |
| ९७ औं महिनादेखि सम्झौता अवधिसम्म | १०.४२ | ५.९५ |

माथि जेसुकै लेखिएको भएता पनि व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Opearation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार वार्षिक मूल्यवृद्धि दिई कायम गरिनेछ :

क. RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

ख. RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

ग. RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

घ. RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

ङ. RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

**Net Present Value (NPV), Internal Rate of Return, Pay Back Period, Discounted Pay Back Period, गणना को संक्षिप्त विवरण :**

**Pay Back Period गणना तालिका**

| S. No. | Year | Investment Equity & Loan | Net Profit | Depreciation, Interest & Amortisation | Annual Cash flow | Cummulative Cash inflow |
|---|---|---|---|---|---|---|
| - | २०७९-८० | (१३३,६४६,३१३) | (१,४९३,४४६) | ९३६,३२९ | (१३४,२०३,४२९) | (१३४,२०३,४२९) |
| - | २०८०-८१ | (१९४,०१६,०७१) | (१,७३१,५१५) | १,५४०,१९२ | (१९४,२०७,३९४) | (३२८,४१०,८२३) |
| - | २०८१-८२ | (४७६,०१९,४४७) | २३,३००,८८० | १,३४६,५५६ | (४५१,३७२,०१२) | (७७९,७८२,८३५) |
| १ | २०८२-८३ | (३५८,८१८,१६९) | १८,५२६,९६४ | ६६,७८१,६३९ | (२७३,५०९,५६६) | (१,०५३,२९२,४००) |
| २ | २०८३-८४ | | ९,६१०,२०३ | ८७,९८७,२१४ | ९७,५९७,४१७ | (९५५,६९४,९८३) |
| ३ | २०८४-८५ | | १४,६८९,८७९ | ८६,७१५,८१५ | १०१,४०५,६९४ | (८५४,२८९,२८९) |
| ४ | २०८५-८६ | | २०,००६,५४७ | ८५,३१२,४३० | १०५,३१८,९७७ | (७४८,९७०,३१२) |
| ५ | २०८६-८७ | | २५,५७६,०८० | ८३,७६३,३५४ | १०९,३३९,४३४ | (६३९,६३०,८७८) |
| ६ | २०८७-८८ | | ७०,२५६,२५२ | ८२,३४१,२८० | १५२,५९७,५३२ | (४८७,०३३,३४६) |
| ७ | २०८८-८९ | | ७६,४३८,८६३ | ८०,३९५,३७४ | १५६,८३४,२३७ | (३३०,१९९,१०९) |
| ८ | २०८९-९० | | ८२,९१९,९९९ | ७८,२६५,४७० | १६१,१८५,४६९ | (१६९,०१३,६४०) |
| ९ | २०९०-९१ | | ८०,७५१,७६४ | ७५,९२८,७८१ | १५६,६८०,५४५ | (१२,३३३,०९५) |
| १० | २०९१-९२ | | ८७,१८९,७५८ | ७३,३६०,९१० | १६०,५५०,६६८ | १४८,२१७,५७३ |
| ११ | २०९२-९३ | | ८९,०८४,५८४ | ७०,५३५,५३३ | १५९,६२०,११७ | ३०७,८३७,६९० |
| १२ | २०९३-९४ | | ९१,१९९,४३४ | ६७,४२४,०६८ | १५८,६२३,५०२ | ४६६,४६१,१९२ |
| १३ | २०९४-९५ | | ९३,५५९,२४६ | ६३,९९५,३४१ | १५७,५५४,५८७ | ६२४,०१५,७७९ |
| १४ | २०९५-९६ | | १२९,१७७,०६९ | १६३,९६२ | १२९,३४१,०३१ | ७५३,३५६,८११ |
| १५ | २०९६-९७ | | १२८,७६०,३८२ | १५४,४६६ | १२८,९१४,८४८ | ८८२,२७१,६५८ |
| १६ | २०९७-९८ | | ११३,२४५,२५६ | १४६,८९३ | ११३,३९२,१४९ | ९९५,६६३,८०७ |
| १७ | २०९८-९९ | | ११२,७९६,१६८ | १४०,८५२ | ११२,९३७,०२० | १,१०८,६००,८२७ |
| १८ | २०९९-१०० | | ११२,३३०,३१९ | १३६,०३१ | ११२,४६६,३५० | १,२२१,०६७,१७७ |
| १९ | २१००-२१०१ | | १११,८४६,२५० | १३३,५३२ | १११,९७९,७८२ | १,३३३,०४६,९५९ |
| २० | २१०१-२१०२ | | १११,३४६,६०० | १२८,७८१ | १११,४७५,३८१ | १,४४४,५२२,३४१ |
| २१ | २१०२-२१०३ | | ११०,८२७,२७८ | १२६,४१५ | ११०,९५३,६९३ | १,५५५,४७६,०३४ |
| २२ | २१०३-२१०४ | | ११०,२८८,९२० | १२४,५२३ | ११०,४१३,४४३ | १,६६५,८८९,४७६ |
| २३ | २१०४-२१०५ | | १०९,७३०,८०८ | १२३,००९ | १०९,८५३,८१७ | १,७७५,७४३,२९४ |
| २४ | २१०५-२१०६ | | १०९,१५२,१७५ | १२१,७९७ | १०९,२७३,९७२ | १,८८५,०१७,२६६ |
| २५ | २१०६-२१०७ | | १०८,५५२,२०१ | १२०,८२९ | १०८,६७३,०३० | १,९९३,६९०,२९६ |
| २६ | २१०७-२१०८ | | १०७,९३०,०२१ | १२०,०५३ | १०८,०५०,०७४ | २,१०१,७४०,३७० |
| २७ | २१०८-२१०९ | | १०७,२८४,७१८ | ११९,४३३ | १०७,४०४,१५१ | २,२०९,१४४,५२२ |
| २८ | २१०९-२११० | | १०६,६१५,३२८ | ११८,९३७ | १०६,७३४,२६५ | २,३१५,८७८,७८६ |
| २९ | २११०-२१११ | | १२९,१३६,१९६ | १७७,६८०,८११ | ३०६,८१७,००८ | २,६२२,६९५,७९४ |
| ३० | २१११-२११२ | | १२९,१३६,४२८ | १९३,७०४,६४२ | ३२२,८४१,०६९ | २,९४५,५३६,८६३ |
| Payback Period = 9.19 Years | | | | | | |

**Net Present Value गणना तालिका**

| | | | | | | | Discount Rate 10% |
|---|---|---|---|---|---|---|---|
| S No | Year | Investment Equity & Loan | Net Profit | Depreciation, Interest & Amortisation | Annual Cash flow | Rate | Discounted Cashflow |
| | | | | | - | १.०००० | - |
| १ | २०७९-८० | (१३३,६४६,३१३) | (१,४९३,४४६) | ९३६,३२९ | (१३४,२०३,४२९) | ०.९०९१ | (१२२,००३,११७) |
| २ | २०८०-८१ | (१९४,०१६,०७१) | (१,७३१,५१५) | १,५४०,१९२ | (१९४,२०७,३९४) | ०.८२६४ | (१६०,५०१,९७९) |
| ३ | २०८१-८२ | (४७६,०१९,४४७) | २३,३००,८८० | १,३४६,५५६ | (४५१,३७२,०१२) | ०.७५१३ | (३३९,१२२,४७३) |
| ४ | २०८२-८३ | (३५८,८१८,१६९) | १८,५२६,९६४ | ६६,७८१,६३९ | (२७३,५०९,५६६) | ०.६८३० | (१८६,८१०,७१४) |
| ५ | २०८३-८४ | - | ९,६१०,२०३ | ८७,९८७,२१४ | ९७,५९७,४१७ | ०.६२०९ | ६०,६००,३१७ |
| ६ | २०८४-८५ | - | १४,६८९,८७९ | ८६,७१५,८१५ | १०१,४०५,६९४ | ०.५६४५ | ५७,२४०,८७१ |
| ७ | २०८५-८६ | - | २०,००६,५४७ | ८५,३१२,४३० | १०५,३१८,९७७ | ०.५१३२ | ५४,०४५,२८८ |
| ८ | २०८६-८७ | - | २५,५७६,०८० | ८३,७६३,३५४ | १०९,३३९,४३४ | ०.४६६५ | ५१,००७,६५३ |
| ९ | २०८७-८८ | - | ७०,२५६,२५२ | ८२,३४१,२८० | १५२,५९७,५३२ | ०.४२४१ | ६४,७१६,२५० |
| १० | २०८८-८९ | - | ७६,४३८,८६३ | ८०,३९५,३७४ | १५६,८३४,२३७ | ०.३८५५ | ६०,४६६,३८८ |
| ११ | २०८९-९० | - | ८२,९१९,९९९ | ७८,२६५,४७० | १६१,१८५,४६९ | ०.३५०५ | ५६,४९४,५२३ |
| १२ | २०९०-९१ | - | ८०,७५१,७६४ | ७५,९२८,७८१ | १५६,६८०,५४५ | ०.३१८६ | ४९,९२३,२५० |
| १३ | २०९१-९२ | - | ८७,१८९,७५८ | ७३,३६०,९१० | १६०,५५०,६६८ | ०.२८९७ | ४६,५०५,८१० |
| १४ | २०९२-९३ | - | ८९,०८४,५८४ | ७०,५३५,५३३ | १५९,६२०,११७ | ०.२६३३ | ४२,०३२,९६६ |
| १५ | २०९३-९४ | - | ९१,१९९,४३४ | ६७,४२४,०६८ | १५८,६२३,५०२ | ०.२३९४ | ३७,९७३,२०५ |
| १६ | २०९४-९५ | - | ९३,५५९,२४६ | ६३,९९५,३४१ | १५७,५५४,५८७ | ०.२१७६ | ३४,२८८,४६९ |
| १७ | २०९५-९६ | - | १२९,१७७,०६९ | १६३,९६२ | १२९,३४१,०३१ | ०.१९७८ | २५,५८९,४३४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | २०९६-९७ | - | १२८,७६०,३८२ | १५४,४६६ | १२८,९१४,८४८ | ०.१७९९ | २३,१८६,४६८ |
| १९ | २०९७-९८ | - | ११३,२४५,२५६ | १४६,८९३ | ११३,३९२,१४९ | ०.१६३५ | १८,५४०,५२२ |
| २० | २०९८-९९ | - | ११२,७९६,१६८ | १४०,८५२ | ११२,९३७,०२० | ०.१४८६ | १६,७८७,३६८ |
| २१ | २०९९-१०० | - | ११२,३३०,३१९ | १३६,०३१ | ११२,४६६,३५० | ०.१३५१ | १५,१९७,६४२ |
| २२ | २१००-२१०१ | - | १११,८४६,२५० | १३३,५३२ | १११,९७९,७८२ | ०.१२२८ | १३,७५६,२६५ |
| २३ | २१०१-२१०२ | - | १११,३४६,६०० | १२८,७८१ | १११,४७५,३८१ | ०.१११७ | १२,४४९,३६५ |
| २४ | २१०२-२१०३ | - | ११०,८२७,२७८ | १२६,४१५ | ११०,९५३,६९३ | ०.१०१५ | ११,२६४,६४० |
| २५ | २१०३-२१०४ | - | ११०,२८८,९२० | १२४,५२३ | ११०,४१३,४४३ | ०.०९२३ | १०,१९०,७१९ |
| २६ | २१०४-२१०५ | - | १०९,७३०,८०८ | १२३,००९ | १०९,८५३,८१७ | ०.०८३९ | ९,२१७,३३४ |
| २७ | २१०५-२१०६ | - | १०९,१५२,१७५ | १२१,७९७ | १०९,२७३,९७२ | ०.०७६३ | ८,३३५,१६६ |
| २८ | २१०६-२१०७ | - | १०८,५५२,२०१ | १२०,८२९ | १०८,६७३,०३० | ०.०६९३ | ७,५३५,७५२ |
| २९ | २१०७-२१०८ | - | १०७,९३०,०२१ | १२०,०५३ | १०८,०५०,०७४ | ०.०६३० | ६,८११,४१३ |
| ३० | २१०८-२१०९ | - | १०७,२८४,७१८ | ११९,४३३ | १०७,४०४,१५१ | ०.०५७३ | ६,१५५,१७७ |
| ३१ | २१०९-२११० | - | १०६,६१५,३२८ | ११८,९३७ | १०६,७३४,२६५ | ०.०५२१ | ५,५६०,७१५ |
| ३२ | २११०-२१११ | - | १२९,१३६,१९६ | १७७,६८०,८११ | ३०६,८१७,००८ | ०.०४७४ | १४,५३१,६०२ |
| ३३ | २१११-२११२ | - | १२९,१३६,४२८ | १९३,७०४,६४२ | ३२२,८४१,०६९ | ०.०४३१ | १३,९००,४९२ |
| NPV | | | | | | | २५,८६६,७८२ |

## Discounted Pay Back Period गणना तालिका

Discount Rate 10%

| S No | Year | Investment Equity & Loan | Net Profit | Depreciation, Interest & Amortisation | Annual Cash flow | Discount Factor | Discounted Cashflow | Cumulative Cash Inflow |
|---|---|---|---|---|---|---|---|---|
| | | - | | | - | १ | - | - |
| - | २०७९-८० | (१३३,६४६,३१३) | (१,४९३,४४६) | ९३६,३२९ | (१३४,२०३,४२९) | १.०००० | (१३४,२०३,४२९) | (१३४,२०३,४२९) |
| - | २०८०-८१ | (१९४,०१६,०७१) | (१,७३१,५१५) | १,५४०,१९२ | (१९४,२०७,३९४) | १.०००० | (१९४,२०७,३९४) | (३२८,४१०,८२३) |
| - | २०८१-८२ | (४७६,०१९,४४७) | २३,३००,८८० | १,३४६,५५६ | (४५१,३७२,०१२) | १.०००० | (४५१,३७२,०१२) | (७७९,७८२,८३५) |
| १ | २०८२-८३ | (३५८,८१८,१६९) | १८,५२६,९६४ | ६६,७८१,६३९ | (२७३,५०९,५६६) | ०.९०९१ | (२४८,६४५,०६०) | (१,०२८,४२७,८९४) |
| २ | २०८३-८४ | - | ९,६१०,२०३ | ८७,९८७,२१४ | ९७,५९७,४१७ | ०.८२६४ | ८०,६५९,०२२ | (९४७,७६८,८७२) |
| ३ | २०८४-८५ | - | १४,६८९,८७९ | ८६,७१५,८१५ | १०१,४०५,६९४ | ०.७५१३ | ७६,१८७,५९९ | (८७१,५८१,२७३) |
| ४ | २०८५-८६ | - | २०,००६,५४७ | ८५,३१२,४३० | १०५,३१८,९७७ | ०.६८३० | ७१,९३४,२७८ | (७९९,६४६,९९५) |
| ५ | २०८६-८७ | - | २५,५७६,०८० | ८३,७६३,३५४ | १०९,३३९,४३४ | ०.६२०९ | ६७,८९१,१८६ | (७३१,७५५,८०९) |
| ६ | २०८७-८८ | - | ७०,२५६,२५२ | ८२,३४१,२८० | १५२,५९७,५३२ | ०.५६४५ | ८६,१३७,३२९ | (६४५,६१८,४८०) |
| ७ | २०८८-८९ | - | ७६,४३८,८६३ | ८०,३९५,३७४ | १५६,८३४,२३७ | ०.५१३२ | ८०,४८०,७६२ | (५६५,१३७,७१८) |
| ८ | २०८९-९० | - | ८२,९१९,९९९ | ७८,२६५,४७० | १६१,१८५,४६९ | ०.४६६५ | ७५,१९४,२११ | (४८९,९४३,५०७) |
| ९ | २०९०-९१ | - | ८०,७५१,७६४ | ७५,९२८,७८१ | १५६,६८०,५४५ | ०.४२४१ | ६६,४४७,८४६ | (४२३,४९५,६६१) |
| १० | २०९१-९२ | - | ८७,१८९,७५८ | ७३,३६०,९१० | १६०,५५०,६६८ | ०.३८५५ | ६१,८९९,२३३ | (३६१,५९६,४२९) |
| ११ | २०९२-९३ | - | ८९,०८४,५८४ | ७०,५३५,५३३ | १५९,६२०,११७ | ०.३५०५ | ५५,९४५,८७७ | (३०५,६५०,५५१) |
| १२ | २०९३-९४ | - | ९१,१९९,४३४ | ६७,४२४,०६८ | १५८,६२३,५०२ | ०.३१८६ | ५०,५४२,३३६ | (२५५,१०८,२१५) |
| १३ | २०९४-९५ | - | ९३,५५९,२४६ | ६३,९९५,३४१ | १५७,५५४,५८७ | ०.२८९७ | ४५,६३७,९५२ | (२०९,४७०,२६३) |
| १४ | २०९५-९६ | - | १२९,१७७,०६९ | १६३,९६२ | १२९,३४१,०३१ | ०.२६३३ | ३४,०५९,५३६ | (१७५,४१०,७२७) |
| १५ | २०९६-९७ | - | १२८,७६०,३८२ | १५४,४६६ | १२८,९१४,८४८ | ०.२३९४ | ३०,८६१,१९० | (१४४,५४९,५३८) |
| १६ | २०९७-९८ | - | ११३,२४५,२५६ | १४६,८९३ | ११३,३९२,१४९ | ०.२१७६ | २४,६७७,४३५ | (११९,८७२,१०२) |
| १७ | २०९८-९९ | - | ११२,७९६,१६८ | १४०,८५२ | ११२,९३७,०२० | ०.१९७८ | २२,३४३,९८७ | (९७,५२८,११५) |
| १८ | २०९९-१०० | - | ११२,३३०,३१९ | १३६,०३१ | ११२,४६६,३५० | ०.१७९९ | २०,२२८,०६२ | (७७,३००,०५३) |
| १९ | २१००-२१०१ | - | १११,८४६,२५० | १३३,५३२ | १११,९७९,७८२ | ०.१६३५ | १८,३०९,५८९ | (५८,९९०,४६४) |
| २० | २१०१-२१०२ | - | १११,३४६,६०० | १२८,७८१ | १११,४७५,३८१ | ०.१४८६ | १६,५७०,१०५ | (४२,४२०,३५९) |
| २१ | २१०२-२१०३ | - | ११०,८२७,२७८ | १२६,४१५ | ११०,९५३,६९३ | ०.१३५१ | १४,९९३,२३६ | (२७,४२७,१२३) |
| २२ | २१०३-२१०४ | - | ११०,२८८,९२० | १२४,५२३ | ११०,४१३,४४३ | ०.१२२८ | १३,५६३,८४७ | (१३,८६३,२७६) |
| २३ | २१०४-२१०५ | - | १०९,७३०,८०८ | १२३,००९ | १०९,८५३,८१७ | ०.१११७ | १२,२६८,२७२ | (१,५९५,००५) |
| २४ | २१०५-२१०६ | - | १०९,१५२,१७५ | १२१,७९७ | १०९,२७३,९७२ | ०.१०१५ | ११,०९४,१०५ | ९,४९९,१०१ |
| २५ | २१०६-२१०७ | - | १०८,५५२,२०१ | १२०,८२९ | १०८,६७३,०३० | ०.०९२३ | १०,०३०,०८६ | १९,५२९,१८७ |
| २६ | २१०७-२१०८ | - | १०७,९३०,०२१ | १२०,०५३ | १०८,०५०,०७४ | ०.०८३९ | ९,०६५,९९० | २८,५९५,१७७ |
| २७ | २१०८-२१०९ | - | १०७,२८४,७१८ | ११९,४३३ | १०७,४०४,१५१ | ०.०७६३ | ८,१९२,५४० | ३६,७८७,७१७ |
| २८ | २१०९-२११० | - | १०६,६१५,३२८ | ११८,९३७ | १०६,७३४,२६५ | ०.०६९३ | ७,४०१,३११ | ४४,१८९,०२८ |
| २९ | २११०-२१११ | | १२९,१३६,१९६ | १७७,६८०,८११ | ३०६,८१७,००८ | ०.०६३० | १९,३४१,५६३ | ६३,५३०,५९१ |
| ३० | २१११-२११२ | | १२९,१३६,४२८ | १९३,७०४,६४२ | ३२२,८४१,०६९ | ०.०५७३ | १८,५०१,५५५ | ८२,०३२,१४६ |
| Discounted Payback Period = 15.37 Years | | | | | | | | |

## Internal Rate of Return गणना तालिका

| S. No | Year | Investment Equity & Loan | Net Profit | Depreciation, Interest & Amortisation | Annual Cashflow |
|---|---|---|---|---|---|
| १ | २०७९-८० | (१३३,६४६,३१३) | (१,४९३,४४६) | ९३६,३२९ | (१३४,२०३,४२९) |
| २ | २०८०-८१ | (१९४,०१६,०७१) | (१,७३१,५१५) | १,५४०,१९२ | (१९४,२०७,३९४) |
| ३ | २०८१-८२ | (४७६,०१९,४४७) | २३,३००,८८० | १,३४६,५५६ | (४५१,३७२,०१२) |
| ४ | २०८२-८३ | (३५८,८१८,१६९) | १८,५२६,९६४ | ६६,७८१,६३९ | (२७३,५०९,५६६) |
| ५ | २०८३-८४ | - | ९,६१०,२०३ | ८७,९८७,२१४ | ९७,५९७,४१७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | २०८४-८५ | - | १४,६८९,८७९ | ८६,७१५,८१५ | १०१,४०५,६९४ |
| ७ | २०८५-८६ | - | २०,००६,५४७ | ८५,३१२,४३० | १०५,३१८,९७७ |
| ८ | २०८६-८७ | - | २५,५७६,०८० | ८३,७६३,३५४ | १०९,३३९,४३४ |
| ९ | २०८७-८८ | - | ७०,२५६,२५२ | ८२,३४१,२८० | १५२,५९७,५३२ |
| १० | २०८८-८९ | - | ७६,४३८,८६३ | ८०,३९५,३७४ | १५६,८३४,२३७ |
| ११ | २०८९-९० | - | ८२,९१९,९९९ | ७८,२६५,४७० | १६१,१८५,४६९ |
| १२ | २०९०-९१ | - | ८०,७५१,७६४ | ७५,९२८,७८१ | १५६,६८०,५४५ |
| १३ | २०९१-९२ | - | ८७,१८९,७५८ | ७३,३६०,९१० | १६०,५५०,६६८ |
| १४ | २०९२-९३ | - | ८९,०८४,५८४ | ७०,५३५,५३३ | १५९,६२०,११७ |
| १५ | २०९३-९४ | - | ९१,१९९,४३४ | ६७,४२४,०६८ | १५८,६२३,५०२ |
| १६ | २०९४-९५ | - | ९३,५५९,२४६ | ६३,९९५,३४१ | १५७,५५४,५८७ |
| १७ | २०९५-९६ | - | १२९,१७७,०६९ | १६३,९६२ | १२९,३४१,०३१ |
| १८ | २०९६-९७ | - | १२८,७६०,३८२ | १५४,४६६ | १२८,९१४,८४८ |
| १९ | २०९७-९८ | - | ११३,२४५,२५६ | १४६,८९३ | ११३,३९२,१४९ |
| २० | २०९८-९९ | - | ११२,७९६,१६८ | १४०,८५२ | ११२,९३७,०२० |
| २१ | २०९९-१०० | - | ११२,३३०,३१९ | १३६,०३१ | ११२,४६६,३५० |
| २२ | २१००-२१०१ | - | १११,८४६,२५० | १३३,५३२ | १११,९७९,७८२ |
| २३ | २१०१-२१०२ | - | १११,३४६,६०० | १२८,७८१ | १११,४७५,३८१ |
| २४ | २१०२-२१०३ | - | ११०,८२७,२७८ | १२६,४१५ | ११०,९५३,६९३ |
| २५ | २१०३-२१०४ | - | ११०,२८८,९२० | १२४,५२३ | ११०,४१३,४४३ |
| २६ | २१०४-२१०५ | - | १०९,७३०,८०८ | १२३,००९ | १०९,८५३,८१७ |
| २७ | २१०५-२१०६ | - | १०९,१५२,१७५ | १२१,७९७ | १०९,२७३,९७२ |
| २८ | २१०६-२१०७ | - | १०८,५५२,२०१ | १२०,८२९ | १०८,६७३,०३० |
| २९ | २१०७-२१०८ | - | १०७,९३०,०२१ | १२०,०५३ | १०८,०५०,०७४ |
| ३० | २१०८-२१०९ | - | १०७,२८४,७१८ | ११९,४३३ | १०७,४०४,१५१ |
| ३१ | २१०९-२११० | - | १०६,६१५,३२८ | ११८,९३७ | १०६,७३४,२६५ |
| ३२ | २११०-२१११ | - | १२९,१३६,१९६ | १७७,६८०,८११ | ३०६,८१७,००८ |
| ३३ | २१११-२११२ | - | १२९,१३६,४२८ | १९३,७०४,६४२ | ३२२,८४१,०६९ |
| Internal Rate of Return (IRR) = 10.32% | | | | | |

**Discount Rate:** १० %
**नेट प्रिजेन्ट भ्यालु (Net Present Value) :** रु. २,५८,६६,७८२/-
**आयोजनाको इन्टरनल रेट अफ रिर्टन (Project Internal Rate of Return) :** १०.३२ %
**सामान्य लगानी फिर्ता हुने अवधिः** ९.१९ वर्ष
**डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि :** १५.३७ वर्ष

**८. कम्पनीको प्रबन्धपत्रको दफा (४) को उपदफा (१) अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन :**

(क) नेपाल राज्यका विभिन्न भागमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन र बिक्री गर्ने, जलविद्युत उत्पादन गर्ने सम्बन्धमा इन्जिनियरिङ्ग परामर्श सेवा उपलब्ध गराउने, जलविद्युत उत्पादन सम्बन्धमा अन्य अनुसन्धानमुलक कार्यहरु गर्ने ।
(ख) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु श्रोतहरुबाट निजी क्षेत्रमा विद्युत उत्पादन गरी बिक्री गर्ने तथा सो सम्बन्धी इन्जिनियरिङ्ग एवं परामर्श सेवा उपलब्ध गराउने ।
(ग) नेपाल विद्युत प्राधिकरणका विभिन्न आयोजनाहरु, विद्युत उर्जा उत्पादक कम्पनीहरुबाट उत्पादित बिजुली लिजमा लिई बिक्री वितरण कार्य गर्ने ।
(ङ) उत्पादित विद्युत थोक तथा खुद्रा बिक्री गर्ने ।
(च) विद्युत उत्पादन गर्न सिभिल, इलेक्ट्रोमेकानिकल एवं प्रसारण तथा वितरण लाइनहरुको निर्माण तथा मर्मत कार्य गर्ने ।
(छ) विद्युत आयोजनाको विभिन्न स्टक्चर तथा प्रसारण एवं वितरण लाइन र सव स्टेशनहरुको संचालन एवं संभार कार्य गर्ने, गराउने ।
(ज) जलविद्युत उत्पादन, ट्रान्समिशन गर्ने र आवश्यक ट्रान्समिशन तथा वितरण लाईन निर्माण तथा संचालन कार्य गर्ने ।
(झ) विद्युत उत्पादनको लागि आवश्यक सामाग्री विदेशबाट आयात तथा उत्पादन गरी प्रयोगमा ल्याउने तथा बिक्री वितरण गर्ने ।

**९. आयोजनाको प्रसारण लाइन सम्बन्धी विवरण**

| | |
|---|---|
| प्रसारण लाइनको दुरी | ७.४ कि.मि. |
| प्रसारण लाइन जोडिने नेपाल विद्युत प्राधिकरणको सवस्टेशन | सिङ्गटी सबस्टेशन |
| खम्बाको संख्या | २५ वटा टावर |
| भोल्टेज लेभल | १३२ के.भि. (सिङगल सर्किट) |
| निर्माण प्रगति प्रतिशत | १०० प्रतिशत |
| प्रसारण लाइन सम्बन्धी अनुमति सम्बन्धी विवरण | साँगु खोला जलविद्युत आयोजना १३२ के.भि. विद्युत प्रसारण लाइन । विद्युत प्रसारण अनुमति पत्र संख्या : वि.वि.वि ०८०/०८१, वि.प्र.२१६ । |
| प्रसारण लाइन सम्बन्धी अन्य विवरण | यो प्रसारण लाइन हिमपर्वत हाइड्रोपावर लिमिटेड र कालिन्चोक हाइड्रोपावर लिमिटेडको संयुक्त लगानीमा निर्माण गरिएको हो । यस् प्रसारण लाइनद्धारा कालिन्चोक हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको साँगु (सोरुन) खोला जलविद्युत आयोजना (५ मे.वा.) र हिमपर्वत हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको साँगु खोला जलविद्युत आयोजना (२० मे.वा), |

| | |
|---|---|
| | साँगु खोला १ जलविद्युत आयोजना (५.५ मे.वा) बाट उत्पादन हुने विद्युत लाई साँगु खोला २० मे.वा. को Switchyard को बसबारमा जोडी संयुक्त रुपमा १३२ के.भि. विद्युत प्रशारण लाइनद्धारा सिङ्गटि सवस्टेसनको १३२ के.भि. बसबारमा जोडिने छ। |

## १०. वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनमा समाहित भएका मुख्य-मुख्य बुँदाहरु

- साँगु (सोरुन) खोला जलविद्युत आयोजना वागमती प्रदेश, दोलखा जिल्लाको विगु गाउँपालिकाको वडा नं. ८ र कालिन्चोक गाउँपालिका वडा नं. १ मा पर्दछ।
- भौगोलिक हिसाबले यस आयोजना क्षेत्र देशान्तर ८६°०४'००" देखि ८६°०७'०३" पूर्व तथा अक्षांश २७°४८'१५" उत्तर सम्म रहेको छ।
- यो आयोजना रन अफ द रिभर प्रकारको आयोजना हो।
- यसको डिजाइन डिस्चार्ज १.८८ घन मिटर प्रति सेकेन्ड। जडित क्षमता ५,००० किलोवाट र कुल उचाई ३२९ मि. रहेको छ।
- यस आयोजनाको हेडवर्क्स क्षेत्र समुद्री सतह देखि १५९७ मिटरको उचाईमा रहेको छ भने टेलरेस १२८६ मिटर उचाईमा रहेको छ।
- इन्टेक क्षेत्रमा जलाधार क्षेत्रको क्षेत्रफल ३३.६ वर्ग किलोमिटर रहेको छ जुन समुद्री सतह देखि करिब १५९७ मिटर देखि ३८०१ मिटरसम्म फैलिएको छ।
- यस आयोजनाको जलाधार क्षेत्रले मुख्यत भिरालो भुभाग प्रतिनिधित्व गर्दछ जसमा विभिन्न किसिमका चट्टान जस्तै फिलाइट, स्लेट, क्वाजीइट, माइका-सिस्ट, र जिनेसिसहरु पाइन्छन जहाँ भिरालो समान्यतया ४५° देखि ५५° सम्म हुन्छ।
- हेडवर्कस तल्लो तटीय क्षेत्रमा समतल फ्लूभियल क्षेत्र संलग्न छ जस्मा ठूला ढुङ्गा, कङ्कड र बालुवा समावेश छन्।
- यो आयोजना मध्य उष्ण प्रदेशिय जलवायु क्षेत्रमा पर्दछ। यस आयोजनाको उचाई समुद्री सतह देखि १२८६ देखि १५९७ मिटर रहेको छ।
- यस आयोजना क्षेत्रमा मुख्य वनको प्रकार मध्य उष्ण प्रदेशिय देखि तल्लो उष्ण प्रदेशिय क्षेत्रमा रहेको छ।
- उत्तिस, चिलाउने, फलेदो, लप्सी, मल्लातो, भलायो, खोटे सल्ला आयोजना क्षेत्रमा पाउने मुख्य रुखका प्रजाति हुन।
- आयोजना क्षेत्र खेतियोग्य जमिन र वन क्षेत्र बिचमा पर्ने भएकाले खेतियोग्य जमिन र वन क्षेत्रमा असर पर्ने देखिन्छ।
- आयोजना निर्माणका लागि अनुमानित कुल ११.६ हेक्टर जमिन (८.४ हेक्टर स्थायी रुपमा र ३.२ हेक्टर अस्थायी रुपमा) आवश्यक रहेको छ। आयोजनाले ४.९९ हे. सरकारी जमिन (४.०९ हे. स्थायी रुपमा र ०.९ हे अस्थायी रुपमा) बाट लिनेछ र ६.६१ हे. निजि जमिन (४.३१ हे. स्थायी रुपमा र २.३ हे. जमिन अस्थायी रुपमा) बाट लिनेछ।

## ११. आयोजना निर्माण ढिला हुनुका कारणहरु

- कोभिड १९ ले लामो समय सम्म प्रभाव पारेको।
- वर्षा याम सुरु हुना साथ बाढि पहिरो जाने बाटो विग्रने हुँदा निर्माण सामग्री ढुवानी गर्न नसकिएको, आवत जावत गर्न समेत समस्या हुनाले प्रत्येक वर्ष लामो समय सम्म आयेजनाको काम बन्द गर्नु परेको।
- हिउँदमा पेनस्टक अलाइनमेन्टमा सुख्खा पहिरो गएर निर्माण कार्य रोक्नु परेको।
- पहिरोका कारण निर्माण सम्पन्न भइसकेका कतिपय कामहरु पुनः गर्नु परेको कारण आयोजनाको निर्माण सम्पन्न ताकिएको भन्दा थप समय लाग्ने भएको छ।

## १२. अनुमति बहाल रहने अवधी समाप्त भए पश्चात् आयोजना हस्तान्तरण तथा संचालन सम्बन्धी विवरण

यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र मिति २१११/०९/३० गते सम्म बहाल रहेको र उक्त अवधि पश्चात् परियोजना नेपाल सरकारलाई हस्तान्तरण गरिने छ। यसरी BOOT (Built Own Operate Transfer) मोडलमा निर्माण गरीने परियोजनाको हकमा NFRS अनुसार IFRIC 12 (Service Concession Arrangement) र NAS 11 (Construction Contract) मापदण्ड बमोजिम लेखांकन गरिएको छ।

## १४. विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ती सम्बन्धी व्यवस्था

विद्युत खरिद सम्फौताको बुँदा १० बमोजिम विद्युत नदिएमा वा नलिएमा निम्न बमोजिमको क्षतिपूर्तीको प्रावधान गरिएको छ।

- प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ। यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।
- कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (अस्सी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबू बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ :
- क्षतिपूर्ति रकम, रु. = [०.८ × सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा-सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा-सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा × सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर; यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ। क्षतिपूर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने छैन। यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ।

- सुख्खायामको उर्जा वार्षिक सम्झौता उर्जाको ३०% वा सो भन्दा जतिसुकै बढी उल्लेख गरिएको भए तापनि आयोजना सञ्चालनमा आएपश्चात सुख्खायाममा न्यूनतम ३०% उर्जा आपूर्ति गरेको नपाइएमा क्षतिपूर्ति बापत सुख्खायामको उर्जा ३०% हुने गरी हिसाव गर्दा हुन आउने कूल वार्षिक उर्जाभन्दा बढी आपूर्ति भएको उर्जाबापतको कुनै रकम भुक्तानी गरिने छैन र भुक्तानी गरिसकेको अवस्थामा समेत सो रकम अर्को आर्थिक वर्षको मासिक बिलमा समायोजना गरिनेछ । उल्लेखित क्षतिपूर्तिबापतको रकम निर्धारण निम्न सुत्रको आधारमा गरिनेछ :

- क्षतिपूर्तिवापत समायोजन गर्नुपर्ने रकम, रु. = [कूल आपूर्ति गरिएको वार्षिक उर्जा (सुख्खायाममा आपूर्ति गरिएको जम्मा उर्जा/०.३०) × सो आर्थिक वर्षको बर्षायामको विद्युत उर्जा खरीद दर; तर सुख्खायामको ६ महिनाको उर्जा ३०% नपुगेमा उक्त सुत्रको आधारमा निर्धारण हुने क्षतिपूर्ति र मासिक सम्झौता उर्जा आपूर्ति गर्न नसकेमा सो बापत निर्धारण हुने वर्षभरिको क्षतिपूर्ति रकममध्ये जुन वढी हुन्छ सो रकम समायोजन गरिनेछ ।

**१५. व्यपारिक उत्पादन पश्चात् प्राकृतिक प्रकोप जस्तै बाढी पहिरोबाट हालसम्म कुनै क्षति पुऱ्याई कम्पनीलाई भएको वित्तीय क्षति सम्बन्धी विवरण :**

यस आयोजना हाल निर्माणाधिन अवस्थामा रहेको छ । प्राकृतिक प्रकोपबाट हुने वित्तीय क्षतिलाई न्यूनीकरण गर्न कम्पनीले सम्पत्ति, उपकरण तथा मेशिनरीको आवश्यक बिमाको व्यवस्था गरेको छ ।

| बीमा कम्पनीको नाम | सम्पत्तीहरुको विवरण | बिमा गरिएको रकम रु | प्रिमियम भुक्तानी गरिएको रकम रु. | बीमालेख शुरु मिति | बीमालेख समाप्ति मिति |
|---|---|---|---|---|---|
| सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | निर्माणाधिन तथा निर्मित भौतिक संरचना | ६,३१,७७,६९०.५४ | २४,३७,७२१.२९ | २९।०५।२०२५ | २८।०५।२०२६ |
| प्रभु इन्स्योरेन्स लिमिटेड | सवारी साधन (बोलेरो) | ३१,७५,००० | २८,३५७.४७ | १६।०२।२०२५ | १५।०२।२०२६ |
| नेको इन्स्योरेन्स लिमिटेड | सवारी साधन (मोटर साइकल) | ५८०,४१० | ८,२५१.५७ | २९।०८।२०२४ | १७।०८।२०२६ |
| नेको इन्स्योरेन्स लिमिटेड | सामुहिक कर्मचारी दुर्घटना बीमा | ७०,००,००० | १३,३८२.५० | १३।०२।२०२५ | १२।०२।२०२६ |
| नेको इन्स्योरेन्स लिमिटेड | कर्मचारी स्वास्थ्य सम्बन्धी विमा | १०,००,००० | ३०,०३० | १३।०२।२०२५ | १२।०२।२०२६ |
| प्रभु इन्स्योरेन्स लिमिटेड | एम् एस पाइपस ट्रान्सपोटेसन | १३,६५,१५,८१६.३५ | १,११,०९१.८७ | २१।०४।२०२३ | - |
| IGI Prudential Insurance Ltd. | M/S pipe and erection | १५४५३९६२७.५२ | १३८९२०२.९ | २१।०८।२०२५ | २०।०८।२०२६ |

**१६. व्यपारिक उत्पादन शुरु गर्नुपर्ने मिति सम्म व्यपारिक उत्पादन शुरु हुन नसकेमा तिर्नुपर्ने हर्जाना सम्बन्धी विवरण**

कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । कावु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनु पर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ । साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरु सोहि समय भित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिई सकेपछि साइटको सयुक्त नापजाँचबाट उपकरणहरुको प्राविधिक सिमाभित्र रही गरिएका :

क) आयोजनाले सम्पन्न गरेको Dry Tests का नतिजाहरुको अध्ययन तथा प्रमाणीकरण
ख) Black Start परीक्षण तथा
ग) उपलब्ध लोडसम्मको प्राविधिक तवरले सम्भव हुने अवधीसम्मको Off Grid Mode Operation Test बाट व्यहोरा ठिक ठहरिएमा काबू बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ ।

यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाव गरिनेछ :

हर्जाना रकम रु. = ०.०५ × कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधीको उर्जा × व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरीद दर ।

प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद वापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने छ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद वापत भुक्तानि गर्नु पर्ने रकमको पचास प्रतिसत भन्दा वढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गर्नेछ । तर माथी उल्लेखित हर्जाना सम्बन्धी व्यवस्थालाई व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (RCOD) को समग्र परिस्थितिको मूल्यांकन गरी न्यायोचित व्यवस्था गर्न सकिने छ ।

**(ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : नभएको ।

**(ए) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागू हुने हदसम्म) :**

१. **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत आयोजनाको निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने ।

२. **प्रयोग भएको वा गरिने प्रविधि :** दोलखा जिल्लाको साँगु (सोरुन) खोला र राम्पा खोलाको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न डाइभसर्न बाँध, डिस्यान्डिङ बेसिन, हेडरेस, पेनस्टक, विद्युत गृह, टर्वाइन, जनेरेटेर जस्ता प्रविधिहरुको प्रयोग गरिदैछ ।

३. **कुनै ब्रान्ड नेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्भौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

४. **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** कम्पनीले नेपालको बागमती प्रदेशको दोलखा जिल्लामा बहने साँगु (सोरुन) खोला र राम्पा खोलाको पानी उपयोग गरी उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्भौता भए अनुसार बिक्री गरि नेपाल भर विक्री वितरण गर्न सक्नेछ । तसर्थ कम्पनीको प्रमुख बजार नेपालभर रहेको छ ।

५. **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** कम्पनीले एकल रुपमा तथा आफ्नो कार्यक्षेत्र सुहाउँदो देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुमा लगानी गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा विकास गर्ने रहेको छ । कम्पनीले साँगु (सोरुन) खोला र राम्पा खोलाको पानी उपयोग गरी जलविद्युत आयोजनाको निर्माण पश्चात् थप आयोजनाहरुको पहिचान तथा निर्माणका लागि अध्ययन गर्नेछ । कम्पनीले विद्युत व्यापारका निमित्त आवश्यक नीति तर्जुमा गर्न सरकार समक्ष निवेदन गर्ने नयाँ कम्पनी स्थापना गरि विद्युत व्यापारमा जोड दिने लक्ष्य राखेको छ । नेपाल सरकारले निर्माण गरेका सिंचाई नहरहरुमा जलविद्युत आयोजना निर्माण गर्न सकिने हुँदा सो क्षेत्रमा अध्ययन गरी विद्युत उत्पादनका लागि आवश्यक कार्यहरु गर्नेछ । साथै कम्पनीले जलविद्युत उर्जा बाहेक बैकल्पीक उर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरि विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ ।

६. **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्यत् नेपाल विद्युत प्रधिकरणसँग विद्युत खरीद बिक्री सम्भौता भए अनुसार राष्ट्रिय प्रसारण लाइन मार्फत वितरण गरिनेछ ।

७. **उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति :** साँगु (सोरुन) खोला जलविद्युत अयोजनाको जम्मा उत्पादन क्षमता ५ मेगाबाट रहेको र सवै विद्युत नेपाल विद्युत प्राधिकरणलाई ग्रीड मार्फत आपूर्ति गरिनेछ । उत्पादित विद्युतलाई दोलखा जिल्लाको प्रस्तावित सिङ्गटी सब-स्टेशन मार्फत प्रसारण गरिने छ ।

८. **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** बागमती प्रदेश, दोलखा जिल्लाको बिगु गाउँपालिका तथा कालिन्चोक गाउँपालिका भएर बहने साँगु (सोरुन) खोला र राम्पा खोलाको पानी ।

९. **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न जेनेरेटर, टर्वाइन, विद्युत गृह, डाइभर्सन बाँध, डिस्यान्डिङ बेसिन जस्ता उपयुक्त प्रविधिहरुको प्रयोग गरिदै छ ।

१०. **अनुसन्धान तथा विकास :** कम्पनीले आयोजनाको प्रभावकारीता अभिवृद्धिका निमित्त आवश्यक अनुसन्धान तथा विकास सम्वन्धी कार्यहरु गरिरहेको छ ।

११. **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :** सो नभएको ।

१२. **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण:** सो नभएको ।

१३. **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** करिब ८४,००० मेगाबाट विद्युत उत्पादन गर्ने क्षमता रहेको नेपालमा नेपाल सरकार अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण रिर्पोट २०८१/०८२ अनुसार २०८१ फागुन सम्म विद्युत प्राधिकरणको स्वामित्वमा रहेका र निजी क्षेत्रबाट संचालित परियोजनाबाट गरि ३,३३५.६० मेगावाट विद्युत राष्ट्रिय ग्रीडमा जडान भइसकेको छ । नेपालमा जलविद्युत उत्पादनको र विकासको सम्भावना उच्च रहेको भएतापनि कुल राष्ट्रिय उर्जा खपतको लागि भारतबाट विद्युत खरिद गर्नुपर्ने अवस्था हालसम्म रहेको छ । देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि सम्भौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योग सँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र आपूर्ति बीच ठुलो अन्तर रहेकोछ । जसले गर्दा नेपाली जनताहरुले चर्को लोडसेडिङ्गको मार खेप्नु परिरहेको थियो । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेकोछ । यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजना हरुको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन । कम्पनीको कुल विद्युत उत्पादन क्षमता ५ मेगावाट रहेको छ । उक्त उत्पादित सम्पूर्ण विद्युत शक्तिका लागि नेपाल विद्युत प्राधिकरणसँग खरिद बिक्री सम्बन्धी सम्भौता भएको हुँदा माग पनि उत्तिकै बढेको अवस्थामा प्रतिस्पर्धा हुने स्थिति नरहेको ।

१४. **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्भौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

१५. **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :** सिभिल संरचना सम्बन्धी कार्य मास्र्दीङ देवी हिमाली देवढुङ्गा कृष्टल जेभी कम्पनीले निर्माण गर्दै गरेको छ । दीप सेल्स (इन्डिया) लिमिटेड ले परियोजनाको हाइड्रो मेकानिकल वर्क अन्तर्गत पाइप सप्लाइ सम्बन्धी कार्य गर्दै गरेको अवस्था छ । यसका लागी दीप सेल्स (इन्डिया) लिमिटेड संग भारतीय रुपैयाँ ८,२७,५९,६८० ( भारु. आठ करोड सत्ताइस लाख उनन्साठ्ठी हजार छ सय असी ) (कर बाहेक) मा सम्भौता गरि कार्य गरिएको छ । इलेक्ट्रो मेकानिकल सम्वन्धी कार्य सम्पन्न गर्नको लागि B FOURESS PVT.LTD सँग भारतीय रुपैयाँ ८,४०,०१,५०० (अक्षरेपी भा.रु. आठ करोड चालीस लाख एक हजार पाच सय) (कर बाहेक) मा सम्पन्न गर्ने गरि सम्भौता गरी कार्य भइरहेको छ ।

**ग.३.(ख) सम्पत्तिको विवरण**

(अ) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** कालिन्चोक हाइड्रोपावर लिमिटेड अन्तर्गत साँगु (सोरुन) खोला जलविद्युत आयोजना निर्माणको अन्तिम चरणमा रहेको छ । उक्त आयोजनाको संरचनाहरु

बागमती प्रदेश दोलखा जिल्ला बिगु गाउँपालिका तथा कालिन्चोक गाउँपालिकामा रहेको छ । हालसम्म कम्पनीको नाममा सृजना भई सकेको चल अचल सम्पत्तिको विवरण निम्नानुसार उल्लेख गरिएको छ :

**सम्पत्ती, उपकरण तथा मेशीनरी विवरण (आ.व. २०८१/८२)**

| कुल मूल्य | कम्प्यूटर | फर्निचर तथा फिक्सचर्स | अफिस सामाग्री | सवारी साधन | Right to Use Assets | जम्मा |
|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८१ सम्मको मौज्दात** | ३,८८,०१० | ७,०३,३६२ | १,८०,८२० | ३२,३९,५३० | १,५७४,१६१ | ६०,८५,८८३ |
| यस वर्षको खरिद | - | - | - | - | - | - |
| यस वर्षको बिक्री | - | - | - | (३३,३०,५३१) | - | (३३,३०,५३१) |
| CWIP मा सारिएको | - | - | - | - | - | - |
| यस वर्षको ह्रासकट्टी | ३९,४५५ | ५०,३७४ | २९,६१६ | ९,३०,०१९ | २,०१,३९९ | १२,५०,८५३ |
| **असार ३२, २०८२ सम्मको मौज्दात** | ४,२७,४५५ | ७,५३,७३६ | २,१०,४३६ | ८,३९,०१८ | १७,७५,५६० | ४०,०६,२०५ |

(आ) **बुँदा क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नु पर्ने :** आयोजनाको भौतिक संरचनाहरु निर्माण प्रयोजनका लागि कम्पनीले परियोजना स्थल दोलखा जिल्ला बिगु गाउँपालिका, वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका, वडा नं. १ मा कम्पनीका नाममा जग्गाहरु रहेका छन् ।

| क्र.सं. | विवरण | कित्ता नं. | क्षेत्रफल (व.मि) | ठेगाना | प्रकार |
|---|---|---|---|---|---|
| १ | जग्गा | १७८३ | २८७ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| २ | जग्गा | १७८४ | १४३८ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ३ | जग्गा | ९०४ | ३६५ | खोपाचाँगु गा.वि.स. ३, दोलखा | निजी |
| ४ | जग्गा | ९०९ | ८६५ | खोपाचाँगु गा.वि.स. ३, दोलखा | निजी |
| ५ | जग्गा | १११८ | ६१२ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ६ | जग्गा | १०९९ | ७८८ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ७ | जग्गा | ११२० | १३४ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ८ | जग्गा | ६६७ | ४९२ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ९ | जग्गा | ९६१ | ७४ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| १० | जग्गा | ९२२ | ११७ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ११ | जग्गा | ९२८ | १०३ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| १२ | जग्गा | ९५३ | ३२९ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| १३ | जग्गा | ९६२ | १९४ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| १४ | जग्गा | १७९० | १८३ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| १५ | जग्गा | ६५४ | ४८७ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| १६ | जग्गा | ६६६ | १३५ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| १७ | जग्गा | ६६४ | २३५ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| १८ | जग्गा | ८५१ | ७४७ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| १९ | जग्गा | ९०१ | ५७५ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| २० | जग्गा | ९२४ | ४९० | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| २१ | जग्गा | ९२१ | २९० | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| २२ | जग्गा | ९२७ | ५१५ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| २३ | जग्गा | ५१५ | १०३ | खोपाचाँगु गा.वि.स. २, दोलखा | निजी |
| २४ | जग्गा | १२३४ | ५०५ | खोपाचाँगु गा.वि.स. २, दोलखा | निजी |
| २५ | जग्गा | १२३५ | ६७ | खोपाचाँगु गा.वि.स. २, दोलखा | निजी |
| २६ | जग्गा | १२२२ | ९८८ | खोपाचाँगु गा.वि.स. २, दोलखा | निजी |
| २७ | जग्गा | १६९१ | ६३५ | खोपाचाँगु गा.वि.स. २, दोलखा | निजी |
| २८ | जग्गा | १६९० | ८४ | खोपाचाँगु गा.वि.स. २, दोलखा | निजी |
| २९ | जग्गा | १२१६ | ३१ | खोपाचाँगु गा.वि.स. २, दोलखा | निजी |
| ३० | जग्गा | १२१५ | १२२ | खोपाचाँगु गा.वि.स. २, दोलखा | निजी |
| ३१ | जग्गा | ९११ | १६९५ | खोपाचाँगु गा.वि.स. ३, दोलखा | निजी |
| ३२ | जग्गा | १०२७ | २४९ | खोपाचाँगु गा.वि.स. ३, दोलखा | निजी |
| ३३ | जग्गा | ९१० | २२५ | खोपाचाँगु गा.वि.स. ३, दोलखा | निजी |
| ३४ | जग्गा | १०९८ | २४४ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ३५ | जग्गा | ६५२ | ४३८ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ३६ | जग्गा | ६५५ | ३३३ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ३७ | जग्गा | ६६१ | ५४९ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ३८ | जग्गा | ६६५ | ३१२ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ३९ | जग्गा | ९०२ | ५३ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | जग्गा | ९२० | २९५ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ४१ | जग्गा | २०२३ | ४०३ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ४२ | जग्गा | ९२६ | ९१ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ४३ | जग्गा | ९३० | ६५ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ४४ | जग्गा | ९६० | २५७ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ४५ | जग्गा | २८५ | ८६९ | खोपाचाँगु गा.वि.स. २, दोलखा | निजी |
| ४६ | जग्गा | १४ | ३१५ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ४७ | जग्गा | २१ | ४३५ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ४८ | जग्गा | १५४५ | ७८५ | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ४९ | जग्गा | १०५७ | १५२० | खोपाचाँगु गा.वि.स. १, दोलखा | निजी |
| ५० | जग्गा | १२४७ | ८७५ | खोपाचाँगु गा.वि.स. २, दोलखा | निजी |
| ५१ | जग्गा | ८८७ | ८९५ | कालिन्चोक गा.वि.स. १, दोलखा | निजी |
| **जम्मा क्षेत्रफल** | | | **२२,८९३ व.मि.** | | |

**(इ) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरणः**
यस परियोजना निर्माण तथा संचालनका लागि आवश्यक ऋण पूँजी जुटाउन परियोजनाका भौतिक संरचनाहरु श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको नाममा धितोबन्धक रहेको छ।

**(ई) आर्थिक वर्ष समाप्त भए पश्चात् विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक समायोजन व मूल्यांकन गरिएको भए सो को विवरणः** परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रासकट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ।

**(उ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरणः** कम्पनीको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसाबमा कायम गरिएको छ र सो को पुनर्मूल्यांकन गरिएको छैन।

**ग.३.(ग) भावी योजना तथा रणनीति :**

**(अ) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**

- कम्पनीको मुख्य भावी योजना अर्न्तगत हिउँदमा कम पानीको बहावबाट उत्पादन क्षमतामा हुन सक्ने कमिलाई ध्यानमा राखी राम्पा खोलाको पानी आयोजनाको हेडवर्कमा खसाली उत्पादन क्षमतालाई शतप्रतिशत उत्पादन गर्ने रहेको छ।
- कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक सफल कम्पनीका रुपमा स्थापित हुने।
- नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने।
- कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेका जलस्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र उत्पादित विद्युतलाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने।
- कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने।

**(आ) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**
देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हनु अगावै विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहेको।

नेपाल विद्युत प्राधिकरणको आर्थिक वर्ष २०२४/२५ को वार्षिक प्रतिवेदन बमोजिम नेपालमा आ.व. २०२४/२५ मा कुल उपलब्ध १५६४१ गिगावाट प्रति घण्टा उर्जा मध्ये भारतबाट ११ प्रतिशत विद्युत उर्जा आयात गरिएको थियो। सोही सन्दर्भमा यस कम्पनीले उत्पादन गरेको जलविद्युतले केहि मात्रामा सो कमीलाई पूर्ति गर्नेछ। साथै, राष्ट्रिय ग्रिड लाईनमा समेत जोडिने भएको हुनाले दिर्घकालसम्म यस कम्पनीले उत्पादन गरेको जलविद्युत पूर्ण रुपमा खपत हुने अवस्था रहेको छ। नेपालमा पनि विद्युतीय सामग्रीहरुको उपभोग गर्ने क्रम बढ्दै गईरहेकोले भविष्यमा विद्युतको माग बढ्ने सम्भावना रहेको हुनाले यस्ता आयोजनाहरुको भविष्य सुनिश्चित देखिन्छ। हालको अवस्थामा जलविद्युत आयोजनाहरुले उत्पादन गरेको विद्युत हिउँद महिनामा मागभन्दा कम रहेको छ भने वर्षा याममा उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरण मार्फत बिक्री गरिने छ।

**ग.३.(घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**
कम्पनीको नियमावलीको नियम (२७) (८) मा भएको व्यवस्था अनुसार कम्पनीमा १ जना स्वतन्त्र संचालक सहित देहाय बमोजिम ७ (७) जना संचालक रहेको संचालक समिति हुने व्यवस्था रहेको छ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुको तर्फबाट | ४ जना |
| सर्वसाधारण शेयरधनीहरुको तर्फबाट | २ जना |
| स्वतन्त्र संचालक | १ जना |
| **जम्मा** | **७ जना** |

**संचालक हुनका लागि लिनुपर्ने न्यूनतम शेयर सख्या तथा संचालकहरुको कार्यकाल :** यस कम्पनीको संचालकको पदमा नियुक्त हुनको लागि संस्थापक समुहको तर्फबाट संचालक हुन शेयरधनीले आफ्नो नाममा १०,००० कित्ता शेयर लिएको हुनु पर्ने र सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक हुन आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनु पर्दछ। तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन। संचालकहरुको कार्यकाल ४ वर्षको हुने छ। साथै, सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने संचालकको नियुक्त साधारण सभाबाट गरिने छ।

## ग.४. पूँजी संरचना सम्बन्धी जानकारी

**ग.४.क अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**(क) अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रु. ५५,००,००,०००/- (अक्षरेपी पचपन्न करोड रुपैया) रहेको छ । सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरले ५५,००,००० (पचपन्न लाख) थान शेयरमा विभाजन गरिएको छ ।

**(ख) जारी पूँजी :** यस कम्पनीको जारी पूँजी रु. ५५,००,००,०००/- (अक्षरेपी पचपन्न करोड रुपैया) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले ५५,००,००० (पचपन्न लाख) कित्ता शेयरमा विभाजन गरिएको छ ।

**(ग) चुक्ता पूँजी :** कम्पनीको चुक्ता पूँजी रु. ४१,२५,००,०००/- (एकचालीस करोड पच्चीस लाख रुपैया) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले ४१,२५,००० (एकचालीस लाख पच्चीस हजार) कित्ता शेयरमा विभाजन गरिएको छ । सर्वसाधारणको लागि छुट्ट्याइएको रु. १००/- का दरले १३,७५,००० कित्ता शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु. ५५,००,००,०००/- (अक्षरेपी पचपन्न करोड रुपैया) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ :**

| आर्थिक वर्ष | अधिकृत पूँजी | जारी पूँजी | चुक्ता पूँजी |
|---|---|---|---|
| २०७२/०७३ | १,००,००,००० | १,००,००,००० | १,००,००,००० |
| २०७३/०७४ | २,००,००,००० | २,००,००,००० | २,००,००,००० |
| २०७४/०७५ | ५,००,००,००० | ४,००,००,००० | ४,००,००,००० |
| २०७५/०७६ | ५,००,००,००० | ४,००,००,००० | ४,००,००,००० |
| २०७६/०७७ | ३०,००,००,००० | ३०,००,००,००० | ५,७९,००,००० |
| २०७७/०७८ | ३०,००,००,००० | ३०,००,००,००० | ८,०७,३०,००० |
| २०७८/०७९ | ३०,००,००,००० | ३०,००,००,००० | १६,५२,२०,००० |
| २०७९/८० | ३०,००,००,००० | ३०,००,००,००० | २२,५०,००,००० |
| २०८०/८१ | ३०,००,००,००० | ३०,००,००,००० | २२,५०,००,००० |
| २०८१/८२ | ४१,२५,००,००० | ४१,२५,००,००० | ३३,००,००,००० |
| २०८२/८३ | ५५,००,००,००० | ५५,००,००,००० | ४१,२५,००,००० |

**ग.४.ख. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

कम्पनीको प्रबन्धपत्रको दफा (६) मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | ४१,२५,००० | ४१,२५,००,०००/- | ७५ प्रतिशत | शत प्रतिशत |
| २ | सर्वसाधारण शेयरधनी | १३,७५,००० | १३,७५,००,०००/- | २५ प्रतिशत | हाल निष्काशन प्रक्रियामा रहेको |
| **जम्मा** | | **५५,००,०००** | **५५,००,००,०००/-** | **१०० प्रतिशत** | |

**ग.४.ग. शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :**

निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

## ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी

**ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :**

**(अ) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण**

| क्र. सं. | नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शेयर प्रतिशत | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) | प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मेट्रो इक्विटी फण्ड लिमिटेड | संस्थापक | पब्लिक लिमिटेड, दर्ता नं. ३५०२९५२८१२८२ | नेपाली | ५,००,००० | १२.१२ | | | |
| २ | श्री बिजनेस इन्ट्रेस्ट ग्रुप अफ इण्डष्ट्रिज लिमिटेड | संस्थापक | पब्लिक लिमिटेड द.नं २५७२४६/०७७/०७८ | नेपाली | ४,७०,००० | ११.३९ | | | |
| ३ | श्री बिग इन्डष्ट्रिज नेपाल प्रा.लि. | संस्थापक | प्राइभेट लिमिटेड दर्ता नं. २८५५१२/०७८।७९ | नेपाली | १,६५,२५० | ४.०१ | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | श्री इन्दिरा पन्त | अध्यक्ष | ४७ | नेपाली | २,७५,००० | ६.६७ | स्नातकोत्तर | अध्यक्ष : कालिन्चोक हाइड्रोपावर लि. संचालक (पूर्व) : साहस उर्जा हाइड्रोपावर लि. | |
| ५ | श्री रामचन्द्र उप्रेती | संचालक | ६६ | नेपाली | १,८५,००० | ४.४८ | प्रमाणपत्र तह | संचालक : कालिन्चोक हाइड्रोपावर लि. अध्यक्ष (पूर्व) : नेपाल बहुउद्देश्यीय सहकारी संस्था नेपाल । | अध्यक्ष : सयपत्री नेपाल प्रा.लि. |
| ६ | श्री गिरि राज पन्त | संस्थापक | ४५ | नेपाली | १,८२,८०० | ४.४३ | प्रमाणपत्र तह | | प्रोप्राइटर : जी टु बी फेसन, रुपन्देहि । |
| ७ | श्री आलोक कोइराला | संस्थापक | २९ | नेपाली | १,२५,००० | ३.०३ | स्नातक तह | संचालक : बीगी वेभ कनेक्सन्स् (IT कम्पनी) | |
| ८ | श्री देवकी दाहाल | संस्थापक | ४० | नेपाली | ९५,००० | २.३० | प्रमाणपत्र तह | विगतमा शिक्षकको रुपमा काम गरेको अनुभव रहेको | |
| ९ | श्री सरला उप्रेती | संस्थापक | ४१ | नेपाली | ९४,००० | २.२८ | स्नातकोत्तर तह | | व्यवस्थापक : सयपत्रि एस्.एस्. इन्टरप्राइजेज । |
| १० | टंकलाल श्रेष्ठ | संचालक | ४१ | नेपाली | १,१२,५०० | २.७३ | स्नातक तह | प्रमुख कार्यकारी अधिकृत : प्राइम मल्टीपल विजनेस फाउण्डेसन, नयाँबानेश्वर (सन २०१२ देखि हाल सम्म) | |
| ११ | श्री भवानी पोखरेल | संचालक | ४४ | नेपाली | ८५,००० | २.०६ | स्नातकोत्तर | संचालक : कालिन्चोक हाइड्रोपावर लि. अधिवक्ता : ए एण्ड .ए कानुनी सेवा | |
| १२ | श्री भागीरथी पाण्डेय | संस्थापक | ४३ | नेपाली | ६७,००० | १.६२ | माध्यमीक तह | | व्यवस्थापक : जी टु बी फेसन |
| १३ | राम प्रसाद सिटौला | संस्थापक | | नेपाली | ६५,००० | १.५८ | स्नातक | | ज्योतिष परामर्शदाता |
| १४ | श्री श्वेता आचार्य | संस्थापक | ३१ | नेपाली | ६०,००० | १.४५ | स्नातक तह | | अध्यक्ष : मिस फेशन क्रियसन प्रा.लि. |
| १५ | श्री सुरज पोखरेल | संस्थापक | २९ | नेपाली | ५५,००० | १.३३ | प्रमाण पत्र तह | विगतमा शिक्षकको रुपमा काम गरेको अनुभव रहेको | |
| १६ | यसोदा सुवेदी | संस्थापक | | नेपाली | ५५,००० | १.३३ | | संचालक : बीगी वेभ कनेक्सन्स् (IT कम्पनी) मा काम गरेको | |
| १७ | सुलक्षणा लोहनी | संस्थापक | ४९ | नेपाली | ५०,००० | १.२१ | स्नातक तह | क्याम्पस प्रशासकको रुपमा काम गरेको अनुभव रहेको | |
| १८ | अधिश बुर्लाकोटी | संस्थापक | २२ | नेपाली | ५०,००० | १.२१ | C.A. Final | दुई बर्ष लेखापरिक्षण गरेको | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | Year | अनुभव रहेको । | |
| १९ | आर्या बुर्लाकोटी | संस्थापक | १८ | नेपाली | ५०,००० | १.२१ | Level 2 | बिद्यार्थी | |
| २० | अन्जना लम्साल | संस्थापक | | नेपाली | ५०,००० | १.२१ | | गृहणी | |
| २१ | श्री रघुनाथ आचार्य | संस्थापक | ५८ | नेपाली | ४७,००० | १.१४ | | संचालक/व्यवस्थापक: सनराइज इङ्लिस स्कुल, भरतपुर | |

**संचालकको विवरण**

| क्र.सं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) | प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री इन्दिरा पन्त, कन्चन गा.पा. ५ रुपन्देही | अध्यक्ष | ४६ | नेपाली | २,७५,००० | स्नातकोत्तर | अध्यक्ष : कालिन्चोक हाइड्रोपावर लिमिटेड<br>नियुक्त मिती : २०७९/०१/१३ गते<br>बहाल रहने मिती : २०८३/०१/१२ गते<br>संचालक (पूर्व) : साहस उर्जा हाइड्रोपावर लि. | |
| २ | श्री रामचन्द्र उप्रेती, मेचीनगर न.पा. १०, झापा | संचालक | ६५ | नेपाली | १,८५,००० | प्रमाणपत्र | संचालक : कालिन्चोक हाइड्रोपावर लि.<br>नियुक्त मिती : २०७९/०१/१३ गते<br>बहाल रहने मिती : २०८३/०१/१२ गते<br>अध्यक्ष (पूर्व) : नेपाल बहुउद्देशीय सहकारी संस्था नेपाल । | अध्यक्ष : सयपत्री नेपाल प्रा.लि., झापा |
| ३ | श्री भवानी पोखरेल, भद्रपुर न.पा.७, झापा | संचालक | ४४ | नेपाली | ८५,००० | स्नातकोत्तर | संचालक : कालिन्चोक हाइड्रोपावर लि.<br>नियुक्त मिती : २०७९/०१/१३ गते<br>बहाल रहने मिती : २०८३।०१।१२ गते<br>अधिवक्ता : ए एण्ड .ए कानुनी सेवा | |
| ४ | श्री टंकलाल श्रेष्ठ कुम्पुर ८, धादिङ | संचालक | ४१ | नेपाली | ११२५०० | स्नातक | संचालक : कालिन्चोक हाइड्रोपावर लि.(<br>नियुक्त मिती : २०८१/१०/०३ गते<br>बहाल रहने मिती : २०८५/१०/०२ गते<br>प्रमुख कार्यकारी अधिकृत : प्राइम मल्टीपल विजनेस फाउण्डेसन, नयाँबानेश्वर (सन २०१२ देखि हाल सम्म) | |
| ५ | श्री हरी प्रसाद तिवारी वालिङ ४, स्याङजा | स्वतन्त्र संचालक | ४४ | नेपाली | - | स्नातकोत्तर | स्वतन्त्र संचालक : कालिन्चोक हाइड्रोपावर लि.<br>नियुक्त मिती : २०८१/१०/०३ गते<br>बहाल रहने मिती : २०८५/१०/०२ गते<br>अधिवक्ता : तिवारी एण्ड असोसिएट्स (मिति २०७० देखि हाल सम्म) | |

नोट : हाल यस कम्पनीमा संस्थापक शेयरधनी मात्र रहेको । अतः यस विवरणपत्र मार्फत सर्वसाधारण शेयरधनी समुहको शेयर निष्काशन भई बाँडफाँड सम्पन्न भए पश्चात् कानून बमोजिम कम्पनी ऐन, २०६३ को दफा ८६ अनुसार सञ्चालक समितिमा प्रतिनिधित्व रहने व्यवस्था गरिनेछ ।

**(आ) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.स. | संस्थापक शेयरधनीहरुको संक्षिप्त विवरण | संचालकहरुको नाम | पद | ठेगाना |
|---|---|---|---|---|
| १ | श्री बिजनेस इन्टरेस्ट ग्रुप अफ इण्डष्ट्रिज लि. | श्री नवराज बुर्लाकोटी | अध्यक्ष | नगार्जुन न.पा.४ |
| | | श्री इन्दिरा पन्त | संचालक | का.म.न.पा.१६ |
| | | श्री पवन पौडेल | संचालक | कागेश्वरी मनहरा न.पा.४ |
| | | श्री रामभक्त दाहाल | संचालक | बनेपा न.पा.३ |
| | | श्री सुसन बैद्य | स्वतन्त्र संचालक | का.म.न.पा २८, काठमाण्डौं |
| २ | श्री बिग इन्डष्ट्रिज नेपाल प्रा.लि. | श्री नवराज बुर्लाकोटी | अध्यक्ष | नगार्जुन न.पा.४ |
| | | श्री सुलक्षणा लोहनी | संचालक | ज्वालामुखी गा.पा.७ |
| | | श्री अधिश बुर्लाकोटी | संचालक | नगार्जुन न.पा.४ |
| ३ | श्री मेट्रो इक्विटी फण्ड लिमिटेड | श्री नवराज बुर्लाकोटी | अध्यक्ष | नगार्जुन न.पा.४ |
| | | श्री इन्दिरा पन्त | संचालक | का.म.न.पा.१६ |
| | | श्री पवन पौडेल | संचालक | कागेश्वरी मनहरा न.पा.४ |

**(इ) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.सं | संचालकको नाम | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १ | श्री इन्दिरा पन्त | श्री बिजनेस इन्टरेस्ट ग्रुप अफ इण्डष्ट्रिज लि. |
| २ | श्री रामचन्द्र उप्रेती | श्री सयपत्री नेपाल प्रा.लि, झापा । |
| ३ | श्री भवानी पोखरेल | श्री ए एण्ड ए कानुनी सेवा, ववरमहल काठमाण्डौं । |

| | | |
|---|---|---|
| ४ | श्री टंकलाल श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत : श्री प्राइम मल्टीपल विजनेस फाउण्डेसन, नयाँ बानेश्वर, काठमाण्डौं । |
| ५ | श्री हरी प्रसाद तिवारी | अधिवक्ता : श्री तिवारी एण्ड असोसिएट्स |

कम्पनी र यसका संचालकहरुले कम्पनी ऐन, २०६३ को दफा ८९(१) तथा सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्था बमोजिमको कुराहरु पालना भएको र भविष्यमा समेत गरिने व्यहोरा अनुरोध गर्दछौं ।

**(ई) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) प्रचलित कानुनको अधिनमा रही कम्पनीको शेयर कुनै व्यक्ति वा संस्थालाई बिक्री वा हस्तान्तरण गर्न सकिनेछ ।
ख) प्रचलित कानुनको स्वीकृति लिई संस्थापक र सर्वधारण समुहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न सकिने छ ।
ग) सर्वसाधारण शेयरधनी समुह बाहेक अन्य समुह (संस्थापक र अन्य समुहले) लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले ३ वर्षको अवधि पुरा नभई बिक्री गर्न पाइने छैन ।

**ग.५.ख.संस्थापक/संचालकसँगको कारोबार :**

**(अ) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण**

मिति २०८०/०४/०१ गतेको संचालक समितिको बैठकले अध्यक्षलाई परियोजना निर्माण अवधीसम्म सुपरिवेक्षण गर्ने गरि मासिक रु. १ लाख रुपैया उपलब्ध गराउने निर्णय गरेको छ । साथै, मिति २०७६/०८/१० गतेको संचालक समितिको बैठकले बैठकमा उपस्थित भए वापत अध्यक्ष तथा संचालकले पाउने प्रति बैठक भत्ता रु. ५,०००/- निर्धारण गरेको ।

**संचालकलाई प्रदान गरिएको पारिश्रमिक तथा भत्ता सम्बन्धी विवरण**

| संचालकको नाम | आ.व.२०८०/८१ | | आ.व.२०८१/८२ | |
|---|---|---|---|---|
| | पारिश्रमिक रकम | भत्ता रकम | पारिश्रमिक रकम | बैठक भत्ता रकम |
| श्री इन्दिरा पन्त | १२,००,०००/- | ६०,०००/- | १२,००,०००/- | ५५,०००/- |
| श्री रामचन्द्र उप्रेती | – | ६०,०००/- | – | ३५,०००/- |
| श्री भवानी पोखरेल | – | ३५,०००/- | – | ५५,०००/- |
| श्री टंकलाल श्रेष्ठ | – | – | – | १०,०००/- |
| श्री हरी प्रसाद तिवारी | – | – | – | १०,०००/- |
| श्री नवराज बुर्लाकोटी | – | २५,०००/- | – | २५,०००/- |
| श्री अजिना ताम्राकार | – | २०,०००/- | – | ५,०००/- |

**(आ) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

## ग.६. सीमित दायित्व सम्बन्धी विवरण

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहनेछ ।

## ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण

**ग.७.क संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(अ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने :**

| क्र.स | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | अनुभव | शेयर किता |
|---|---|---|---|---|---|---|
| १ | श्री प्रभा पन्त | प्रमुख कार्यकारी अधिकृत | स्नातकोत्तर तह | २०७६/०१/०१ | भिजन संचार नेपाल प्रा.लि मा प्रवन्धकको रुपमा ३ बर्ष कार्य अनुभव रहेको | - |
| २ | श्री रोजन भण्डारी | परियोजना प्रवन्धक | स्नातक तह (सिभिल इन्जिनियरीङ) | २०७८/०७/०८ | इलाइट कन्सल्ट प्रा.लि मा सिनियर सर्वे इन्जीनियर/ प्रोजेक्ट कोअडिनेटर को रुपमा कार्य अनुभव तथा ५ वर्ष हाइड्रोपावर कम्पनीहरुमा काम गरेको अनुभव रहेको | ५,००० |
| ३ | श्री निश्चल मानन्धर | वित्त प्रमुख | स्नातकोत्तर तह | २०७६/०४/०१ | नेपाल प्लान्ट डिजिज एण्ड एग्रो असोसियट्स कम्पनीमा वित्तीय व्यस्थापकको रुपमा २ वर्षको कार्य अनुभव रहेको | - |

नोट : उल्लेखित कार्यकारी अधिकृत कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको वा अन्य कुनै संगठित संस्थाको आधारभूत शेयरधनी नरहेको ।

**(आ) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने** : सो नभएको ।

**(इ) कर्मचारीको संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य (हाल सम्मको)**

| कुल कर्मचारी संख्या | स्थायी | अस्थायी | करार | ज्यालादारी | प्रशिक्षार्थी |
|---|---|---|---|---|---|
| १३ | २ | ३ | ७ | १ | - |

**ग.७.ख सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण**

**(अ) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा** : संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष तथा संचालकले पाउने बैठक भत्ता रु. ५,०००/- (महिनामा १ वटा बैठकको मात्र) तथा संचालकहरु साइट भ्रमणमा जाँदा प्रति दिन भ्रमण भत्ताको सुविधा नरहेको । संचालक समितिको बैठकले अध्यक्षलाई परियोजना निर्माण अवधीसम्म सुपरिवेक्षण गर्ने गरि मासिक रु. १ लाख रुपैंया उपलब्ध गराउने निर्णय गरेको छ ।

**(आ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम**

| क्र.सं. | कर्मचारीको नाम | पद | पारिश्रमिक रकम (आ.व.२०८०/८१) | पारिश्रमिक रकम (आ.व.२०८१/८२) |
|---|---|---|---|---|
| १ | श्री प्रभा पन्त | प्रमुख कार्यकारी अधिकृत | ९,३०,५१९.३५ | १०,०४,९९४ |
| २ | श्री रोजन भण्डारी | परियोजना प्रवन्धक | ४,८२,२७३.५० | ५,०५,४८८.३६ |
| ३ | श्री निश्चल मानन्धर | वित्त प्रमुख | ४,३८,०१२.४६ | ५,७५,०९१ |

**(इ) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण** : मिति २०८०/०४/०१ गतेको संचालक समितिको बैठकले अध्यक्षलाई परियोजना निर्माण अवधीसम्म सुपरिवेक्षण गर्ने गरि मासिक रु. १ लाख रुपैया उपलब्ध गराउने निर्णय गरेको छ ।

## ग.८. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :** संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पुर्ण रकम प्राप्त भैसकेको तथा प्रथमिक शेयर निष्काशनबाट थप रकम प्राप्त हुने र बैकबाट समेत ऋण प्राप्त गरिसकेकोले कम्पनीमा वित्तीय साधनको अभावबाट कुनै पनि जोखिम नहुने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :** जलश्रोतको मुहान तथा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घटन गएमा उत्पादन क्षमता घटन सक्ने जोखिम रहेको ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखम :** नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद गर्ने सम्झौता भइसकेको हुँदा बजारको जोखिम नरहेको ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम** : वर्षयाममा आउने बाढी तथा पहिरोका कारण आयोजना निर्माणमा केही ढिलाई हुन गएको छ । उक्त प्राकृतिक प्रकोपका कारण व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति प्रभावित भएको तर यसबाट विद्युत खरिद दरमा कुनै प्रतिकुल असर पर्ने छैन ।

**(ङ) विदेशी विनिमयको जोखिम :** कम्पनीद्धारा प्रवर्द्धित आयोजनाको मर्मतसम्भारको लागि आवश्यक पर्ने पाटपूर्जाहरु भारतीय कम्पनीहरुबाट आयात गरिने तथा प्रतितपत्र भारतीय मुद्रामा खोलिने गरिएको छ । नेपाल र भारतीय मुद्रा बिच रहेको स्थिर विनिमय दर (Pegged Exchange rate) भएकाले सो स्थिर विनिमय दर कायम रहुन्जेल विदेशी विनिमयको जोखिम नरहेको ।

**(च) कानूनी प्रकृयाहरु तथा इजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :** हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पुरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी विद्युत उत्पादनको लागी निर्माण कार्य भैरहेको हुनाले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा खरीद गर्नुपर्ने सामाग्रीहरु भारतीय कम्पनिहरु संग संझौता गरि LC समेत खोलिसकेको हुनाले जोखिमको संभावना न्यून रहेको ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम:** कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नीतिगत परिवर्तन भएमा यस्ता जोखिम रहने तर कम्पनीले आयात गर्ने उपकरणहरुमा भन्सार महशुल १ प्रतिशत र मूल्य अभिवृद्धि कर पूर्ण छुट हुने व्यवस्था रहेको र उपकरणहरु आयात गरि निर्माणको कार्य भैरहेको हुनाले सरकारी नीति तथा नियमहरुमा परिवर्तन भएमा हुने जोखिम नरहेको ।

**(झ) सञ्चालन इतिहासको अनुभव :** यस कम्पनीले कम्पनीको स्थापना कालदेखि नै परिपक्व तथा संचालकहरु जलविद्युत लगायत व्यवसायिक पृष्ठभूमिका भएको र कम्पनीमा कार्यरत कर्मचारीहरु समेत अनुभवि भएकोले कम्पनीमा सञ्चालन अनुभव अभावबाट हुने जोखिम नभएको ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादि । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखिम कम भएको । तथापी भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने केही हदसम्म यस व्यवसायमा असर पार्ने जोखिम रहेको छ ।

**(ट) पूर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :** सम्पूर्ण पुर्वाधार निर्माण कार्य अन्तिम चरणमा रहेकोले यसबाट जोखिम नरहेको ।

**(ठ) अन्य :**

- जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ । जलवायु परिर्वतन बाट खोलामा पानीको वाहावमा थप घट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्छ भन्ने संभावनालाई मध्यनजर गरि राम्पा खोलाको पानी समेत ल्याईने हुँदा जोखिम कम देखिन्छ ।

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजीबजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु ।
- यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भैसकेको हुनाले परियोजनाको आय निश्चित भएकाले सो जोखिम नरहेको ।

**उपरोक्त अनुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :**

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ : नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको छ । उर्जा विभिन्न श्रोतवाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत, इत्यादि । नेपाल जलश्रोतको धनि देश भएको र अन्य विद्युत उर्जाको स्रोतहरु भन्दा पानीवाट उत्पादन हुने विद्यतु लाई भरपर्दो मानिन्छ । उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने, जलविद्युत आयोजनाको लगानीमा अन्य स्रोत भन्दा न्यून जोखिम रहेको र यस प्रकारको आयोजनाले वातावरणमा पनि न्यून प्रभाव पर्ने व्यवस्थापनको धारणा रहेको छ । त्यस कारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीवाट भरपर्दो विद्युत उत्पादन गर्न सकिने र यसको लागत पनि अन्य उर्जाका श्रोत भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा जलविद्युत आयोजनाहरुमा जोखिम कम रहेको धारणा व्यवस्थापनको रहेको छ । आयोजनामा हुनसक्ने भौतिक क्षतिको जोखिमलाई न्यूनिकरण गर्नका लागि कम्पनीले बीमाको व्यवस्था गरेको छ र सो विवरण देहाय बमोजिम रहेको छ :

| बीमा कम्पनीको नाम | सम्पत्तीहरुको विवरण | बिमा गरिएको रकम रु | प्रिमियम भुक्तानी गरिएको रकम रु. | बीमालेख शुरु मिति | बीमालेख समाप्ति मिति |
|---|---|---|---|---|---|
| सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | निर्माणाधिन तथा निर्मित भौतिक संरचना | ३६,३१,७७,६९०.५४ | २४,३७,७२१.२९ | २९।०५।२०२५ | २८।०५।२०२६ |
| प्रभु इन्स्योरेन्स लिमिटेड | सवारी साधन (बोलेरो) | ३१,७५,००० | २८,३५७.४७ | १६।०२।२०२५ | १५।०२।२०२६ |
| नेको इन्स्योरेन्स लिमिटेड | सवारी साधन (मोटर साइकल) | ५८०,४१० | ८,२५१.५७ | २९।०८।२०२४ | १७।०८।२०२६ |
| नेको इन्स्योरेन्स लिमिटेड | सामुहिक कर्मचारी दुर्घटना बीमा | ७०,००,००० | १३,३८२.५० | १३।०२।२०२५ | १२।०२।२०२६ |
| नेको इन्स्योरेन्स लिमिटेड | कर्मचारी स्वास्थ्य सम्बन्धी विमा | १०,००,००० | ३०,०३० | १३।०२।२०२५ | १२।०२।२०२६ |
| प्रभु इन्स्योरेन्स लिमिटेड | एम् एस पाइपस ट्रान्सपोटेसन | १३,६५,१५,८१६.३५ | १,११,०९१.८७ | २१।०४।२०२३ | - |
| IGI Prudential Insurance Ltd. | M/S pipe and erection | १५४५३९६२७.५२ | १३८९२०२.९ | २१।०८।२०२५ | २०।०८।२०२६ |

माथि उल्लेखित बीमा लेखको समयावधि समाप्त भएको खण्डमा नवीकरण गरिनेछ ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु.१००/– प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबारमा उतार चढाव आउन सक्ने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ग.९. वित्तीय विवरण

### ग.९.क वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण

**(अ) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाव बाँडफाँड, नगद प्रवाह विवरण :**

**वित्तीय अवस्थाको विवरण (आषाढ मसान्त, २०८२)**

| विवरण | वास्तविक (रु.) |
|---|---|
| | आ.व. २०८१/०८२ |
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| स्थिर सम्पत्ति | ३,४६०,८४० |
| Intangible Assets under Development | ८२१,२३६,८१४ |
| Intagible assets under IFRIC 12 | ४१,०६१,८४१ |
| Deffered Tax Asset | – |
| व्यापार तथा अन्य आय | १५,३६५,१४३ |
| **जम्म गैर चालु सम्पत्ति** | **८८१,१२४,६३८** |
| **चालु सम्पत्ति** | |
| **वित्तिय सम्पत्ति** | |
| व्यापार तथा अन्य आय | ८०,२९८,०११ |
| नगद तथा नगत मौज्दात | ७,७९१,४०३ |
| चालु कर (खुद) | १५२,४६९ |
| अन्य वित्तिय सम्पत्ति | – |
| अन्य सम्पत्ति | – |
| **जम्मा चालु सम्पत्ति** | **८८,२४१,८८३** |
| **जम्मा सम्पत्ति** | **९६९,३६६,५२१** |

| | |
|---|---|
| **पुँजी तथा दायित्व** | |
| **पुँजी** | |
| शेयर पुँजी | ३३०,०००,००० |
| अन्य पुँजी | २१,४०६,६८३ |
| **जम्मा पुँजी** | **३५१,४०६,६८३** |
| **दायित्व** | |
| **गैर चालु दायित्व** | |
| Deffered Tax Asset | – |
| कर्जा तथा सापटी | ५३९,६२४,०२४ |
| अन्य वित्तिय दायित्व | – |
| व्यापार तथा अन्य दायित्व | १६,१५२,०५२ |
| **जम्मा गैर चालु दायित्व** | **५५५,७७६,०७६** |
| **चालु दायित्व** | |
| कर्जा तथा सापटी | १६,२७५,००० |
| Lease Liabilities | ५६७,२५२ |
| व्यापार तथा अन्य दायित्व | ४५,३४१,५१० |
| अन्य वित्तिय दायित्व | – |
| व्यवस्था | – |
| **जम्मा चालु दायित्व** | **६२,१८३,७६२** |
| **जम्मा दायित्व** | **६१७,९५९,८३७** |
| **जम्मा पुँजी तथा दायित्व** | **९६९,३६६,५२१** |

**नाफा नोक्सानको विवरण (आषाढ मसान्त, २०८२)**

| **विवरण** | **वास्तविक (रु.)** |
|---|---|
| | **आ.व. २०८१/०८२** |
| आम्दानी | – |
| अन्य आम्दानी | १,१५४,३३४ |
| **As per IFRIC 12** | |
| IFRIC१२ अनुसार निर्माण आम्दानी | ५१८,२५३,१५२ |
| IFRIC १२ अनुसार निर्माण खर्च | (४९३,५७४,४३१) |
| **कुल आम्दानी** | **२५,८३३,०५६** |
| सञ्चालन खर्च | – |
| कर्मचारी सुविधा खर्च | – |
| प्रशासनिक खर्च | १,१६८,६३५ |
| ह्रासकट्टी, अमोटाईजेसन र सम्पत्तिको हानि | १,२५०,८५३ |
| वित्तिय लागत | ७२,०९१ |
| **कुल खर्च** | **२,४९१,५७९** |
| **कर अघिको मुनाफा/(घाटा)** | **२३,३४१,४७७** |
| आय कर | **–** |
| निरन्तर संचालनबाट हुने नाफा/(नोक्सान) | **२३,३४१,४७७** |
| Profit/(Loss) on continuing operations (Net of Tax) | – |
| **यस आ.व को मुनाफा/(घाटा)** | **२३,३४१,४७७** |
| **अन्य विस्तृत आय** | |
| Exchange Gain/Loss arising on translation of foreign operations | **–** |
| Acturial Gain/9Loss) on defined Employment benefit | **–** |
| Gain/Loss on revaluation | **–** |
| **Total Comprehensive gain/(loss) for the year, net of tax** | **२३,३४१,४७७** |

**नगद प्रवाह विवरण (आषाढ मसान्त, २०८२)**

| विवरण | वास्तविक (रु.) |
|---|---|
| | आ.व. २०८१/०८२ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| यस आ.व. को मुनाफा | २३,३४१,४७७ |
| **समायोजन :** | |
| खर खर्च | – |
| ह्रासकट्टी | १,२५०,८५३ |
| व्याज आय | – |
| IFRIC १२ समायोजन | (२४,६७८,७२२) |
| व्याज खर्च | – |
| **कार्यशील पुँजी समायोजन :** | |
| अन्य चालु सम्पत्तिमा (वृद्धि)/कमी | १८,९४४,४४९ |
| व्यापार तथा अन्य आशामीहरुमा (वृद्धि)/कमी | (१९६,७२३) |
| अन्य सम्पत्तिमा (वृद्धि)/कमी | – |
| अन्य वित्तिय दायित्वमा (कमी)/वृद्धि | ८,५५४,४१५ |
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | **२७,२१५,७४९** |
| आयकर | (१०,१५६) |
| **कारोबार सञ्चालनबाट खुद नगद प्रवाह** | **२७,२०५,५९४** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | |
| स्थिर सम्पत्तिको खरिद | (१,०३९,६७५) |
| स्थिर सम्पत्तिको बिक्रि | १,९१३,३६९ |
| अमूर्त सम्पत्तिको खरिद | (४९३,५७४,४३१) |
| Addition in Investment in Projecr WIP | – |
| ब्याज आम्दानी | – |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **(४९२,७००,७३७)** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | |
| शेयर पुँजी | १०५,०००,००० |
| शेयर आवेदन रकम | – |
| अन्य गैर चालु दायित्वमा (कमी)/वृद्धि | ३५८,७९५,५१४.२८ |
| अन्य चालु दायित्वमा वृद्धि (कमी)/वृद्धि | – |
| लाभांश वितरण | – |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **४६३,७९५,५१४** |
| **नगद तथा नगदजन्यमा खुद वृद्धि/(कमी)** | **(१,६९९,६२९)** |
| **बर्षको सुरुवातमा नगद तथा नगदजन्य** | **९,४९१,०३१** |
| **बर्षको अन्त्यमा नगद तथा नगदजन्य** | **७,७९१,४०३** |

**इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण**

| विवरण | शेयर पूँजी | साधारण कोष | शेयर प्रिमियम | जगेडा कोष | जम्मा |
|---|---|---|---|---|---|
| **२०८१।०३।३१ को अन्तिम मौज्दात** | २२५,०००,००० | – | – | (१,९३४,७९४) | २२३,०६५,२०६ |
| यस आ.व. को आम्दानी | – | – | – | २३,३४१,४७७ | २३,३४१,४७७ |
| अन्य विस्तृत आम्दानी | | | | | |
| Increase/(Decrease) in Share Application Money | | | | | |
| साधारण शेयर जारी | १०५,०००,००० | | | | |
| **२०८२।०३।३२ को अन्तिम मौज्दात** | **३३०,०००,०००** | – | – | **२१,४०६,६८३** | **२१,४०६,६८३** |

(आ) सञ्चालन अवधि तीन वर्ष व्यतीत भईसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा)

**वित्तीय अवस्थाको विवरण**

| विवरण | वास्तविक (रु.) | | |
|---|---|---|---|
| | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | ३,९७८,४७६ | ५,५८५,३८७ | ३,४६०,८४० |
| Intangible Assets under Development | १३३,६४६,३१३ | ३२७,६६२,३८३ | ८२१,२३६,८१४ |
| Intagible assets under IFRIC 12 | | १६,३८३,११९ | ४१,०६१,८४१ |
| Deffered Tax Asset | | – | – |
| व्यापार तथा अन्य आय | – | १५,१६८,४१९ | १५,३६५,१४३ |
| **जम्म गैर चालु सम्पत्ति** | **१३७,६२४,७८९** | **३६४,७९९,३०९** | **८८१,१२४,६३८** |
| **चालु सम्पत्ति** | | | |
| **वित्तिय सम्पत्ति** | | | |
| व्यापार तथा अन्य आय | – | ९९,२४२,४६० | ८०,२९८,०११ |
| नगद तथा नगत मौज्दात | १७,३३०,८७९ | १४२,३१४ | ७,७९१,४०३ |
| चालु कर (खुद) | १११,७८५ | ९,४९१,०३१ | १५२,४६९ |
| अन्य वित्तिय सम्पत्ति | २४,९८६,५७३ | – | – |
| अन्य सम्पत्ति | ११०,६६३,५०८ | – | – |
| **जम्मा चालु सम्पत्ति** | **१५३,०९२,७४५** | **१०८,८७५,८०५** | **८८,२४१,८८३** |
| **जम्मा सम्पत्ति** | **२९०,७१७,५३४** | **४७३,६७५,११३** | **९६९,३६६,५२१** |
| **पुँजी तथा दायित्व** | | | |
| **पुँजी** | | | |
| शेयर पुँजी | २२५,०००,००० | २२५,०००,००० | ३३०,०००,००० |
| अन्य पुँजी | (१६,५८६,३९४) | (१,९३४,७९४) | २१,४०६,६८३ |
| **जम्मा पुँजी** | **२०८,४१३,६०६** | **२२३,०६५,२०६** | **३५१,४०६,६८३** |
| **दायित्व** | | | |
| **गैर चालु दायित्व** | | | |
| Deffered Tax Asset | – | – | – |
| कर्जा तथा सापटी | ६३,८३८,४४० | १९०,८९०,२०८ | ५३९,६२४,०२४ |
| अन्य वित्तिय दायित्व | २७०,५२७ | – | – |
| व्यापार तथा अन्य दायित्व | – | ६,०९०,३५३ | १६,१५२,०५२ |
| **जम्मा गैर चालु दायित्व** | **६४,१०८,९६७** | **१९६,९८०,५६१** | **५५५,७७६,०७६** |
| **चालु दायित्व** | | | |
| कर्जा तथा सापटी | – | १८,५६०,००० | १६,२७५,००० |
| Lease Liabilities | – | – | ५६७,२५२ |
| व्यापार तथा अन्य दायित्व | – | ३५,०६९,३४६ | ४५,३४१,५१० |
| अन्य वित्तिय दायित्व | १८,०९५,५८५ | – | – |
| व्यवस्था | ९९,३७५ | – | – |
| **जम्मा चालु दायित्व** | **१८,१९४,९६०** | **५३,६२९,३४६** | **६२,१८३,७६२** |
| **जम्मा दायित्व** | **८२,३०३,९२७** | **२५०,६०९,९०८** | **६१७,९५९,८३७** |
| **जम्मा पुँजी तथा दायित्व** | **२९०,७१७,५३४** | **४७३,६७५,११३** | **९६९,३६६,५२१** |

**नाफा नोक्सानको विवरण**

| विवरण | वास्तविक (रु.) |
|---|---|
| | आ.व. २०७९/०८० |
| आम्दानी | |
| (छुट) | |
| **जम्मा सञ्चालन आय** | – |
| सञ्चालन खर्च | – |
| **कुल नाफा** | – |
| अन्य आय | – |
| अन्य खर्च | – |

| | |
|---|---|
| कार्मचारी लाभ खर्च | – |
| प्रशासनिक खर्च | (४७९,८६५) |
| ह्रासकट्टी | (१,५०३,८३५) |
| **सञ्चालन बाट मुनाफा** | **(१,९८३,७००)** |
| वित्तिय आम्दानी | ४१०,२४३ |
| वित्तिय खर्च | (६०,९९४) |
| **बोनश तथा कर अधिको मुनाफा/(घाटा)** | **(१,६३४,४५१)** |
| कर्मचारी बोनश | – |
| **कर अधिको मुनाफा/(घाटा)** | **(१,६३४,४५१)** |
| **कर व्यवस्था** | |
| यस आ.व को कर | – |
| Deferred Income /(Expenses) | – |
| **यस आ.व को मुनाफा/(घाटा)** | **(१,६३४,४५१)** |

## नाफा नोक्सानको विवरण

| विवरण | वास्तविक (रु.) | |
|---|---|---|
| | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
| आम्दानी | – | – |
| अन्य आम्दानी | ३७१,१५० | १,१५४,३३४ |
| **As per IFRIC 12** | | |
| IFRIC१२ अनुसार निर्माण आम्दानी | ३४४,०४५,५०२ | ५१८,२५३,१५२ |
| IFRIC १२ अनुसार निर्माण खर्च | (३२७,६६२,३८३) | (४९३,५७४,४३१) |
| **कुल आम्दानी** | **१६,७५४,२६९** | **२५,८३३,०५६** |
| सञ्चालन खर्च | – | – |
| कर्मचारी सुविधा खर्च | – | – |
| प्रशासनिक खर्च | ५६२,४७७ | १,१६८,६३५ |
| ह्रासकट्टी, अमोटाईजेसन र सम्पत्तिको हानि | १,५१८,०८८ | १,२५०,८५३ |
| वित्तिय लागत | २२,१०५ | ७२,०९१ |
| **कुल खर्च** | **२,१०२,६७०** | **२,४९१,५७९** |
| **कर अधिको मुनाफा/(घाटा)** | **१४,६५१,५९९** | **२३,३४१,४७७** |
| आय कर | – | – |
| निरन्तर संचालनबाट हुने नाफा/(नोक्सान) | **१४,६५१,५९९** | **२३,३४१,४७७** |
| Profit/(Loss) on continuing operations (Net of Tax) | – | – |
| **यस आ.व को मुनाफा/(घाटा)** | **१४,६५१,५९९** | **२३,३४१,४७७** |
| **अन्य विस्तृत आय** | | |
| Exchange Gain/Loss arising on translation of foreign operations | – | – |
| Acturial Gain/9Loss) on defined Employment benefit | – | – |
| Gain/Loss on revaluation | – | – |
| **Total Comprehensive gain/(loss) for the year, net of tax** | **१४,६५१,५९९** | **२३,३४१,४७७** |

## नगद प्रवाह विवरण

| विवरण | वास्तविक (रु.) |
|---|---|
| | आ.व. २०७९/०८० |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| यस आ.व. को मुनाफा | (१,६३४,४५१) |
| **समायोजन :** | |
| ह्रासकट्टी | १,५०३,८३५ |
| वित्तिय आम्दानी | (४१०,२४३) |
| **कार्यशील पुंजी समायोजन :** | |
| अन्य वित्तिय सम्पत्तिमा (वृद्धि)/कमी | (२४,३८६,५७२) |
| अन्य सम्पत्तिमा (वृद्धि)/कमी | (३९,१५७,५५२) |
| चालु कर सम्पत्तिमा (वृद्धि)/कमी | (६१,४८४) |
| अन्य वित्तिय दायित्वमा (कमी)/वृद्धि | १६,६७८,७५८ |
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | **(४७,४६७,७०९)** |
| आयकर | |
| **कारोबार सञ्चालनबाट खुद नगद प्रवाह** | **(४७,४६७,७०९)** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | |
| ब्याज | ४१०,२४३ |

| | |
|---|---|
| स्थिर सम्पत्तिको खरिद | (१७३,०९६) |
| Project Work In Progress मा कमी/(वृद्धि) | (६५,९३५,७५३) |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **(६५,६९८,६०५)** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | |
| शेयर पुँजी | ५९,७८०,००० |
| शेयर आवेदन रकम | (९,६००,०००) |
| अन्य दिर्घकालीन वित्तिय दायित्वमा वृद्धि | ६३,८३८,४४० |
| अन्य अल्पकालीन वित्तिय दायित्वमा वृद्धि | - |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **११४,०१८,४४०** |
| **नगद तथा नगदजन्यमा खुद वृद्धि/(कमी)** | **८५२,१२६** |
| **बर्षको सुरुवातमा नगद तथा नगदजन्य** | **१६,४७८,७५३** |
| **बर्षको अन्त्यमा नगद तथा नगदजन्य** | **१७,३३०,८७९** |

**नगद प्रवाह विवरण**

| **विवरण** | **वास्तविक (रु.)** | |
|---|---|---|
| | **आ.व. २०८०/०८१** | **आ.व. २०८१/०८२** |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | |
| यस आ.व. को मुनाफा | १४,६५१,५९९ | २३,३४१,४७७ |
| **समायोजन :** | | |
| खर खर्च | - | - |
| ह्रासकट्टी | १,५१८,०८८ | १,२५०,८५३ |
| व्याज आय | (३७१,१५०) | - |
| IFRIC १२ समायोजन | (१६,३८३,११९) | (२४,६७८,७२२) |
| व्याज खर्च | - | - |
| **कार्यशील पुँजी समायोजन :** | | |
| अन्य चालु सम्पत्तिमा (वृद्धि)/कमी | - | १८,९४४,४४९ |
| व्यापार तथा अन्य आशामीहरुमा (वृद्धि)/कमी | ९,८१८,१५४ | (१९६,७२३) |
| अन्य सम्पत्तिमा (वृद्धि)/कमी | ११,८८७,०८० | - |
| अन्य वित्तिय दायित्वमा (कमी)/वृद्धि | २२,२२८,१७८ | ८,५५४,४१५ |
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | **४३,३४८,८३०** | **२७,२१५,७४९** |
| आयकर | (३०,५२८) | (१०,१५६) |
| **कारोबार सञ्चालनबाट खुद नगद प्रवाह** | **४३,३१८,३०२** | **२७,२०५,५९४** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| स्थिर सम्पत्तिको खरिद | (३,१२५,०००) | (१,०३९,६७५) |
| स्थिर सम्पत्तिको बिक्रि | | १,९१३,३६९ |
| अमूर्त सम्पत्तिको खरिद | | (४९३,५७४,४३१) |
| Addition in Investment in Projecr WIP | (१९४,०१६,०७१) | - |
| व्याज आम्दानी | ३७१,१५० | - |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **(१९६,७६९,९२१)** | **(४९२,७००,७३७)** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | |
| शेयर पुँजी | | १०५,०००,००० |
| शेयर आवेदन रकम | | - |
| अन्य गैर चालु दायित्वमा (कमी)/वृद्धि | १२७,०५१,७६८ | ३५८,७९५,५१४.२८ |
| अन्य चालु दायित्वमा वृद्धि (कमी)/वृद्धि | १८,५६०,०००.०० | - |
| लाभांश वितरण | - | - |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **१४५,६११,७६८** | **४६३,७९५,५१४** |
| **नगद तथा नगदजन्यमा खुद वृद्धि/(कमी)** | **(७,८३९,८५१)** | **(१,६९९,६२९)** |
| **बर्षको सुरुवातमा नगद तथा नगदजन्य** | **१७,३३०,८७९** | **९,४९१,०३१** |
| **बर्षको अन्त्यमा नगद तथा नगदजन्य** | **९,४९१,०३१** | **७,७९१,४०३** |

**इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण**

| विवरण | शेयर पूंजी | साधारण कोष | शेयर प्रिमियम | जगेडा कोष | जम्मा |
|---|---|---|---|---|---|
| **२०७९।०३।३२ को अन्तिम मौज्दात** | १६५,२२०,००० | – | | (१४,९५१,९४३) | १५०,२६८,०५७ |
| **२०७९।०४।०१ को सूरु मौज्दात** | १६५,२२०,००० | – | | (१४,९५१,९४३) | १५०,२६८,०५७ |
| यस आ.व. को आम्दानी | – | – | | (१,६३४,४५१) | (१,६३४,४५१) |
| अन्य विस्तृत आम्दानी | – | – | | – | – |
| **जम्मा विस्तृत आम्दानी** | – | – | | (१,६३४,४५१) | (१,६३४,४५१) |
| हकप्रद शेयर जारी | – | – | | – | – |
| शेयर पुँजीमा वृद्धि | **५९,७८०,०००** | – | | – | **५९,७८०,०००** |
| बोनश शेयर जारी | – | – | | – | – |
| शेयर निष्कासन खर्च | – | – | | – | – |
| Prior Period Error Adjusted | – | – | | – | – |
| शेयरधनीलाई लाभासं | – | – | | – | – |
| **२०८०।०३।३१ को अन्तिम मौज्दात** | २२५,०००,००० | – | – | (१६,५८६,३९३) | (२०८,४१३,६०६) |
| **२०८०।०४।०१ को सूरु मौज्दात** | २२५,०००,००० | – | – | (१६,५८६,३९३) | (२०८,४१३,६०७) |
| यस आ.व. को आम्दानी | – | – | – | १४,६५१,५९९ | १४,६५१,५९९ |
| अन्य विस्तृत आम्दानी | – | – | | | |
| नगद लाभांश | | | | | |
| शेयर आवेदन रकममा वृद्धि /(कमी) | | | | | |
| शेयर निष्कासन | | | | | |
| **२०८१।०३।३१ को अन्तिम मौज्दात** | २२५,०००,००० | – | – | (१,९३४,७९४) | २२३,०६५,२०६ |
| यस आ.व. को आम्दानी | – | – | – | २३,३४१,४७७ | २३,३४१,४७७ |
| अन्य विस्तृत आम्दानी | | | | | |
| Increase/(Decrease) in Share Application Money | | | | | |
| साधारण शेयर जारी | १०५,०००,००० | | | | |
| **२०८२।०३।३२ को अन्तिम मौज्दात** | **३३०,०००,०००** | – | – | **२१,४०६,६८३** | **३५१,४०६,६८३** |

**अतिरिक्त खुलासा (Disclosure)**

**(क) विगत ३ आ.व.मा संस्थाले अवलम्बन गरेको नयाँ लेखा नीति, सो नीति अवलम्बन गर्नुको औचित्य तथा कारण र सोको वित्तीय प्रभाव सम्बन्धी विवरण ।**

यस कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) लाई पुर्णरुपमा पालना गर्ने क्रममा, हालै गरिएको विस्तृत लेखा मूल्यांकनका आधारमा, जलविद्युत परियोजनामा सेवा सम्झौता व्यवस्था (Service Concession Arrangements) लागू गरेको छ । आर्थिक वर्ष २०८१/८२ देखि IFRIC 12 को कार्यान्वयन गरी वित्तीय विवरणलाई नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरुप बनाउने तथा पारदर्शिता अभिवृद्धि गर्ने विश्वास गरिएको छ । यस जलविद्युत कम्पनीद्वारा IFRIC 12 लागु गराउनका आधारहरु निम्न बमोजिम रहेको छन्:

- **IFRS सँग एकरुपता रहेको लेखामान (NFRS) को अवलम्बन** - नेपाल लेखामान बोर्ड (ASB) ले नेपाल वित्तीय प्रतिवेदन मान ( NFRS) लागू गरेको हुँदा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (IFRS) सँग एकरुपता रहेको । यसमा IFRIC 12 का सबै मापदण्डहरु समावेश गरिएको छ ।
- **सार्वजनिक-निजी साझेदारी (PPP)** - नेपालमा धेरै पूर्वाधार परियोजनाहरु जस्तै जलविद्युत्, सडक र सञ्चार क्षेत्र सार्वजनिक-निजी साझेदारी बमोजिम सञ्चालन हुने गर्दछन । तसर्थ IFRIC 12 लाई Service Concession Arrangements को लेखा पद्दति निर्धारण गर्न प्रयोग गरिन्छ ।
- **सरकारी नियन्त्रण अन्तर्गतको पूर्वाधारको लेखा** - निजी कम्पनीले भविष्यमा सरकारको स्वामित्वमा हस्तान्तरण हुने पूर्वाधार निर्माण तथा सञ्चालन गरेमा IFRIC 12 बमोजिम उक्त पूर्वाधारको स्वामित्व निजी कम्पनीको हिसाबमा लेखांकन नगरिने हुँदा उक्त सम्पत्तिलाई वित्तीय सम्पत्ति वा अमूर्त सम्पत्तिको रुपमा लेखांकन गरिने ।
- **वित्तीय पारदर्शिता र अन्तर्राष्ट्रिय अभ्यास** - IFRIC 12 मापदण्ड पालना गर्दा वित्तीय विवरणहरु अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन सँग एकरुपता हुने हुँदा लगानीकर्ता, नियामक निकाय तथा सरोकारवालाहरुलाई पारदर्शी तथा विश्वसनीय सूचना उपलब्ध हुने ।

➢ कम्पनीले निर्माण गरिरहेको आयोजना नेपाल सरकार (नेपाल विद्युत प्राधिकरण) सँग गरीएको सम्झौताको आधारमा ३० वर्षका लागि निर्माण तथा संचालन गर्ने र उक्त समय पश्चात् सो परियोजना नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ। BOOT (Built Own Operate Transfer) मोडल अन्तर्गत निर्माण गरीने परियोजनाहरु NFRS अनुसार IFRIC 12 (Service Concession Arrangement) र NAS 11 (Construction Contract) मापदण्डहरु बमोजिम लेखांकन गरिन्छ । उक्त मापदण्डहरु कम्पनीले तयार गरेको वित्तीय विवरणमा विस्तृत रुपमा खुलाईएको छ । NAS 11 (Construction Contract) मापदण्ड बमोजिम गरीएको हिसाबको विवरण निम्न बमोजिम रहेको छ।

| विवरण | असार मसान्त २०८२ | असार मसान्त २०८१ |
|---|---|---|
| आयोजना निर्माण लागत | ४९३,२३२,७५१ | ३२७,६६२,३८३ |

**(ख) आयोजना/परियोजना भएको अवस्थामा व्याजको पूँजीकरण सम्बन्धी विवरण।**

NFRS तथा कम्पनीको लेखा नीति बमोजिम २०८२ आषाढ मसान्तसम्म व्याजको पूँजीकरण निम्न बमोजिम गरिएको छ।

| आर्थिक वर्ष | पूँजीकरण रकम (रु. करोड) |
|---|---|
| २०८१/८२ | ४७,७१५,८०७ |
| २०८०/८१ | १७,१५८,६८९ |

**(ग) अस्वभाविक आम्दानी तथा खर्च सम्बन्धी कारोवारको विस्तृत विवरण।**

कम्पनीको हालसम्म अस्वभाविक आम्दानी तथा खर्च सम्बन्धी कारोबार नरहेको।

**(घ) संभावित दायित्व तथा सोबाट नेटवर्थमा पर्न जान सक्ने प्रभाव सम्बन्धी विवरण।**

हालसम्म नेटवर्थमा उल्लेखनीय प्रभाव पार्न सक्ने संभावित दायित्व रहेको छैन।

**(ङ) Commercial Operation Date (COD) / PPA तथा सोको पछिल्लो संशोधन बमोजिमको RCOD**

Required Commercial Operation Date (COD): 2082/04/04

**(च) IRR, Normal Payback Period, Discounted Payback Period, Net Present Value, Cost of Capital, Debt Equity Ratio**

**Net Present Value (NPV) गणना विधि तथा तरिका**

| | | |
|---|---|---|
| Internal Rate of Return (IRR) | 10.35% | |
| साधारण लगानी फिर्ता हुने अवधि (PBP) | 9.19 Years | |
| डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | 15.37 Years | |
| Net Present Value (NPV) | Rs. 2,58,66,782 | |
| Cost of Capital | 10 % | |
| Debt to Total Capital Ratio | 158 % | |
| Return on Equity | 6.5% | |
| Return on Capital Employed | 7% | |
| Average Return on Networth | 6.63% | |
| EPS | Rs. 7.06 | |
| Networth Per Share | Rs. 106 | |
| Debt Financing Institutions सम्बन्धी विवरण | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | |
| प्रसारण लाइन सम्बन्धी विवरण | सम्पन्न कार्य प्रगति प्रतिशत | १०० प्रतिशत |
| | सवस्टेशनको नाम | सिङ्गटी सबस्टेशन |
| | सवस्टेशनको ठेगाना | दोलखा जिल्ला |
| | दूरी | ७.४ कि.मि. |
| | क्षमता | १३२ के.भि. |
| पछिल्लो १२ महिनामा संचालनलाई असर पुऱ्याउने प्रमुख घटना | सो नभएको। | |
| RCOD मिति | २०८२/०४/०४ (मिति २०८२/०५/२० मा RCOD मिति थपका लागि नेपाल विद्युत प्राधिकरणमा निवेदन दिएको।) | |
| विद्युत उत्पादन अनुमति प्रदान मिति | २०७६/१०/०१ | |
| उत्पादन अनुमति वहाल रहने मिति तथा बाँकी अवधि | २१११/०९/३० | |
| उत्पादन अनुमतिको बहाल रहने मिति पश्चात् आयोजना हस्तान्तरण हुने वा अन्य व्यवस्था हुने सम्बन्धी विवरण | यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र मिति २१११/०९/३० गते सम्म बहाल रहेको र उक्त अवधि पश्चात् परियोजना नेपाल सरकारलाई हस्तान्तरण गरिने छ। यसरी BOOT (Built Own Operate Transfer) मोडलमा निर्माण गरीने परियोजनाको हकमा NFRS अनुसार IFRIC 12 (Service Concession Arrangement) र NAS 11 (Construction Contract) मापदण्ड बमोजिम लेखांकन गरिएको छ। | |
| Project Construction शुरु र सम्पन्न मिति | सन् २०२२ जनवरी देखि निर्माण कार्य सुरुवात गरिएको । हाल आयोजना निर्माणको अन्तिम चरणमा रहेको। | |

**Financial Ratios**

| विवरण | २०८०/८१ वास्तविक | २०८१/८२ वास्तविक | २०८२/८३ प्रक्षेपित | २०८३/८४ प्रक्षेपित | २०८४/८५ प्रक्षेपित |
|---|---|---|---|---|---|
| Earning Per Share | (०.७७) | ७.०६ | ४.४९ | २.३३ | ३.५६ |
| Book Value per Share | ९१.८६ | १०६.४७ | १०९.६७ | ११२.०० | ११५.५६ |
| Net Profitability (%) | ० | ४% | १७% | ६% | ९% |
| Current Ratio | २.०४ | १.३० | २६ | ३१ | ३६ |
| Quick Ratio | २.०४ | १.३० | २६ | ३१ | ३६ |
| Cash Ratio | ०.१८ | ०.१३ | १.०५ | १.५४ | १.९९ |
| Return on Equity | -८% | ६.५% | ९.७% | १२.०% | १५.६% |
| Liability to Shareholders Equity Ratio | १.२१ | १.७६ | २.१४ | २.०९ | २.०२ |
| Liability to Assets Ratio | ०.५५ | ०.६४ | ०.६८ | ०.६८ | ०.६७ |

**(इ) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :**

**वित्तीय अवस्थाको विवरण (२०८२ पौष मसान्त, अपरिष्कृत)**

| विवरण | अपरिष्कृत (रु.) पौष मसान्त २०८२ |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| स्थिर सम्पत्ति | ३,०८६,४४५ |
| Intangible Assets under Development | ९६८,११२,२०१ |
| Intagible assets under IFRIC 12 | ४८,४०५,६१० |
| Deffered Tax Asset | - |
| व्यापार तथा अन्य आय | १४,९२५,८३० |
| **जम्म गैर चालु सम्पत्ति** | **१,०३४,५३०,०८५** |
| **चालु सम्पत्ति** | |
| **वित्तिय सम्पत्ति** | |
| व्यापार तथा अन्य आय | १२२,०५०,१६१ |
| नगद तथा नगत मौज्दात | ७,५८२,२२८ |
| चालु कर (खुद) | - |
| **जम्मा चालु सम्पत्ति** | **१२९,६३२,३८९** |
| **जम्मा सम्पत्ति** | **१,१६४,१६२,४७५** |
| **पुँजी तथा दायित्व** | |
| **पुँजी** | |
| शेयर पुँजी | ४१२,५००,००० |
| Share application money | - |
| संचित मुनाफा | २७,४४१,१८४ |
| **जम्मा पुँजी** | **४३९,९४१,१८४** |
| **दायित्व** | |
| **गैर चालु दायित्व** | |
| Deffered Tax Asset | - |
| कर्जा तथा सापटी | ६१६,७२२,७५६ |
| व्यापार तथा अन्य दायित्व | १६,६०९,९९५ |
| **जम्मा गैर चालु दायित्व** | **६३३,३३२,७५०** |
| **चालु दायित्व** | |
| कर्जा तथा सापटी | १६,२७५,००० |
| Lease Liabilities | ५५७,२८६ |
| व्यापार तथा अन्य दायित्व | ७४,०५६,२५४ |
| **जम्मा चालु दायित्व** | **९०,८८८,५४०** |
| **जम्मा दायित्व** | **७२४,२२१,२९१** |
| **जम्मा पुँजी तथा दायित्व** | **१,१६४,१६२,४७५** |

### नाफा नोक्सान विवरण (२०८२ पौष मसान्त, अपरिष्कृत)

| विवरण | अपरिष्कृत (रु.) |
|---|---|
| | पौष मसान्त २०८२ |
| आम्दानी | – |
| अन्य आम्दानी | ७,३२७ |
| **As per IFRIC 12** | |
| IFRIC१२ अनुसार निर्माण आम्दानी | १५४,२१९,१५६ |
| IFRIC १२ अनुसार निर्माण खर्च | (१४६,८७५,३८६) |
| **कुल आम्दानी** | **७,३५१,०९६** |
| सञ्चालन खर्च | – |
| कर्मचारी सुविधा खर्च | – |
| प्रशासनिक खर्च | ९१५,१९४ |
| ह्रासकट्टी, अमोटाईजेसन र सम्पत्तिको हानि | ३७४,९३५ |
| वित्तिय लागत | २७,००६ |
| **कुल खर्च** | **१,३१६,५९५** |
| **कर अधिको मुनाफा/(घाटा)** | **६,०३४,५०१** |
| आय कर | – |
| निरन्तर सञ्चालनबाट हुने नाफा/(नोक्सान) | **६,०३४,५०१** |
| Profit/(Loss) on continuing operations (Net of Tax) | – |
| **यस आ.व को मुनाफा/(घाटा)** | **६,०३४,५०१** |
| **अन्य विस्तृत आय** | |
| Exchange Gain/Loss arising on translation of foreign operations | – |
| Acturial Gain/9Loss) on defined Employment benefit | – |
| Gain/Loss on revaluation | – |
| **Total Comprehensive gain/(loss) for the year, net of tax** | ६,०३४,५०१ |

### नगद प्रवाह विवरण (२०८२ पौष मसान्त, अपरिष्कृत)

| विवरण | अपरिष्कृत (रु.) |
|---|---|
| | पौष मसान्त २०८२ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| यस आ.व. को मुनाफा | ६,०३४,५०१ |
| **समायोजन :** | |
| खर खर्च | – |
| ह्रासकट्टी | ३७४,३९५ |
| व्याज आय | – |
| IFRIC १२ समायोजन | (७,३४३,७६९) |
| व्याज खर्च | – |
| **कार्यशील पुँजी समायोजन :** | |
| अन्य चालु सम्पत्तिमा (वृद्धि)/कमी | (४१,७५२,१५०) |
| व्यापार तथा अन्य आशामीहरुमा (वृद्धि)/कमी | ४३९,३१३ |
| अन्य सम्पत्तिमा (वृद्धि)/कमी | – |
| अन्य वित्तिय दायित्वमा (कमी)/वृद्धि | २८,७०४,७७८ |
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | **(१३,५४२,९३२)** |
| आयकर | १५२,४६९ |
| **कारोबार सञ्चालनबाट खुद नगद प्रवाह** | **(१३,३९०,४६३)** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | |
| स्थिर सम्पत्तिको खरिद | – |
| स्थिर सम्पत्तिको बिक्रि | – |
| अमूर्त सम्पत्तिको खरिद | (१४६,८७५,३८६) |
| Addition in Investment in Projecr WIP | – |
| ब्याज आम्दानी | – |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **(१४६,८७५,३८६)** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | |
| शेयर पुँजी | ८२,५००,००० |
| शेयर आवेदन रकम | – |
| अन्य गैर चालु दायित्वमा (कमी)/वृद्धि | ७७,५५६,६७४.८६ |

| | |
|---|---|
| अन्य चालु दायित्वमा वृद्धि (कमी)/वृद्धि | – |
| लाभांश वितरण | – |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **१६०,०५६,६७५** |
| **नगद तथा नगदजन्यमा खुद वृद्धि/(कमी)** | **(२०९,१७४)** |
| **बर्षको सुरुवातमा नगद तथा नगदजन्य** | **७,७९१,४०३** |
| **बर्षको अन्त्यमा नगद तथा नगदजन्य** | **७,५८२,२३०** |

**इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (२०८२ पौष मसान्त, अपरिष्कृत)**

| विवरण | शेयर पूँजी | शेयर आवेदन रकम | शेयर प्रिमियम | जगेडा कोष | जम्मा |
|---|---|---|---|---|---|
| **२०८१।०४।०१ को सूरु मौज्दात** | **३३०,०००,०००** | **–** | **–** | **(१,९३४,७९४)** | **३२८,०६५,२०६** |
| यस आ.व. को आम्दानी | | | | २३,३४१,४७७ | २३,३४१,४७७ |
| अन्य विस्तृत आम्दानी | – | – | – | – | – |
| नगद लाभांश | | | | – | – |
| शेयर आवेदन रकममा वृद्धि /(कमी) | – | – | – | – | – |
| शेयर निष्कासन | – | – | – | – | – |
| **२०८२।०३।३२ को अन्तिम मौज्दात** | **३३०,०००,०००** | **–** | **–** | **२१,४०६,६८३** | **३५१,४०६,६८३** |
| यस आ.व. को आम्दानी | – | – | – | ६,०३४,५०१ | ६,०३४,५०१ |
| अन्य विस्तृत आम्दानी | – | – | – | – | – |
| शेयर आवेदन रकममा वृद्धि /(कमी) | – | – | – | – | – |
| शेयर निष्कासन | – | – | – | – | – |
| **२०८२।०९।३० को अन्तिम मौज्दात** | **३३०,०००,०००** | **–** | **–** | **२७,४४१,१८४** | **३५७,४४१,१८४** |

(ई) **आम्दानी र खर्चको हिसावमा कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण** : सो नभएको ।

(उ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :** पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात् संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छैन ।

(ऊ) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने :** सो नभएको ।

(ए) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य, (ई) पूनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

(ऐ) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**

**वित्तीय अवस्थाको विवरण**

| विवरण | प्रक्षेपित (रु.) | | |
|---|---|---|---|
| | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | ३,३४५,४७९ | ३,२३०,११७ | ३,११४,७५६ |
| Intangible Assets under Development | १,२५६,९५३,७८७ | १,२१३,६१०,५५३ | १,१७०,२६७,३१९ |
| Deffered Tax Asset | – | – | – |
| **जम्म गैर चालु सम्पत्ति** | **१,२६०,२९९,२६६** | **१,२१६,८४०,६७१** | **१,१७३,३८२,०७५** |
| **चालु सम्पत्ति** | | | |
| व्यापार तथा अन्य आय | १६,९०१,६५७ | १८,५९१,८२३ | २०,४५१,००५ |
| अन्य अग्रिम | ८८,३२७,८१२ | ९७,१६०,५९३ | १०६,८७६,६५३ |
| नगद तथा नगत मौज्दात | ७६,७९६,३१७ | ११४,३१५,२८१ | १५४,५५९,८७७ |
| चालु कर सम्पत्ति | १६७,७१६ | १८४,४८७ | २०२,९३६ |
| **जम्मा चालु सम्पत्ति** | **१८२,१९३,५०२** | **२३०,२५२,१८५** | **२८२,०९०,४७२** |
| **जम्मा सम्पत्ति** | **१,४४२,४९२,७६८** | **१,४४७,०९२,८५६** | **१,४५५,४७२,५४७** |
| **पुँजी तथा दायित्व** | | | |
| **पुँजी** | | | |
| अधिकृत पुँजी | ५५०,०००,००० | ५५०,०००,००० | ५५०,०००,००० |
| शेयर पुँजी | ५५०,०००,००० | ५५०,०००,००० | ५५०,०००,००० |
| अग्रिम शेयर पुँजी | – | – | – |
| जगेडा कोष/संचित मुनाफा | २४,३२३,८०५ | ७३,११२,२४४ | १२८,८५१,४५४ |
| **जम्मा पुँजी** | **५७४,३२३,८०५** | **६२३,११२,२४४** | **६७८,८५१,४५४** |
| दिर्घकालिन कर्जा | | | |

| | | | |
|---|---|---|---|
| Secured Consortium Term Loan -1 | ७८५,८६५,५१८ | ७३७,५७४,८६८ | ६८५,९१९,२९५ |
| जम्मा दिर्घकालिन कर्जा | ७८५,८६२,२१८ | ७३७,५७४,८६८ | ६८५,९१९,२९५ |
| **चालु दायित्व तथा व्यवस्था** | | | |
| अल्पकालिन कर्जा तथा सापटी | १७,२५१,५०० | १८,२८६,५९० | १९,३८३,७८५ |
| Lease Liability | ४८७,००५ | ३२२,५०२ | १३१,५२८ |
| व्यापार तथा अन्य दायित्व | ६४,५६८,२४० | ६७,७९६,६५२ | ७१,१८६,४८५ |
| **जम्मा चालु दायित्व** | ८२,३०६,७४५ | ८६,४०५,७४४ | ९०,७०१,७९८ |
| **जम्मा पुँजी तथा दायित्व** | **१,४४२,४९२,७६८** | **१,४४७,०९२,८५६** | **१,४५५,४७२,५४७** |

## नाफा नोक्सानको विवरण

| विवरण | प्रक्षेपित (रु.) | | |
|---|---|---|---|
| | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ |
| आम्दानी | ४०५,२१७,७६९ | – | – |
| प्रत्यक्ष आय | ४१,५०८,४३२ | १५८,२७८,९११ | १६३,०२७,२७८ |
| construction expenses | ३८५,९२१,६८५ | – | – |
| रोयल्टी खर्च | १,३३०,१६९ | ३,६६५,५७८ | ३,७६०,५४६ |
| प्रोजेक्ट खर्च | १,६९१,५०० | २९४,४१५ | २९७,३५९ |
| **कुल मुनाफा** | **५७,७८२,८४८** | **१५४,३१८,९१८** | **१५८,९६९,३७३** |
| अन्य आम्दानी | – | – | – |
| प्रशासनिक खर्च | २,५०३,९८० | २,५२९,०१९ | २,५५४,३१० |
| **संचालन मुनाफा** | **५५,२७८,८६८** | **१५१,७८९,८९९** | **१५६,४१५,०६४** |
| वित्तीय खर्च | ४१,२४६,१७९ | ५२,२२४,५९९ | ४८,८५६,३७६ |
| ह्रासकट्टी | ११५,३६१ | ११५,३६१ | ११५,३६१ |
| अमोटाईजेशन | १०,५६२,६३७ | ४३,३४३,२३४ | ४३,३४३,२३४ |
| **कर्मचारी बोनस अधिको मुनाफा** | **३,३५४,६९१** | **५६,१०६,७०४** | **६४,१००,०९२** |
| कर्मचारी बोनस व्यवस्था | ४३७,५६८ | ७,३१८,२६६ | ८,३६०,८८२ |
| **कर अधिको मुनाफा** | २,९१७,१२२ | ४८,७८८,४३९ | ५५,७३९,२११ |
| कर खर्च | – | – | – |
| **कर पछिको मुनाफा** | **२,९१७,१२२** | **४८,७८८,४३९** | **५५,७३९,२११** |
| लाभांश खर्च | – | – | – |
| गत आ.व.सम्मको मुनाफा/(घाटा) | २१,४०६,६८३ | २४,३२३,८०५ | ७३,११२,२४४ |
| **जगेडा कोषमा सारिएको रकम** | २४,३२३,८०५ | ७३,११२,२४४ | १२८,८५१,४५४ |

## नगद प्रवाह विवरण

| विवरण | प्रक्षेपित (रु.) | | |
|---|---|---|---|
| | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| **यस आ.व. को मुनाफा** | **२,९१७,१२२** | **४८,७८८,४३९** | **५५,७३९,२११** |
| ह्रासकट्टी | ११५,३६१ | ११५,३६१ | ११५,३६१ |
| IFRIC 12 Adjustment | (१९,२९६,०८४) | – | – |
| Amortization | १०,५६२,६३७ | ४३,३४३,२३४ | ४३,३४३,२३४ |
| बोनश व्यवस्था | ४३७,५६८ | ७,३१८,२६६ | ८,३६०,८८२ |
| **कार्यशील पुँजीको परिवर्तन अधिको खुद नगद प्रवाह** | (५,२६३,३९५) | ९९,५६५,३०० | १०७,५५८,६८८ |
| अन्य चालु सम्पत्तिमा (वृद्धि)/कमी | (८,०२९,८०१) | (८,८३२,७८१) | (९,७१६,०५९) |
| व्यापार तथा अन्य आयमा (वृद्धि)/कमी | (१,५३६,५१४) | (१,६९०,१६६) | (१,८५९,१८२) |
| अन्य वित्तिय सम्पत्तिमा वृद्धि/(कमी) | २,५५६,८६३ | (४,२५४,३५७) | (५,१६२,०२४) |
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | (१२,२७२,८४८) | ८४,७८७,९९६ | ९०,८२१,४२२ |
| आयकर | (१५,२४७) | (१६,७७२) | (१८,४४९) |
| **कारोबार सञ्चालनबाट खुद नगद प्रवाह** | **(१२,२८८,०९५)** | **८४,७७१,२२४** | **९०,८०२,९७३** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| स्थिर सम्पत्तिको खरिद | – | – | – |
| स्थिर सम्पत्तिको विक्र | – | – | – |
| अमूर्त सम्पत्तिको वृद्धि | (३८५,९२१,६८५) | – | – |
| Addition in Investment in Project Project WIP | – | – | – |
| ब्याज आम्दानी | – | – | – |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **(३८५,९२१,६८५)** | **–** | **–** |

| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | |
|---|---|---|---|
| शेयर पुँजी निष्काशन | २२०,०००,००० | – | – |
| शेयर आवेदन रकम | – | – | – |
| कर्जामा वृद्धि/(कमी) | २४७,२१४,६९४ | (४७,२५२,२६०) | (५०,५५८,३७७) |
| लाभांश भुक्तानी | – | – | – |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **४६७,२१४,६९४** | **(४७,२५२,२६०)** | **(५०,५५८,३७७)** |
| **खुद नगद प्रवाह** | **६९,००४,९१४** | **३७,५१८,९६५** | **४०,२४४,५९६** |
| **बर्षको सुरुवातमा नगद तथा नगदजन्य** | ७,७९१,४०२ | ७६,७९६,३१६ | ११४,३१५,२८० |
| **बर्षको अन्त्यमा नगद तथा नगदजन्य** | **७६,७९६,३१६** | **११४,३१५,२८०** | **१५४,५५९,८७६** |

**इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण**

| विवरण | शेयर पूँजी | जगेडा कोष | जम्मा |
|---|---|---|---|
| **२०८२।०३।३२ को अन्तिम मौज्दात** | **३३०,०००,०००** | **२१,४०६,६८३** | **३५१,४०६,६८३** |
| साधारण शेयर जारी | २२०,०००,००० | – | २२०,०००,००० |
| यस आ.व. को आम्दानी | – | २,९१७,१२२ | २,९१७,१२२ |
| अन्य विस्तृत आम्दानी | – | – | – |
| **२०८३।०३।३२ को अन्तिम मौज्दात** | **५५०,०००,०००** | **२४,३२३,८०५** | **५७४,३२३,८०५** |
| साधारण शेयर जारी | – | – | – |
| यस आ.व. को आम्दानी | – | ४८,७८८,४३९ | ४८,७८८,४३९ |
| अन्य विस्तृत आम्दानी | – | – | – |
| **२०८४।०३।३२ को अन्तिम मौज्दात** | **५५०,०००,०००** | **७३,११२,२४४** | **६२३,११२,२४४** |
| साधारण शेयर जारी | – | – | – |
| यस आ.व. को आम्दानी | – | ५५,७३९,२११ | ५५,७३९,२११ |
| अन्य विस्तृत आम्दानी | – | – | – |
| **२०८५।०३।३२ को अन्तिम मौज्दात** | **५५०,०००,०००** | **१,२८८,५४१,४५४** | **६७८,८५१,४५४** |
| साधारण शेयर जारी | – | – | – |
| यस आ.व. को आम्दानी | – | ६३,०१५,४३२ | ६३,०१५,४३२ |
| अन्य विस्तृत आम्दानी | – | – | – |
| **२०८६।०३।३२ को अन्तिम मौज्दात** | **५५०,०००,०००** | **१९१,८६६,८८७** | **७४१,८६६,८८७** |
| साधारण शेयर जारी | – | – | – |
| यस आ.व. को आम्दानी | – | ७०,६३४,९९२ | ७०,६३४,९९२ |
| अन्य विस्तृत आम्दानी | – | – | – |
| **२०८७।०३।३२ को अन्तिम मौज्दात** | **५५०,०००,०००** | **२६२,५०१,८७८** | **८१२,५०१,८७८** |

प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठीक छ भनी श्री एस.सुवेदी एण्ड एसोसियट्सबाट प्रमाणित गरिएको छ।

**वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु**

| **१. विद्युत खरिद बिक्री दर** | |
|---|---|
| १.१ सुख्खायाम | रु. ८.४० प्रति युनिट |
| १.२ वर्षयाम | रु. ४.८० प्रति युनिट |
| RCOD | २०८२ चैत्र ३० |
| **2. Annual Increment in Revenue** | |
| 2.1 Number of Escalations | 8 |
| 2.2 Upto 8 Years | 3 % Constant |
| 2.3 After 8 Years | 0% Constant |
| **3. Royalty to Government** | |
| 3.1 Fixed Royalty | |
| Upto 15 Years | 100 Per KW per annum |
| After 15 Years | 1,000 Per Kw per annum |
| 3.2 Variable Royalty | |
| Upto 15 Years on Revenue | 2 % Per Annum |
| After 15 Years on Revenue | 10 % Per Annum |
| **4. Depreciation and Ammortization** | SLM Method Assuming 30 years |

| | |
|---|---|
| 4.1 Project Development Cost | 3.33% project life |
| 4.2 Office Equipment | 25 % Written Down Value Method |
| 4.3 Vehicle | 20 % Written Down Value Method |
| **5. Annual Increment in Cost** | |
| 5.1 Admin Cost | 1 % per annum |
| 5.2 Project Insurance | 1 % per annum |
| 5.3 Project maintenance | 1 % per annum |
| **6. Corporate Tax Rate** | |
| 6.1 First 10 Years (1-10 years) | 0 % |
| 6.2 Upto 5 years (11-15 years) | 10 % |
| 6.3 After 15 years | 20 % |
| Carried forward loss | 12 years |

व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०८१ चैत ३१ गतेका लागि निर्धारण गरिएकोमा आयोजना स्थलमा गएको सुक्खा पहिरोका कारण RCOD मिति संशोधन गर्न नेपाल विद्युत प्राधिकरणमा निवेदन दर्ता गरिएको छ। प्रक्षेपित वित्तीय विवरण तयार गर्दा COD समयमा हुन नसकेको अवस्थालाई समेत ध्यान दिई प्रक्षेपित गरिएको छ।

| क्र.स. | विवरण | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | कुल आयमा औषत वृद्धिदर | ०.००% | ०.००% | २८१% | ३% | ३% | ३% |
| २ | कुल खर्चमा औषत वृद्धिदर (ब्याज र ह्रास बाहेक) | १०७.७७% | ३७२.८३% | १७.४३% | १.९०% | १.९१% | १.९२% |
| ३ | संचालन खर्च तथा कुल आम्दानी अनुपात | १०१.२४% | ६.०३% | १.६०% | १.५७% | १.५४% | १.५१% |
| ४ | खुद मुनाफामा औषत वृद्धिदर | -१४४८.०४% | -८७.५०% | १५७२.४९% | १४.२५% | १३.०५% | १२.०९% |
| ५ | आयकर व्यवस्था (प्रतिशतमा) | - | | | | | |
| ६ | प्रति शेयर आम्दानी | ७.०७% | ०.५३% | ८.८७% | १०.१३% | ११.४६% | १२.८४% |
| ७ | अन्य संचालन खर्चमा वृद्धिदर (ब्याज र ह्रास खर्च) | -१४.११% | ३०२६.४८% | २६.५४% | -६.४४% | -७.३६% | -८.५०% |
| ८ | Return on Equity | ६.६४% | ०.५१% | ७.८३% | ८.२१% | ८.४९% | ८.६९% |
| ९ | Return on Assets | २.४१% | ०.२०% | ३.३७% | ३.८३% | ४.२९% | ४.७६% |
| | Net Present Value | १३,२१,१९,९२३.४ | | | | | |

माथि उल्लेख गरिए बमोजिमको प्रक्षेपित वित्तीय विवरण निष्काशनकर्ता कम्पनीले तयार पारी सो वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु कम्पनीको आ.व. २०८१/८२ सम्मको वित्तीय विवरणहरु, नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरीद/बिक्री सम्झौता, आयोजनाको समाप्तिको अवधि तथा त्यस अवस्थासम्मको लागतको अनुमान, हालको विदेशी मुद्रा विनिमय दर र सो को प्रक्षेपण एवं राज्यको अनुमानित वित्तीय तथा मौद्रिक स्थिति साथै निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्यप्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी श्री एस. सुवेदी एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्टसका श्री रोशन दाहालले प्रमाणित गर्नु भएको छ।

**ग.९.ख वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(अ) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भईसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भईनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी ३ वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

| विवरण | वास्तविक (रु.) | | | अपरिष्कृत (रु.) | प्रक्षेपित (रु.) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | पौष मसान्त २०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ |
| चुक्ता पूँजी | २२५,०००,००० | २२५,०००,००० | ३३०,०००,००० | ४१२,५००,००० | ५५०,०००,००० | ५५०,०००,००० | ५५०,०००,००० |
| संचित मुनाफा तथा जगेडा कोष | (१६,५८६,३९४) | (१,९३४,७९४) | २१,४०६,६८३ | २७,४४१,१८४ | २४,३२३,८०५ | ७३,११२,२४४ | १२८,८५१,४५४ |
| **जम्मा नेटवर्थ** | **२०८,४१३,६०६** | **२२३,०६५,२०६** | **३५१,४०६,६८३** | **४३९,९४१,१८४** | **५७४,३२३,८०५** | **६२३,११२,२४४** | **६७८,८५१,४५४** |
| शेयर संख्या | २,२५०,००० | २,२५०,००० | ३,३००,००० | ४,१२५,००० | ५,५००,००० | ५,५००,००० | ५,५००,००० |
| खुद नाफा | (१,६३४,४५१) | १४,६५१,५९९ | २३,३४१,४७७ | ६,०३४,५०१ | २,९१७,१२२ | ४८,७८८,४३९ | ५५,७३९,२११ |
| प्रति शेयर नेटवर्थ | ९२.६३ | ९९.१४ | १०६.४९ | १०६.६५ | १०४.४२ | ११३.२९ | १२३.४३ |
| प्रति शेयर आम्दानी (EPS) | (०.७३) | ६.५१ | ७.०७ | १.४६ | ०.५३ | ८.८७ | १०.१३ |
| नेटवर्थमा प्रतिफल (%) | (०.७८) | ६.५७ | ६.६४ | १.३७ | ०.५१ | ७.८३ | ८.२१ |
| निष्काशन पूर्व प्रति शेयर आम्दानी कायम राख्न बृद्धी हुने नेटवर्थमा आवश्यक न्युनतम प्रतिफल | | | | | | | ७.९६ |

**(आ) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल** : ४.१४ प्रतिशत

प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठीक छ भनी श्री एस.सुवेदी एण्ड एसोसियट्सबाट प्रमाणित गरिएको छ ।

## ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण

**ग.१०.(क) धितोपत्र जारी गर्नुको उद्देश्य :**

**(अ)** कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु. ५५,००,००,०००/- (अक्षरेपी पचपन्न करोड) को १० प्रतिशत अर्थात ५,५०,००० कित्ता आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि र बाँकी रु. ८,२५,००,०००/- ( अक्षरेपी आठ करोड पचीच्स लाख रुपैया) रकम बराबरको रु. १०० अंकित दरको ८,२५,००० कित्ता साधारण शेयर मध्ये १० प्रतिशत अर्थात ८२,५०० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि, ५ प्रतिशत अर्थात ४१,२५० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २ प्रतिशत अर्थात १६,५०० कित्ता साधारण शेयर कर्मचारीहरुका लागि सुरक्षित गरि बाँकी ६,८४,७५० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा निष्काशन गरी कम्पनीको पूँजी रु. ५५,००,००,००० पुऱ्याउने,

**(आ)** निष्काशनबाट आएको रकम आयोजनाको उर्जा वृद्धिका लागि प्रयोग गर्ने,

**(इ)** आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्काशन तथा विक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिने ।

**(ई)** निष्काशनबाट प्राप्त रकम आयोजनाको आयोजनाको निर्माणमा प्रयोग गर्ने,

**(उ)** कम्पनीको वित्तीय एवम आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्ने ।

**ग.१०.(ख) धितोपत्र निष्काशन गरी प्राप्त पूँजीको उपयोग :**

**(अ) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ, तत्सम्बन्धी विवरण**

मिति २०८२/०८/०१ गतेको संचालक समितिको ६औं बैठकको निर्णय बमोजिम निष्काशनबाट प्राप्त हुने पूँजी रकमलाई निम्न बमोजिम आयोजना निर्माणकालागि उपभोग गर्ने निर्णय गरिएको छ ।

| क्र.सं. | खर्च शिर्षक | रकम रु. |
|---|---|---|
| १ | इलेक्ट्रोमेकानिकल सामाग्री खरिद | ५०,००,०००/- |
| २ | हाइड्रोमेकानिकल सामाग्री खरिद | ३,००,००,०००/- |
| ३ | कार्यालय सवारि (केन्द्रिय कार्यालय) | ६०,००,०००/- |
| ४ | नयाँ साइट कार्यालय क्याम्प | १५,००,०००/- |
| ४ | सिभिल कन्सट्रक्सन सम्बन्धी खर्च | ९,५०,००,०००/- |
| **जम्मा** | | **१३,७५,००,०००/-** |

**(आ) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :**

अन्य जलविद्युत कम्पनीले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भईसकेको छ । कथंकदाचित निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्णरुपमा खरिद नगरेमा बाँकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिने छ । कथंकदाचित निष्काशन गरिने शेयर पूर्णरुपमा विक्री नभएमा बाँकी शेयर श्री कुमारी क्यापिटल लिमिटेडले प्रत्याभूति गर्ने सम्झौता भईसकेको छ ।

**(इ) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :**

यस कम्पनीले विकास गरेको साँगु (सोरुन) खोला जलविद्युत आयोजना बाग्मती प्रदेश, दोलखा जिल्लामा रहेको छ । यो जलविद्युत आयोजनाको निर्माण कार्य अन्तिम चरणमा भईरहेको । बाँकी रहेको कार्य सम्पन्न गर्नको लागि भुक्तानी दिई सकेको बाहेक थप खर्च देहाय बमोजिम लाग्ने अनुमान रहेको छ ।

| क्र सं. | शिर्षक | २०८२ आषाढ सम्मको खर्च | खर्च हुन बाँकी रकम |
|---|---|---|---|
| १ | पूर्व संचालन खर्च | १९,५७७,१४२ | ८,११७,३९५ |
| २ | सिभिल निर्माण | ३२२,९०६,०३७ | १५८,४६१,८०९ |
| ३ | धातु कार्य | १८१,२३३,२६५ | ३७,१५८,५०० |
| ४ | प्लान्ट तथा मेशिनरी | १२३,४४५,४६६ | २२,२९३,४३६ |
| ५ | प्रसारण लाईन तथा स्विचयार्ड | ३३,०१२,७५३ | - |
| ६ | साइट अफिस बिल्डिङ्ग | ९,२८६,१३४ | - |
| ७ | कार्यालय सामाग्री तथा बन्दोबस्ती | ८९२,८१३ | १,१०७,१८७ |
| ८ | भौतिक पूर्वाधार र बन्दोबस्ती | २३,६९४,१५१ | - |
| ९ | वातावरणीय क्षति न्यूनीकरण र सामाजिक योगदान | ३,२५४,०५० | ७,१३१,४०१ |
| १० | विस्तृत इन्जिनियरिङ्ग, आयोजना व्यवस्थापन र निरिक्षण | ३०,५८३,१३५ | ५७३,२१९ |
| ११ | जग्गा खरीद | १८,०२५,६५० | ९,९५०,४२० |
| १२ | सवारी साधन | - | ६,५००,००० |
| १३ | इन्सुरेन्स र कर्जा व्यवस्थापन शुल्क | ७,२६८,७३२ | - |
| १४ | निर्माण अवधिको व्याज खर्च | ४७,७१५,८०७ | ३९,५०४,७६० |
| **जम्मा** | | **८२०,८९५,१३४** | **२७०,७२९,०८४** |

**(ई) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नु पर्ने :** साँगु (सोरुन) खोला जलविद्युत आयोजनाको अनुमानित व्यापारिक विद्युत उत्पादन मिति २०८२/०४/०४ गते रहेकोमा नेपाल विद्युत प्रधिकरणसँग आवश्यक समन्वय गरि सो मिति थप गर्ने प्रकृया रहेको छ ।

**(उ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु :**

| क्र.सं. | विवरण | सप्लायर्सको नाम | रकम |
|---|---|---|---|
| १ | इलेक्ट्रोमेकानिकल | B Fouress Pvt. Ltd | भा.रु. ८,४०,०१,५०० |
| २ | हाइड्रोमेकानिकल | Deep Seals (India) Ltd | भा.रु. ८,२७,५९,६८० |
| ३ | सिभिल कन्सट्रक्सन | मास्दिङ देवी/हिमाली देवढुङ्गा/क्रिष्टल जेभि | ने.रु. ३५,०१,७७,६९०.५४ |

आयोजनाहरुको लागि आवश्यक इलेक्ट्रोमेकानिकल उपकरण B Fouress Pvt.Ltd सँग भारतीय रुपैयाँ ८,४०,०१,५०० (अक्षरेपी भा.रु. आठ करोड चालीस लाख एक हजार पाच सय ) (कर बाहेक)/– मा खरिद गरिएको । यो सम्झौतामा जेनेरेटरको सुरक्षा, जडान भएको मुख्य ट्रान्सफर्मरको विस्तृत विवरण तथा सो को सुरक्षाको प्रत्याभूती, आयोजना Isolated mode or parallel mode दुवै तरिकाबाट सञ्चालन गर्न सक्ने, पावर हाउस र सव-स्टेशनमा कुराकानी गर्न डिभाईसहरु जडान गर्ने आदी जस्ता आयोजना स्थलमा आवश्यक मेशिनहरु जडान गर्ने तथा त्यसको सुरक्षा सम्बन्धी बुँदाहरु मुख्य रुपमा राखिएको छ ।

**(ऊ) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

**(ए) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**

- आयोजनाको प्रकृती : जलविद्युत आयोजना
- प्रयोगकर्ता : आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्रधिकरणको राष्ट्रिय प्रशारण लाइन मार्फत सर्वसाधारणहरुले प्रयोग गरिने ।
- प्रतिस्पर्धा : हाल प्रतिस्पर्धा नरहेको ।
- लक्षित समूह : नेपाल विद्युत प्रधिकरणका ग्राहकहरु ।
- उत्पादन क्षमता : यस जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ५ मेगावाट रहेको छ ।

**(ऐ) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** वाग्मती प्रदेशको दोलखा जिल्लाको साँगु (सोरुन) खोलाको पानी र सो स्रोत उपयोगका लागि विद्युत विकास विभाग, ऊर्जा मन्त्रालयबाट ३० वर्षका लागि अनुमति प्राप्त भएको छ ।

**(ओ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** वाग्मती प्रदेशको दोलखा जिल्लाको साँगु (सोरुन) खोलाको पानी ।

**(औ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने :**

**(१) निष्काशन तथा बिक्री प्रबन्धक :** यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणलाई बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा कार्य गर्न आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौंलाई सेवा शुल्क वापत रु. १,००,०००/– (अक्षरेपी रु. एक लाख रुपैंया मात्र) भुक्तानी दिइनेछ ।

**(२) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) :** सो नभएको ।

**(३) प्रत्याभूतिकर्ता :** प्रत्याभूति सेवा प्रदान गरे वापत श्री कुमारी क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौंलाई रु. १०,०००/– (अक्षरेपी दश हजार रुपैंया मात्र) भुक्तानी दिईनेछ ।

**(४) विज्ञहरु :** सो नभएको ।

**(५) लेखापरीक्षक :** कम्पनीले तयार गरेको प्रक्षेपित वित्तीय विवरणहरुको पुनरावलोकन गरी ठीक छ भनी प्रमाणित गर्ने लेखापरीक्षक श्री एस.सुवेदी एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्टसका श्री रोशन दाहालले गर्नुभएको छ र सो कार्य गरे वापत निजलाई रु. २५,०००/- (कर बाहेक) शुल्क भुक्तानी गरिएको छ ।

**(६) रेटिंग शुल्क :** १,५०,०००/- **(कर बाहेक)**

**(७) सार्वजनिक निष्काशनका लागि विद्युत नियमन आयोगलाई भुक्तानी गरिएको रकम :** ४,००,०००/-

**(८) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) :**

**आयोजना प्रभावित क्षेत्रका लागि :** निष्काशित साधारण शेयरहरुमा आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुबाट प्राप्त लगानी रकम निष्काशन बैंक (Bankers to Issue) मा खोलिएको खातामा जम्मा गरी सो को संयुक्त सुरक्षण निष्काशन बैंक तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको जिम्मामा राखिनेछ । सोको लागि जम्मा हुने रकम तथा अनुमानित रकम रहने अवधिको बारेमा निष्काशन बैंकलाई जानकारी गराई आवश्यक सहमतिपत्र लिईनेछ ।

**सर्वसाधारणका लागि :** सर्वसाधारणका लागि सि-आस्बा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनकालागि संकलन केन्द्रको रुपमा रहनेछन् । सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई निष्काशन कम्पनीबाट कुनै शुल्क भुक्तान गर्नुपर्ने छैन ।

**ग.१०.(ग) सार्वजनिक निष्काशनबाट प्राप्त हुने रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत् सम्बन्धी विवरण :** सो नभएको ।

**ग.१०.(घ) प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** सो नभएको ।

**ग.१०.(ङ) धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**

यस विवरण पत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। शेयर बाँडफाँड गर्दा निम्न प्रकृयाद्वारा गरिने छ।

क. धितोपत्र बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँड गरिनेछ।

ख. बुँदा नं. १ बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित धितोपत्र बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरूलाई पुनः दश कित्ताका दरले धितोपत्रको बाँडफाँड गर्नुपर्नेछ।

ग. बुँदा नं. २ बमोजिम धितोपत्र बाँडफाँडको प्रक्रिया सम्मन्न भएपश्चात धितोपत्र बाँकी भएमा सोही प्रक्रिया अपनाई बाँडफाँड गर्नु पर्नेछ।

घ. यस विवरण पत्र मार्फत निष्काशित धितोपत्रको बाँडफाँड गर्दा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अनुसूची-२ बमोजिमको नमूना बमोजिम गरिनेछ । उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरिने छ।

ङ. धितोपत्र बाँडफाँड गर्दा बोर्डबाट सहमति प्रदान गरिएको सफ्टवेयर प्रयोग गर्नु पर्नेछ।

च. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ।

छ. स्थानीय बासिन्दा, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कर्मचारी तथा सामूहिक लगानी कोषका लागि निष्काशन गरिएको शेयर बिक्री नभई बाँकी रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर समेत थप गरी निष्काशन गरिनेछ। साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतीकर्ता बिच भएको प्रत्याभुत सम्वन्धी सम्झौता बमोजिम प्रत्याभूतकर्ताले खरिद गर्नेछ।

ज. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**

शेयर विक्री बन्द भएको मितिले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा तोकिएको समयभित्र शेयर बाँडफाँड गरे पश्चात भौतिक आवेदन फारम मार्फत आवेदन गरेकाको हकमा बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी क्षएक मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ। आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरुको हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा हुने व्यवस्था मिलाईने छ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा सो निर्देशिकाको दफा २९ को उपदफा ३ मा भएको व्यबस्था बमोजिम शेयरबिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ। उपरोक्त व्यवस्था आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन।

**(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**

निष्काशन गरिने साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था भए अनुसार बाँडफाँट गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही (डिम्याट) खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

**(ङ) धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** निष्काशन गर्ने साधारण शेयर हाल सूचीकरण भइसकेको छैन।

**(च) धितोपत्र सूचीकरण भैइसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

निष्काशन गरिएको साधारण शेयर बाँडफाँट पश्चात धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँट गरी निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधी भित्र दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड मा दर्ता गराई शेयर खरिद/बिक्रीको व्यवस्था मिलाइने छ।

**ग.१०.(च) प्रत्याभूति सम्बन्धी विवरण :**

**(अ) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शतप्रतिशत कित्ता साधारण शेयरको लागि रु. १३,७५,००,०००/- रकम बराबरको श्री कुमारी क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौंद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ।

**(आ) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बुँदाहरु :** यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ :

१. निष्काशनकर्ता कम्पनीले सार्वजनिक शेयर निष्काशनको लागि नियुक्ती गरेको प्रत्याभूतिकर्तालाई सेवा शुल्क बापत प्रत्याभुति रकम रु.१०,०००/- (अक्षरेपी दश हजार मात्र) भुक्तानी गर्नेछ।

२. प्रथम पक्षले प्राथमिक निष्काशन मार्फत सर्वसाधारणहरुमा रु.१००/- अंकित दरमा निष्काशन गरिने १३,७५,००० कित्ता शेयरले हुने कुल रकम रु.१३,७५,००,०००/- बराबरको साधारण शेयरको प्रत्याभूति गरे बापतको कमिशन रकम निम्न बमोजिमको अनुपातमा

पहिलो पक्षले प्रत्याभूतकर्तालाई आवश्यक कर कट्टी गरी प्रत्याभूतिकर्तालाई भुक्तानी गर्न मञ्जुर गर्दछ । यस सम्झौतापत्रमा हस्ताक्षर भएको मितिले ७ दिनभित्र उक्त शुल्कको पहिलो किस्ताको रुपमा सम्पूर्ण रकम (भुक्तानी भएको कमिशन वापतको रकम फिर्ता नहुने शर्तमा) प्रत्याभूति शुल्क वापतको रकम प्रत्याभूतिकर्तालाई भुक्तानी गर्न निष्काशन कम्पनी मञ्जुर गर्दछ । सो रकममा प्रत्याभूतिकर्ताले नेपाल धितोपत्र बोर्डलाई दिनुपर्ने ३ प्रतिशत कमिशन रकम समेत संलग्न हुनेछ ।

३. प्रत्याभूति गरिएको शेयर पूर्ण वा आंशिक रुपमा बिक्री नभएमा स्थानिय तथा सर्वसाधारणहरुलाई शेयर बाँडफाँड गरेको मितिले बढिमा ३५ (पैतिस) दिन वा आपसी सहमति गरे अनुसारको अवधिभित्र बिक्री हुन बाँकी शेयर समानुपातिक हिसावले (नेपाल धितोपत्र बोर्डले प्राथमिक निष्काशनको लागि स्वीकृत गरेको अंकित मुल्यका दरले) प्रत्याभुतिकर्ताले खरिद गर्नेछ । साथै प्रथम पक्षले शेयर वापतको रकम प्राप्त गरे पश्चात् उक्त शेयरको स्वामित्व यथाशिघ्र प्रत्याभूतिकर्तालाई हस्तान्तरण गर्नु पर्नेछ ।

४. सर्वसाधारणमा शेयर विक्रि गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतीकर्ताको दायित्व स्वतः पूरा हुनेछ ।

५. यस सम्झौतापत्र सम्झौता भएको मिति २०८२/०९/०२ ले ६ महिनासम्म लागु हुनेछ ।

**ग.१०.(छ) आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(अ) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धित व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । साथै लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण कम्पनीले नियमित रुपमा आर्जन गर्ने मुनाफा तथा कम्पनीको पूँजी योजना अनुसार प्रचलित कानून बमोजिम गरिनेछ ।

**(आ) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.३, रानीबारी, काठमाण्डौ वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु. १००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरु मार्फत दरखास्त दिनु पर्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

**(इ) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :**

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा :**

आयोजना प्रभावित क्षेत्र दोलखा जिल्लाको विगु गाउँपालिका वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका वडा नं. १ र २ मा स्थायी बसोबास गर्ने स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा खरीद गर्न आवेदन दिन सक्नेछन् ।

क) आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित/पुष्टी हुने कागजात/प्रमाणपत्र सहित दरखास्त फाराम बुझाउनु पर्नेछ ।

ख) १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमा सो क्षेत्रमा स्थायी रुपमा बसोबास गरेको व्यहोरा सम्बन्धित गाउँपालिका/नगरपालिकाले सिफारिश गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ ।

ग) १६ वर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै, दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ ।

घ) नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्वीकृत भएको मिति २०८२/१०/१९ वा सो पूर्व अन्य जिल्ला वा नगर/गाउँपालिकाबाट विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ ।

ङ) अन्य जिल्ला वा नगर/गाउँपालिकाबाट आयोजना प्रभावित क्षेत्रमा बसाई/सराई गरी आएका बासिन्दाले यस विवरणपत्र स्विकृत भएको मिति २०८२/१०/१९ सम्ममा बसाई सराई गरी आएको व्यहोरा तथा मिति उल्लेख गरिएको स्थानीय निकायबाट जारी बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

च) आयोजना प्रभावित क्षेत्रको स्थानीय बासिन्दा हो वा होईन भन्ने सम्बन्धमा वा शेयर खरीद प्रक्रियामा कुनै विवाद आएमा सम्बन्धित गाउँपालिका/नगरपालिका वा जिल्ला समन्वय समितिबाट स्थानीय हो भन्ने व्यहोराको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

छ) १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजना प्रभावित क्षेत्र छोडी अन्य क्षेत्र वा जिल्ला गएका महिला एवं जिल्ला छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

ज) आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

झ) धितोपत्र खरीद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरीदको लागि दरखास्त बुझाउनु पर्नेछ ।

ञ) आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ ।

ट) साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरीदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फाराम बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ ।

ठ) आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुकालागि निष्काशन गरिने शेयरमा बाँडफाँडमा परेका स्थानीयहरुले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुन: आवेदन दिन पाउने छैनन् ।

ड) सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Nepal Clearing House Limited को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।

ढ) रु. ५०,०००/- भन्दा बढी रकमको लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नुपर्नेछ ।

ण) आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुले नेपाल धितोपत्र बोर्डबाट सि-आस्वा (C-ASBA) सदस्य प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट समेत आवेदन फाराम बुझाउन सकिनेछ । तर त्यसरी सि-आस्वा मार्फत आवेदन दिने आवेदकको हितग्राही खातामा उल्लेख भएको विवरणमा नागरिकता जारी जिल्ला खोटाङ्ग र आयोजना प्रभावित क्षेत्र भित्र पर्ने स्थायी ठेगाना अनिवार्य उल्लेख भएको हुनुपर्नेछ । सो बाहेक अन्यत्र जिल्लाबाट जारी भएको नागरिकता वा हितग्राही खाताको विवरणमा आयोजना प्रभावित क्षेत्र नखुलेको अवस्थामा त्यस्तो आवेदनलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यस्ता आवेदकले तोकिएको संकलन केन्द्र मार्फत नै आफु स्थानीय भएको पुष्टी हुने आवश्यक कागजात पेश गरी भौतिक आवेदन पेश गर्नुपर्नेछ ।

त) हितग्राही खाता भएका स्थानीयले संकलन केन्द्र मार्फत भौतिक रुपमा आवेदन गर्दा आफ्नो हितग्राही खाता नं. समेत आवेदन फाराममा उल्लेख गर्न सक्नेछन् । त्यस्ता आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजको आवेदन फाराममा उल्लेख भएको हितग्राही खातामा जम्मा गरिनेछ ।

थ) एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

द) रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नं. (PAN) को प्रतिलिपि समेत आवेदन फारामसाथ पेश गर्नुपर्नेछ । रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उदघोषण गर्नुपर्नेछ ।

**<u>वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा</u> :**

क) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

ख) यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

ग) शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

घ) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईट पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

ङ) निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

च) आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वत: अयोग्य ठहरिने छ ।

छ) आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

ज) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN No. लिईसकेको हुनु पर्नेछ ।

झ) रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

ञ) आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ ।

१. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

२. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

३. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

४. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

५. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

६. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर

ट) आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

ठ) आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

ड) एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

ढ) धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुंदा प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

ण) धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

त) शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

थ) रु.५ लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५ लाख वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

द) वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १० अंकले भाग जाने गरी ४,००० कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

**सर्वसाधारण शेयरधनीको हकमा :**

क. कुनै पनि नेपाली नागरिकले यस विवरण पत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख. आवेदकले सि–आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।

ग. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि–आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनु पर्नेछ ।

घ. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।

ङ. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।

च. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि–आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ ।

छ. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरी बुझाउनु पर्नेछः

  क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
  ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ।
  ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
  घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
  ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
  च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
  छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

ज. आवेदकले आवेदन दिंदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनुहुँदैन ।

झ. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

ञ. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

ट. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।

ठ. धितोपत्र बाँडफाट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

ड. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

ढ. शेयर बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर नीजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

ण. रु.५ लाखसम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) दरखास्त फारममा खुलाउनुपर्नेछ ।

## ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**(क)** **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :** संस्थाका अध्यक्ष श्री इन्दिरा पन्तलाई रु. १२,००,०००/-प्रदान गरिएको ।

**(ख)** **आधारभूत शेयरधनी :** कारोबार नभएको ।

**(ग)** **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य :** कारोबार नभएको ।

**(घ)** **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

**(ङ)** **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :** कारोबार नभएको ।

**(च)** **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण वापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** सो नभएको ।

## ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण

यस कम्पनीमा विदेशी लगानी र व्यवस्थापन नरहेको ।

## ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण

**(क)** **संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :** सो नभएको ।

**(ख)** **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

## ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

## ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण

(क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना

- **लेखापरीक्षक :** यस कम्पनीको आ.व. २०८१/८२ को लेखापरीक्षण श्री ऐ.भण्डारी एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्टसका श्री अमिन भण्डारीले गर्नु भएको छ । उक्त कार्यका लागि लेखापरिक्षण शुल्क वापत रु. १,००,०००/- (कर बाहेक) भुक्तानी गरिएको छ ।
- **निष्काशन बैंक (Banker to the Issue) :**
  निष्काशित साधारण शेयरहरुमा आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुबाट प्राप्त लगानी रकम निष्काशन बैंक (Bankers to the Issue) मा खोलिएको खातामा जम्मा गरी सो को संयुक्त सुरक्षण निष्काशन बैंक तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको जिम्मामा राखिनेछ । सो का लागि जम्मा हुने रकम तथा अनुमानित रकम रहने अवधिको बारेमा निष्काशन बैंकलाई जानकारी गराई आवश्यक सहमतिपत्र लिईनेछ । शेयर निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ ।

| बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|
| श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, टेकु, काठमाडौं | RBBMBL-KALINCHOWK | १७००१००००२५६२००१ |

  साथै, आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी गराई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रियस्तरको विकास बैंकहरुलाई समेत निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।
- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :** श्री एस.सुवेदी एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्टसका श्री रोशन दाहाललाई विज्ञको रुपमा नियुक्ति गरिएको ।
- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठिक छ भनी प्रमाणित गर्ने विज्ञ :** यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा श्री एस.सुवेदी एण्ड एसोसयिट्स, चार्टर्ड एकाउन्टेण्टस रहेको छ ।

(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु : सो नभएको ।

## ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण

यस कम्पनीका लागि संस्थापक शयरधनीहरुको स्वः लगानी तथा कर्जाको रुपमा श्री राष्ट्रिय वाणिज्य बैंक लि.बाट मिति २०७८/०३/१६ गते वित्तीय व्यवस्थापन सम्बन्धी सम्झौता गरिएको छ । साथै, उक्त सम्झौता मिति पश्चात् कुनै संशोधन गरिएको छैन । कर्जाको विवरण तपशिल बमोजिम रहेको छ :

| वर्ष | जम्मा ऋण भुक्तानी | जम्मा ब्याज भुक्तानी | जम्मा किस्ता रकम | बाँकी ऋण |
|---|---|---|---|---|
| २०७९/८० | - | - | - | ६,३८,३८,४४० |
| २०८०/८१ | - | - | - | १९,०८,९०,२०८ |
| २०८१/८२ | - | - | - | ५३,९६,२४,०२३ |
| २०८२/८३ | ८४,२३,२७२ | ६,६६,६४,६८६ | ७,५०,८७,९५८ | ८९,१६,२४,०२३ |
| २०८३/८४ | १,२२,४७,०१७ | ८,७८,७०,२६१ | १०,०१,१७,२७८ | ८८,३२,००,७५१ |
| २०८४/८५ | १,३५,१८,४१६ | ८,६५,९८,८६२ | १०,०१,१७,२७८ | ८७,०९,५३,७३४ |
| २०८५/८६ | १,४९,२१,८०१ | ८,५१,९५,४७७ | १०,०१,१७,२७८ | ८५,७४,३५,३१८ |
| २०८६/८७ | १,६४,७०,८७७ | ८,३६,४६,४०१ | १०,०१,१७,२७८ | ८४,२५,१३,५१७ |
| **जम्मा** | **६,५५,८१,३८३** | **४०,९९,७५,६८७** | **४७५५५७०७०** | |

**<u>बैंकसँग भएको सम्झौताको मुख्य मुख्य विषयहरु</u>**

१. कर्जाको वार्षिक ब्याजदर आधार दर + २.५ प्रतिशत कायम गरिएको र त्रैमासिक रुपमा भुक्तानी गर्नुपर्ने, (हाल वार्षिक ब्याजदर आधार दर + २ प्रतिशत कायम रहेको ) ।
२. ब्याज रकम गणना गर्दा दैनीक रुपमा वक्यौता रकमका आधारमा गरिने,
३. कर्जाको अधिकतम सिमा रु. ७० करोड रहेको,
४. कर्जाको अवधि १४ वर्षसम्म रहने (ग्रेस अवधि २ वर्ष समेत),
५. परियोजना निर्माण अवधिको ब्याज त्रैमासिक रुपमा पूँजीकरण गरिने,
६. प्रतितपत्र खोल्दा ५ प्रतिशत नगद मार्जिन राख्नुपर्ने र प्रति त्रयमास ०.१० प्रतिशत कमिशन शुल्क भुक्तान गर्नुपर्ने,
७. परियोजना निर्माण अवधि २ वर्षको रहने,
८. Revolving प्रकृतिको Bridge Gap Loan कर्जा सिमा रु. ३ करोड हुने,
९. Bridge Gap Loan कर्जाको ब्याजदर आधार दर +२.५ प्रतिशत कायम गरिएको, (हाल वार्षिक ब्याजदर आधार दर +२ प्रतिशत कायम रहेको ) ।
१०. परियाजनाको नाममा रहेका विद्यमान चल, अचल सम्पत्ति तथा परियोजनाले भविष्यमा खरिद गर्ने सम्पत्तिहरु बैंकको नाममा दृष्टिबन्धक रहने ।

## ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः** सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण** : सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

## ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

यस थप सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताको गुनासो सुन्ने र समाधानको लागि प्रमुख-मर्चेन्ट बैंकिङ्ग श्री अर्जुन भट्टराई (सम्पर्क नः ०१-५३४३२६५ - एक्सटेन्सन २३१) लाई तोकिएको छ ।

## ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्र संख्या र दर सम्बन्धी विवरण

सो नभएको ।

## ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण

हालसम्म कम्पनीले कुनै ऋणपत्र जारी गरेको छैन ।

## ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था

हालसम्म कम्पनीले अग्राधिकार शेयर जारी गरेको छैन ।

## ग.२२. अन्य सामान्य जानकारी

**(क) विशेषज्ञको कुनै राय भएमा सो को विवरण :** वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि एस.सुवेदि एण्ड एशोसियट्सले राय दिएको छ। साथै, आ.व २०८१/८२ को लेखापरिक्षण सि.ए अमिन भण्डारीले गरी लेखापरीक्षण प्रतिवेदनमा ठिक छ भनी आफ्नो राय व्यक्त गर्नु भएको छ। विशेषज्ञको राय यसै विवरणपत्र साथ संलग्न गरिएको छ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारणः**

| क्र.सं | संचालकको नाम | बहाल रहेको अन्तिम मिति |
|---|---|---|
| १ | श्री सुवोध रायमाझी | २०८०/०९/०१ (व्यक्तिगत कार्य व्यस्तताका कारणले) |
| २ | श्री अजिना ताम्राकार | २०८१/१०/०३ (व्यक्तिगत कार्य व्यस्तताका कारणले) |
| ३ | श्री नवराज बुर्लाकोटी (स्वतन्त्र संचालक) | २०८१/१०/०३(व्यक्तिगत कार्य व्यस्तताका कारणले) |

| आ.व | लेखापरीक्षक | नियुक्ति मिति | कैफियत |
|---|---|---|---|
| २०७८/७९ | ए नेपाल एण्ड एसोसियट्स चार्टड एकउन्टेन्ट | २०७८/०८/२५ | कम्पनी ऐनको दफा १११(३) बमोजिम अवधि समाप्त भएको। |
| २०८१/८२ | A. Bhandari Associates, Chartered Accountants | २०८२/०३/०८ | |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
नाम : शर्मीला गैरे तीवारी
ठेगाना : अनामनगर, काठमाण्डौं।
शैक्षिक योग्यता : स्नातकोत्तर तथा एल.एल.वी.

**(घ) सार्वजनिक निष्काशन गर्नको लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
कम्पनीले आफ्नो जारी पूँजी रु. ५५,००,००,०००/- (अक्षरेपी पचपन्न करोड रुपैयाँ) को १० प्रतिशत अर्थात रु. ५,५०,००,०००/- ( अक्षरेपी पाँच करोड पचास लाख रुपैयाँ) रकम बराबरको रु. १००/- अंकित दरको ५,५०,००० कित्ता शेयर प्रचलित कानून बमोजिम तयार गरिएको यस कम्पनीको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा र आयोजनाबाट उत्पादित विद्युत बिगु गाउँपालिका वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका १ र २ का आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि र बाँकी रु. ८,२५,००,०००/- (अक्षरेपी आठ करोड पचीच्स लाख रुपैया) रकम बराबरको रु. १०० अंकित दरको ८,२५,००० कित्ता साधारण शेयर मध्ये १० प्रतिशत अर्थात ८२,५०० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि, ५ प्रतिशत अर्थात ४१,२५० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २ प्रतिशत अर्थात १६,५०० कित्ता साधारण शेयर कर्मचारीहरुका लागि सुरक्षित गरि बाँकी ६,८४,७५० कित्ता साधारण शेयर सर्वसाधारणहरुका लागि निष्काशन गर्न कम्पनीको मिति २०८२/०६/३१ मा सम्पन्न साधारण सभाबाट निर्णय गरेको छ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** आयकर ऐन, २०५८ को दफा ११ (३) को व्यवस्था अनुसार यस कम्पनीले विद्युत उत्पादन शुरु गरेका मितिले पहिलो दश वर्षसम्म पुरै आयकर छुट पाउनेछ। साथै, विद्युत ऐन, २०४९ को दफा १२ (७) तथा आर्थिक ऐन, २०७२ को दफा (२) को उपदफा (१) अन्तर्गत आयोजना निर्माणको लागि आवश्यक स्टील पाइप, उपकरण आदिको आयातमा भन्सार महशुल १ प्रतिशत लाग्ने एवं मूल्य अभिवृद्धि कर पुरै छुट हुने सुविधा दिइएको छ। कम्पनीले आन्तरिक राजश्व विभागको मिति २०८१/१०/३० गते आ.व.२०८०/८१ सम्मको कर चुक्ता गरेको पत्र प्राप्त गरेको छ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :** कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं महानगरपालिका-०३, रानीबारी, काठमाडौं तथा Website: www.khpl.com.np बाट समेत डाउनलोड गरी हेर्न सकिनेछ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :** भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सकिनेछ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :** यस विवरणपत्र मार्फत निष्काशन गरिने रु. १३,७५,००,०००/- (अक्षरेपी तेह्र करोड पचहत्तर लाख) रकम बराबरको रु. १००/- अंकित दरको १३,७५,००० कित्ता शेयर मध्ये आयोजना प्रभावित क्षेत्रका वासिन्दाका लागि ५,५०,००० कित्ता निष्काशन गरिनेछ र बाँकी रु. ८,२५,००,०००/- (अक्षरेपी आठ करोड पचीच्स लाख रुपैंया) रकम बराबरको रु. १०० अंकित दरको ८,२५,००० कित्ता साधारण शेयर मध्ये १० प्रतिशत अर्थात ८२,५०० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि, ५ प्रतिशत अर्थात ४१,२५० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २ प्रतिशत अर्थात १६,५०० कित्ता साधारण शेयर कर्मचारीहरुका लागि सुरक्षित गरि बाँकी ६,८४,७५० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा निष्काशन गरिनेछ। यस विवरणपत्र मार्फत स्थानिय बासिन्दाहरुलाई तथा नेपाल सरकारको सम्वधित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई निष्काशन गरिने साधारण शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई थप गरी बिक्री गरिने छ।

**(झ) संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :** कम्पनीले कम्पनी ऐन, २०६३ (संशोधन सहित) ले गरेको व्यवस्थाहरु, आफुले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको छ र सोही निर्देशनहरुको दायरभित्र रहि कार्य गरिरहेको तथा यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ। साथै कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०८१/८२ सम्मको पेश गर्नुपर्ने विवरणहरु पेश गरेकाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/०८/०१ गते कम्पनी अद्यावधिक सम्बन्धी पत्र प्राप्त गरेको छ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :** यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरण गर्न आयोजना प्रभावित क्षेत्र तथा सर्वसाधारण दुवैको लागि नेपाल धितोपत्र बोर्डको आस्वा प्रणालीमा आवद्ध बैंक तथा वित्तीय संस्था मार्फत सि-आस्वा (C-ASBA) प्रणालीबाट आवेदन दिन सकिने व्यवस्था भएको हुँदा आफ्नो खाता रहेको बैंक तथा वित्तिय संस्था मार्फत वा हाल सिडिएससी (CDSC) ले प्रयोगमा ल्याएको मेरो शेयर (MERO SHARE) मार्फत शेयर खरिदका लागि आवेदन गर्न सकिनेछ। सोदेखि बाहेक आयोजना प्रभावित क्षेत्र ( उद्योग प्रभावित क्षेत्र) का बासिन्दाहरुको हकमा आयोजना प्रभावित क्षेत्रमा कम्तीमा ४ स्थान तथा वढीमा आवश्यकता अनुसार संकलन केन्द्रको व्यवस्था गरी आवदेन फारम तथा विवरणपत्र वितरण र आवेदन फारम सहित दरखास्त रकम बुझिलिने व्यवस्था गरिनेछ।

सर्वसाधारणको हकमा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुका तथा तिनका तोकिएको शाखा कार्यालयहरुबाट आबेदन दिनसक्ने व्यवस्था गरिएको छ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :** यस कम्पनीलाई CARE-NP BB रेटिङ्ग प्रदान गरको छ । "[CARE-NP BB (pronoucned CARE NP issuer rating double B)" ले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमता औसत जोखिम "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" जनाउँदछ । CARE-NP ले CARE-NP AAA देखि CARE-NP D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA ले सकारात्मक आधार जनाउँछ भने CARE-NP D ले नकारात्मक आधारहरू जनाउँछ । रेटिङ्ग प्रदान गरेको मिति : सन् २०२५ जुन १७, (२०८२ आषाढ ०३) रेटिङ्ग बहाल रहने अवधि : सन् २०२६ जुलाई ०६ (२०८३ आषाढ २२) सम्म ।

**(ठ) विवरणपत्र तयार गर्नेको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ रहेको छ ।

**(ड) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सचालक समितिले नियुक्त गरेको शेयर रजिष्ट्रारका कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ढ) सकारात्मक पक्षहरु :**

१) आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष पूर्ण रुपमा आयकर छुट तथा सो पश्चात ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको । जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बीमा गरिएको ।

२) कम्पनीसँग दक्ष तथा अनुभवी युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा विद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

३) कच्चा पदार्थको अभाव नरहेको ।

**(ण) साधारण शेयरको बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुकोलागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्य दिन र बढीमा १५ मात्र हुनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँड पश्चात सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ । सर्वसाधारणहरुको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन हुनेछ ।

**(त) धितोपत्र दर्ता निष्काशन नियमावली, २०७३ को नियम ९(३) मा भएको व्यवस्थाहरुका विवरण :**

**१) आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडी बढाई एक वर्षको अवधि पूरा गरेको** : कालिन्चोक हाईड्रोपावर कम्पनी प्रा.लि. मिति २०७२/१२/२६ गते स्थापना गरी तत् पश्चात मिति २०७९/०३/०१ बाट हाईड्रोपावर कम्पनी लि.को रुपमा स्थापना भई कार्य गर्दै आएको छ ।

**२) प्रचलित कानून बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको :** यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र मिति २०८२/०६/३१ मा चौथो वार्षिक साधारण सभा सम्पन्न गरेको छ । उक्त सभाले लेखापरिक्षक श्री ए.भण्डारी एण्ड एशोसियट्सलाई नियुक्त गरेको छ ।

**३. आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृत लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृती लिइसकेको :** कारोबार संचालन गर्न कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/०३/२१ गते तथा उर्जा मन्त्रालय विद्युत विकास विभागबाट मिति २०७६/१०/०१ मा स्वीकृति लिइसकेको छ ।

**४. संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माणकार्य शुरु गरिसकेको :** आयोजनाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु निर्काणाधिन अवस्थामा रहेको ।

**५. उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइसकेको:** यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गरी निर्माण कार्य भैरहेको छ ।

**६. धितोपत्रको सावजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भईसकेको :** कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए बमोजिम सर्वसाधारणमा साधारण शेयर निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धक श्री आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडसँग सम्झौता भईसकेको ।

**७. आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :** यस कम्पनीको आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत छौं ।

**८.** संस्थापकहरुले आफुले लिन कवलु गरेको रकम रु. ४१,२५,००,०००/- (अक्षरेपी एकचालीस करोड पच्चिस लाख रुपैंयाँ) शत प्रतिशत चुक्ता भैसकेको र सो को अभिलेख कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत भैसकेको ।

**९. आयोजना निर्माणका लागि फाइनान्सिएल क्लोजर (Financial Closure) भैसकेको :** यस कम्पनीको आयोजनामा निर्माण भैरहेको साँगु ( सोरुन) खोला जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको संलग्नतामा फाइनान्सियल क्लोजर मिति २०७८/०३/१६ गते भैसकेको ।

**१०. जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको :** यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग २०७५/०८/०९ मा विद्युत खरिद बिक्री सम्झौता गरिएको । व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०८२/०४/०४ गतेका लागि निर्धारण गरिएकोमा आयोजना स्थलमा गएको सुक्खा पहिरोका कारण RCOD मिति संशोधन गर्न नेपाल विद्युत प्राधिकरणमा मिति २०८२/०५/२० गते निवेदन दर्ता गरिएको छ ।

**११. सर्वसाधारणलाई निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम प्रत्याभूत गराएको :** सर्वसाधारणलाई निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम श्री कुमारी क्यापिटल लिमिटेडद्वारा प्रत्याभूति गर्ने प्रतिवद्धता प्राप्त भएको छ ।

**१२. यन्त्रिक उपकरण तथा पार्टपूर्जा जडान कार्य सम्बन्धी विवरण :**

Units Engineering Consultancy Pvt. Ltd. बाट प्राप्त प्रतिवेदन बमोजिम यन्त्रिक उपकरण तथा पाटपूर्जा जडान सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ :

| विवरण | जम्मा प्रगति प्रतिशत |
|---|---|
| **इलेक्ट्रोमेकानिकल** | |
| Design and Manufacturing | १०० |
| Transportation | १०० |
| Erection | ९७ |
| **हाइड्रोमेकानिकल** | |
| Transportation of Pipes at Site | १०० |
| HW gates/stoplogs | ९५ |
| Steel Penstock Pipe and Pipe Accessories | ६५ |

**१३. पावर हाउस, आवास घर, कार्यालय भवन सम्बन्धी विवरण :**

Units Engineering Consultancy Pvt. Ltd. बाट प्राप्त प्रतिवेदन बमोजिम भौतिक पूर्वाधार निर्माण सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ :

| विवरण | जम्मा प्रगति प्रतिशत |
|---|---|
| **सिभिल कन्सट्रक्सन** | |
| Diversion Weir, Intake and Under sluice | १०० |
| Gravel Trap Gate Portion | १०० |
| Settling Basin | १०० |
| Anchor Blocks | ५० |
| Head Race Alingment | १०० |
| Saddle Supports Penstock Line | ८० |
| Surge Tank | १०० |
| Powerhouse Concrete | १०० |
| Tailrace Concrete | १०० |
| Switchyard | १०० |
| Access road | १०० |

## ग.२३. सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत

| क्र.सं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री इन्दिरा पन्त | अध्यक्ष | |
| २ | श्री रामचन्द्र उप्रेती | संचालक | |
| ३ | श्री भवानी पोखरेल | संचालक | |
| ४ | श्री टंकलाल श्रेष्ठ | संचालक | |
| ५ | श्री हरी प्रसाद तिवारी | स्वतन्त्र संचालक | |

आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड
RBB MERCHANT BANKING LTD.
टेकु, काठमाण्डौ नेपाल।

पत्र संख्या: २०८२/८३
च.नं.: 1022

मिति: २०८२/१०/०६

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर।

विषय: ड्यू डेलिजेन्स सर्टिफिकेट बारे।

महोदय,

काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. ३, गनीबारीमा रजिष्टर्ड कार्यालय रहेको कालिन्चोक हाइड्रोपावर लिमिटेडले सार्वजनिक निष्काशन गर्न लागेको रु. १०० अंकित दरका १३,७५,००० थान साधारण शेयरहरु निष्काशन तथा बिक्री प्रवन्धकको रुपमा सेवा दिन हामी मन्जुर गर्दछौं। साधारण शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै, कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।

३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशन गर्न लागेको धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचीकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य रहेको देखिन्छ।

४. कम्पनीले निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाईने छ।

५. हामीले बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा उल्लेख गरिएका सम्बन्धित प्रावधानहरुको अध्ययन गरेका छौं। उक्त व्यवस्थाहरु अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको तर्फबाट

आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड
नाम : बद्री प्रसाद प्याकुरेल
पद: प्रमुख कार्यकारी अधिकृत

सही

कार्यालयको छाप

फोन : +९७७-१-५३४३२६५, ५३४०५३२/३३, पो.ब.नं.: ६६३, फ्याक्स : ५३४५०१८, ई-मेल : rbbmbl@rbbmbl.com.np, वेबसाईट : www.rbbmbl.com.np

ssbdi
s.subedi associates

# S. Subedi and Associates

Jwagal, Lalitpur
Kathmandu, Nepal

PAN No.617389301
ICAN Firm Regd. No.659
Landline: 01-5420670
Email:
admin@ssbdi.com.np
Website: ssbdi.com.np

**Report on Examination of Prospective Financial Information**
**of**
**Kalinchock Hydropower Limited**

We have reviewed the projected financial statements of **Kalinchock Hydropower Limited** for the FY 2082/83 to FY 2086/87 as per **audited financial statement as on 32nd Ashad 2082** and information available to us as on **Magh 09, 2082** in accordance with the Nepal Standard on AssuranceEngagement 3400, "The Examination of Prospective Financial Information", issued by the Institute of Chartered Accountants of Nepal.

The preparation and presentation of the projection including the underlying assumptions to the prospective financial information is the responsibility of the management. Our responsibility is to examine the evidence supporting the assumptions and other information in the prospective financial information. Our responsibility does not include verification of projections. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared as one of the pre-requisites of Security Board of Nepal (SEBON) for approval to issue IPO (initial Public Offering) shares of Kalinchock Hydropower Limited. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purposes other than that described above.

We have carried out an examination of the prospective financial information on a test basis. Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projections

Further in our opinion the projection is properly prepared on the basis of the assumptions to the Prospective Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles. Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

S.SUBEDI & ASSOCIATES * CHARTERED ACCOUNTANTS * ssbdi

CA Roshan Dahal
Partner
S. Subedi & Associates
Chartered Accountants

Date: 2082.10 11

Place: Kathmandu, Nepal

UDIN: 260125CA00628KS4Hj

A. BHANDARI ASSOCIATES
CHARTERED ACCOUNTANTS

+977-9851210801
abhandariassociates@gmail.com
Anamnagar, Kathmandu

## INDEPENDENT AUDITOR'S REPORT

## TO

## THE SHAREHOLDERS OF

## KALINCHOCK HYDROPOWER LIMITED

### Report on the Audit of the Financial Statements

#### Opinion

We have audited the financial statements of Kalinchock Hydropower Limited, which comprise the statement of financial position as at Ashad 32, 2082 (16 July 2025), the statement of profit or loss, the statement of comprehensive income, statement of changes in equity and statement of cash flows for the year then ended, and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly, give a true and fair view of the financial position of the Company as at Ashad 32, 2082 (16 July 2025), and its financial performance, the statement of other comprehensive income, the statement of changes in equity and the statement of cash flow for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRS).

#### Basis for Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants together with the ethical requirements that are relevant to our audit of the financial statements in jurisdiction, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN's Handbook of The Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

#### Key Audit Matters

We do not provide a separate opinion on these matters.

#### Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NFRS, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

A. Bhandari Associates Chartered Accountants

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

**Auditor's responsibility for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.

- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Company's internal control.

- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.

- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease to continue as a going concern.

- Evaluate the overall presentation, structure, and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the Company to express an opinion on the financial statements. We are responsible for the direction, supervision and performance of the company audit. We remain solely responsible for our audit opinion.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

**Report on Other Legal and Regulatory Requirements**

We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose of our audit. In our opinion, statement of financial position as at 32 Ashad 2082 (16 July 2025), the statement of profit or loss and other comprehensive income, statement of changes in equity and statement of cash flows for the year then ended have been prepared in accordance with the requirements of the Companies Act, 2063, are in agreement with the books of account of the company, and proper books of account as required by law have been kept by the Company.

To the best of our information and accordingly to explanations given to us and so far appeared from our examination of the books of account of the Company necessary for the purpose of our audit, we have not come across cases where Board of Directors or any employees of the Company have acted contrary to the provisions of law relating to the accounts, or committed ant misappropriation or caused loss or damage to the Company relating to the accounts in the Company.

For and on behalf of
A. Bhandari Associates
Chartered Accountants

Amin Bhandari, FCA
Proprietor

Place: Kathmandu
Date: 30 Bhadra 2025

UDIN No: 250925CA015175pCrd